तीन

# प्रतिरोध

एफएम रेडियो स्टेसनबाट कस्तो सूचना प्रसारण गर्ने भन्ने कुरा देशका ऐन, कानुन, मान्यता र नीति निर्देशनहरूमा भर पर्ने विषय हो । शाही घोषणापछि पत्रपत्रिकाहरू प्रकाशित भइराखेका थिए र टेलिभिजनमा पनि समाचार प्रसारित भइरहेका थिए । तर सस्तो, सर्वसुलभ र सामान्य मानिसको पहुँच भएको छिटो छरितो  माध्यम रेडियोलाई भने सरकारले सूचना नै प्रसारण गर्न दिएको थिएन । प्रसारण क्षेत्रलाई सम्बोधन गर्ने ऐन नियम[१] उही भए पनि रेडियो र टेलिभिजनको हकमा तिनको भेदभावपूर्ण प्रयोग गरिएको थियो ।

'सचेत नेपालीहरूको नेपाल' देख्न चाहने कुनै पनि व्यक्तिले शाही रवैयाको समर्थन गर्न सक्ने कुरै थिएन । त्यसैले, एफएम रेडियोबाट जतिसक्तो चाँडो समाचार र सूचना प्रारम्भ गराउन सबै मिलेर काम गर्नुपर्ने आवश्यकता थियो । तर, त्यसका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने संस्थाको अभाव देखियो । नेपाल पत्रकार महासंघको नेतृत्वमाथि सरकारले हमला गर्न थालिसकेको थियो र मूलतः आम पत्रकारको हितमा लड्नुपर्ने भएकोले महासंघ रेडियोको समस्यामा मात्रै केन्द्रित हुन सक्ने अवस्थामा थिएन । सरकारी प्रचारका कारण रेडियो प्रसारकहरूका साथै अरू कतिपय सरोकारवालाहरूमा पनि रेडियोबाट समाचार प्रसारण गर्नुहुन्छ वा हुँदैन भन्ने द्विविधा फैलन पुगेको थियो ।

---

[१] राष्ट्रिय प्रसारण ऐन २०४९ र राष्ट्रिय प्रसारण नियमावली २०५२ ।

यसैबीच शाही घोषणालाई प्रजातन्त्र र नागरिक अधिकारविरुद्धको 'कू' ठहर गर्दै नेपाली पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघले 'सम्पूर्ण प्रेस जगत्लाई अधिकारप्राप्तिका लागि संघर्षरत हुन आह्वान' गऱ्यो । २०६१ माघ २० गते महासंघले 'इतिहासकै सबैभन्दा कठिन यो परिस्थितिको सामना गर्दै भविष्यप्रतिको जिम्मेवारी र कर्तव्यप्रति निष्ठापूर्ण समर्पणका साथ जनअधिकारको पक्षमा लड्ने घोषणा' गरेको थियो । यो नै स्वतन्त्रता समाप्तिपछिको प्रतिरोधको थालनी थियो ।

माघ २६ गते ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालले शाही कदमप्रति असहमति जनायो । समाचारलगायतका कार्यक्रम बन्द गरेर रेडियोलाई सैनिक घेराबन्दीमा राखिएकोमा विरोध गर्दै एसोसिएसनले स्टेसनहरूबाट तत्काल सेना फिर्ता गर्न र रेडियोहरू पूर्ववत् सञ्चालन गर्न दिन माग गऱ्यो । यो खासगरी काठमाडौँबाहिरका एफएमहरूको आवाज थियो ।[२]

यसपछि समस्यालाई विशिष्टीकृत किसिमले सम्बोधन गर्ने सोचको विकास भयो । यसक्रममा महासंघले फागुन १ गते माग गऱ्यो– "...देशभरिका एफएम प्रसारण माध्यमहरूमा समाचार र सूचनामूलक कार्यक्रमहरूमाथिको प्रतिबन्ध तत्काल फुकुवा गरी निर्बाध सञ्चालनको व्यवस्था गरियोस् ।"[३]

यसै सिलसिलामा रेडियोको हक अधिकारको लागि खुलेका संगठनका प्रतिनिधिहरू र केही रेडियोप्रेमीहरू भने सरकारलाई प्रभावित पारेर, कुरा बुझाएर वा आग्रह गरेर गुमेको अधिकार फिर्ता लिने प्रयासमा जुटेका थिए । यसका लागि नेपाल वातावरण पत्रकार समूहको कार्यालयमा धेरै चरणमा बैठक गरिएका थिए । बैठकमा उक्त उद्देश्यका निम्ति सबै मिलेर काम गर्न २०६१ फागुनभरिमा निम्नअनुसारको चरणबद्ध कार्यक्रम गर्ने गृहकार्य भयो,[४] जसलाई तत्काल लागू गर्न सकिने विश्वास पनि लिइएको थियो ।

प्रथम चरणको कार्यक्रम २०६१ चैत १ देखि २१ सम्मका लागि बनाइयो । त्यस अवधिमा सरकार र सरकार सञ्चालन गर्ने व्यक्तिहरूकहाँ गएर एफएम रेडियोबाट सूचना तथा समाचार प्रसारण गर्न नदिने नीति सरकारकै स्थायित्वका निम्ति पनि प्रत्युत्पादक हुन्छ भनेर कुरा बुझाउने कार्यक्रम तय भयो । लबिङ्ग

---

[२] *नेपाल एफएम*को कार्यालयमा बसेको एसोसिएसनको बैठकले यस्तो निर्णय गरेको महासचिव विष्णुहरि ढकालको दावी ।

[३] पत्रकार महासंघका तर्फबाट सचिव महेन्द्र विष्टले निकालेको प्रेस विज्ञप्ति ।

[४] यो योजना मिडिया सर्भिसेज इन्टरनेसनलको प्रयास र सो संस्थाका प्रबन्ध निर्देशक हेमबहादुर विष्टको संयोजनकारी भूमिका र गृहकार्यका आधारमा तयार भएको थियो ।

गर्ने यस कार्यमा आफूले चाहेका व्यक्तिहरू लिएर जान पत्रकार पी. खरेललाई जिम्मा दिइयो ।

दोस्रो चरण चैत २२ देखि ३१ सम्मको तोकियो । पहिलो चरणको एक जनाको प्रयासपछि दोस्रो चरणमा भने धेरै जनाद्वारा पहल गरिने भयो । यसअनुसार, मन्त्रिपरिषद्का उपाध्यक्षहरू, सूचना तथा सञ्चार मन्त्री र मन्त्रालयका सचिव, प्रधान सेनापति, प्रहरी महानिरीक्षकहरू, शाही नेपाली सेनाको जनसम्पर्क निर्देशनालयका निर्देशकसमक्ष प्रतिनिधिमण्डल गएर भेट्ने, आग्रहपत्र दिइने भयो । यसरी भेट्न जाने टोलीमा पनि काठमाडौं र काठमाडौंबाहिरका लागि विभिन्न व्यक्तिहरूको नाम छनोट गरियो । त्यसअनुसार काठमाडौंमा भारतदत्त कोइराला, गोकुलप्रसाद पोखरेल, रामकृष्ण रेग्मी, पी. खरेल, हेमवहादुर विष्ट, रघु मैनाली, भरत शाक्य लगायतका व्यक्तिको नाम निर्धारण गरियो । काठमाडौंबाहिरका लागि पोखरामा शिव मल्ल, एफएम स्टेसनका सञ्चालकहरू र वरिष्ठ पत्रकारहरूलाई जिम्मा दिइने भयो । नेपालगञ्ज, सुर्खेत, बुटवल/भैरहवा, बझाङ, विराटनगर/इटहरी/विर्तामोड, वीरगञ्ज, हेटौडा, नवलपरासी/चितवन र पाल्पामा भने स्थानीय प्रतिनिधिमण्डलले नै जिल्ला जिल्लामा प्रशासन तथा सुरक्षा प्रमुखहरूसँग भेट्ने र आग्रह-पत्र दिने तय भयो ।

यतिले पनि उपलब्धि हासिल हुन नसकेमा समाजका विशिष्ट व्यक्ति तथा सञ्चारकर्मीहरूबाट रेडियो स्वतन्त्रता प्रदान गर्नका लागि सरकारलाई सार्वजनिक आह्वान गर्ने काम समेत दोस्रो चरणमै गर्ने योजना बन्यो । त्यसअनुसार, वरिष्ठ पत्रकारहरूमा भारतदत्त कोइराला, गोकुल पोखरेल, रामकृष्ण रेग्मी, आदित्यमान श्रेष्ठ, भैरव रिसाल, नारायण शर्मा, पन्नालाल गुप्ता, मणिराज उपाध्याय, विनय गुरुवाचार्य, किशोर नेपाल र भोला राणाको नाम छनोट गरियो । सम्पादकहरूमा *नेपाल समाचारपत्र*का पुष्करलाल श्रेष्ठ, *कान्तिपुर*का नारायण वाग्ले, *नेपाली टाइम्स*का कुन्द दीक्षित, *समय*का युवराज घिमिरे, *अन्नपूर्ण पोष्ट*का श्री आचार्य, *द हिमालयन टाइम्स*का राम प्रधान, *हिमालय टाइम्स*का उज्ज्वल शर्मा, *राजधानी*का कपिल काफ्ले, *द काठमाण्डू पोष्ट*का प्रतीक प्रधान र *हिमाल खबरपत्रिका*का राजेन्द्र दाहाललाई आग्रह गर्ने तय भयो । यस अलावा विदेशी समाचार संस्थाका पत्रकारहरूमा ईश्वरमान सिंह, विनय गुरुवाचार्य, माधव आचार्य, गोपाल शर्मा, विनोद भट्टराई र लक्ष्मण उप्रेतीको नाम पनि समावेश गरियो । सञ्चार क्षेत्रका व्यक्तिहरूको आवाजमा आवाज मिलाउनका लागि प्रतिष्ठित अधिवक्ताहरू कृष्णप्रसाद भण्डारी, वासुदेव ढुङ्गाना, नूतन थपलिया, सतीशकृष्ण खरेल, राधेश्याम अधिकारी, सपना मल्ल, भरत उप्रेती, टीकाराम भट्टराई र माधवकुमार बस्नेतसँग

पनि गुहार मागिने भयो । यस्तै, राष्ट्रिय जीवनका प्रतिष्ठित व्यक्तिहरू लक्ष्मणप्रसाद अर्याल, कृष्णजङ्ग रायमाझी, डा. सुन्दरमणि दीक्षित, अम्बिका श्रेष्ठ, नीलाम्बर आचार्य, डा. पीताम्बर शर्मा, डा. देवेन्द्रराज पाण्डे, डा. चैतन्य मिश्र, कृष्ण हाछेथु, विश्वनाथ उपाध्याय र डा. कृष्णबहादुर भट्टचनलाई रेडियो स्वतन्त्रता प्रदान गर्नका लागि सरकारलाई सार्वजनिक आह्वान गर्न अनुरोध गर्ने तय गरियो ।

यस सँगसँगै यही चरणमा एफएम रेडियोले प्राप्त गरेका उपलब्धिहरूको संरक्षणका निम्ति स्रोत/साधन परिचालन गर्नुपर्ने आवश्यकता महसुस गरी भारतदत्त कोइराला, कनकमणि दीक्षित, हेमबहादुर विष्ट, विनोद भट्टराई, र सुमन बस्नेतलाई जिम्मा दिइयो । यसअन्तर्गत संकटमा परेका रेडियो स्टेसनहरूको पहिचान गर्ने, समाचार तथा सूचनामूलक सामग्री सम्प्रेषण गर्ने जनशक्तिको तथ्यांक तथा स्थिति संकलन गर्ने र संकटमा परेका सञ्चारकर्मी एवं स्टेसनहरूका निम्ति राहत संकलन र वितरण गर्ने काम पहिल्याइयो ।

तेस्रो चरणको कार्यक्रमका रूपमा २०६२ वैशाख २ देखि १६ गतेसम्म ज्ञापनपत्र दिने तथा आमसञ्चारमाध्यमको परिचालन गर्ने निधो भयो । यसअन्तर्गत मुख्य तीनओटा काम तोकिए । पहिलो, प्रधानमन्त्रीको समेत कार्यभार सम्हालेका श्री ५ ज्ञानेन्द्र, प्रधानन्यायाधीश र न्यायाधीशहरू तथा विघटित नै भए पनि संसदको सचिवालयसमक्ष ज्ञापनपत्र दिने; दोस्रो, ठूला आकारका दैनिक, प्रमुख साप्ताहिक, पाक्षिक पत्रपत्रिका र स्वयं रेडियो स्टेसनहरूमार्फत रेडियोबाट समाचार तथा सूचना सामग्री प्रसारण गर्न पाउनुपर्ने मागको योजनाबद्ध प्रसारण गर्ने र तेस्रो, कानुनी उपचारका कार्यक्रमहरू अन्तर्गत विभिन्न अदालतमा सरकारका विरुद्ध एउटै दिनमा ठूलो संख्यामा मुद्दा दर्ता गराउने । यो कामको जिम्मा रघु मैनाली, शिव मल्ल, भरत शाक्य, गोपाल गुरागाईं र सुरेश आचार्यलाई तोकियो ।

चौथो चरणमा भने आन्दोलन गर्ने कार्यक्रम निर्धारण भयो । तीनमहिने संकटकालसमेत समाप्त हुने हिसाब गरेर वैशाख १८ पछिका लागि तय गरिएका विरोध कार्यक्रमहरू यस प्रकारका थिए- (क) योजनाबद्ध रूपबाट एउटै समयमा नेपालका लगभग सबैजसो रेडियो स्टेसनवाट विरोधमा एउटै गीत, एउटै कार्यक्रम प्रसारण गर्ने; (ख) विरोध जनाउन सांकेतिक रूपबाट ३० सेकेण्ड र ६० सेकेण्ड स्टेसन बन्द गर्ने; (ग) सरकारको सद्बुद्धिका निम्ति मठ, मन्दिर, चर्च, मस्जिदहरूमा प्रार्थना सभा, आहुति, दीप प्रज्ज्वलन जस्ता आस्थासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने; (घ) मुखमा पट्टी बाँधेर रिले अनसन गर्ने; (ङ) अन्तर्राष्ट्रिय संघ संस्थाहरूलाई श्री ५ को सरकारको कदमविरुद्ध अपिल गर्ने; (च) मौन जुलुस तथा

सामूहिक गिरफ्तारी; र (ज) एफएम रेडियोबाट समाचार प्रसारण गर्न नदिने सरकारी आदेश सार्वजनिक ठाउँमा जलाउने ।

यो योजनाले कार्यरूप ग्रहण गर्न भने सकेन । यसबीचमा गरिएका थुप्रै पटकका छलफल र विचारमन्थन योजनाको खाका तयार गर्नसम्मका लागि मात्र सफल रहे । यो योजनाअनुसार, शरदचन्द्र शाह, पूर्व प्रधानसेनापति सत्चित शमशेर राणा, प्रधान सेनापति प्यारजङ्ग थापा, सेनाका वरिष्ठ अधिकारीहरू रुक्माङ्गद कटुवाल, रक्षा सचिव विष्णुदत्त उप्रेती, मन्त्री तथा मन्त्रिपरिषद्को राजनीतिक समितिका अध्यक्ष राधाकृष्ण मैनाली, सूचना तथा सञ्चारमन्त्री टंक ढकाल, सञ्चार सचिव लोकमानसिंह कार्कीलगायतका व्यक्तिहरूसँग केही छलफल भने भए ।[५] छलफलका क्रममा पछि सूचना तथा सञ्चार राज्यमन्त्रीसमेत भएका शाही कदम समर्थक पत्रकार श्रीशशमशेर राणाको सहयोग रह्यो । यस अभियानमा कसैले निश्चित कामको जिम्मा लिनेभन्दा पनि हरेक व्यक्तिले हरेक व्यक्तिलाई आफ्नो सम्बन्धका आधारमा रेडियोको समाचार खोलिनुपर्ने विषयमा सहमत गराउन र त्यस्तो वातावरण तयार गर्न प्रयास गर्ने प्रक्रिया अपनाइएको थियो । यसबाट सरकारी पक्ष राजनीतिकबाहेकका समाचार प्रसारण गर्न दिनुपर्छ कि भन्ने ठाउँसम्म लचिलो भएको थियो ।[६] सञ्चारका माध्यमहरूमा समेत अभिव्यक्त भएका कतिपय सरकारी बोलीहरूलाई यसै सन्दर्भसँग गाँसेर हेर्न सकिन्छ ।

यस क्रममा सूचना तथा सञ्चारमन्त्री टंक ढकालले एफएमहरूलाई राजनीतिक गतिविधिबाहेकका समाचार, सूचना तथा विकासमूलक कार्यक्रमहरू प्रसारण गर्न दिने प्रतिबद्धता नै व्यक्त गर्नुभयो ।[७] उहाँले त्यसबारे सैद्धान्तिक सहमति भई

---

५ मिडिया सर्भिसेज इन्टरनेसनलका प्रबन्ध निर्देशक हेमबहादुर विष्टलगायतका उक्त लबिङ्गमा संलग्न व्यक्तिहरूबाट प्राप्त जानकारी ।

६ सरकारी बोलीमा क्रमशः देखिएको लचक लबिङ्गकै परिणाम भएको दावी लबिङ्गमा संलग्न पत्रकार पी. खरेलको पनि छ । पछिल्ला दिनमा स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिको बैठकमा पनि यो तर्कले निकै ठाउँ पाएको थियो ।

७ एफएम रेडियोमा विशुद्ध मनोरञ्जनात्मकबाहेक सबै खालका कार्यक्रम प्रसारणमा लगाइएको प्रतिबन्ध हटाउनका लागि पहल गर्न चैत २५ गते गएको संयुक्त प्रतिनिधिमण्डलसँग कुरा गर्दै मन्त्री ढकालले व्यक्त गर्नुभएको प्रतिबद्धता । प्रतिनिधि मण्डलमा नेपाल प्रेस इन्स्टिच्यूटका महासचिव पी. खरेल, *हिमाल खबरपत्रिका*का सम्पादक राजेन्द्र दाहाल, मिडिया सर्भिसेज इन्टरनेसनलका प्रबन्ध निर्देशक हेमबहादुर विष्ट, सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष रघु मैनाली, काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चका अध्यक्ष भरत शाक्य र *कम्युनिकेसन कर्नर*का प्रधान सम्पादक सुरेश आचार्य सहभागी हुनु हुन्थ्यो । यो आश्वासनप्रति आशावादी हुँदै प्रतिनिधिमण्डलले यसलाई सकारात्मक रूपमा लिएको थियो ।

औपचारिक प्रक्रिया अगाडि बढाइसकिएको समेत बताउनु भएको थियो । सो प्रक्रिया पूरा हुन बढीमा दुई हप्ता लाग्ने बताउँदै ढकालले त्यसभन्दा पहिले नै सूचना जारी गर्नेतर्फ विचार भइरहेको समेत जानकारी दिनु भएको थियो ।

यसैबीच, *नेपाल एफएम*का अध्यक्ष शिवप्रसाद घिमिरेको नामबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सूचना तथा सञ्चार, रक्षा, लगायतका विभिन्न मन्त्रालयमा शाही कदमको दुई हप्तापछि नै एउटा निवेदन दिइएको थियो । घिमिरेका अनुसार त्यति बेलाका प्रबन्ध निर्देशक गोपाल गुरागाईं र मन्टेश्वरी राजभण्डारीले पत्र तयार गर्ने कामको संयोजन गर्नुभएको थियो । *नेपाल एफएम*को नेटवर्कमा रहेका र समाचार प्रसारण गर्न चाहने अरू पनि रेडियोहरूमा सो एफएममा तयार पारिएको एउटै समाचार प्रसारण गर्न सकिन्छ भन्ने आधारमा त्यस्तो समाचार प्रसारण गर्न पाउनका लागि सरकारका सचिवहरूमार्फत 'कुरो पुऱ्याउने' उद्देश्यले सो निवेदन दिइएको थियो । यो पत्र प्राप्त भएपछि विभिन्न मन्त्रालयका सचिवहरूलाई राखेर मुख्य सचिव डा. विमल कोइरालाले बैठक आयोजना गर्नुभएको थियो । बैठकमा ब्रोडकास्टिङ एसोसिएसनका उपाध्यक्ष समेत रहेका शिवप्रसाद घिमिरे र महासचिव विष्णुहरि ढकाल पनि बस्नुभएको थियो । घिमिरेको व्यक्तिगत पहुँचलाई प्रयोग गर्ने क्रममा यो तरिका अपनाइएको थियो । तर, यसरी प्रशासनमार्फत गरिएको 'लबिङ्ग' को प्रयास शाही नेपाली सेनाको अनिच्छाका कारण विफल भएको थियो ।

यस प्रकार, शाही शासनको सुरुका दिनमा रेडियो प्रसारक संस्थाका प्रतिनिधिहरूसमेत 'लबिङ्ग' को माध्यमबाट गैरराजनीतिक मात्र भए पनि समाचारमूलक सामग्री प्रसारण गर्न लागिपरेका थिए । सरकारसँग पटक-पटक आग्रह गरिसकिएको थियो र त्यसो गर्न दिने आश्वासन पनि सरकारका पक्षबाट दिइएको थियो (कान्तिपुर २०६२भ) । तर पनि आश्वासन पाउनु बाहेक कुनै उपलब्धि हासिल भएन ।[८]

लबिङ्गबाट अपेक्षित परिणाम देखा पर्न नसकेको हुँदा यो अभियान यसभन्दा अघि बढ्न सकेन । यस क्रममा तय भएका विरोधका कार्यक्रमहरू भने पछिल्ला दिनमा चलेको स्वतन्त्र रेडियोहरूको आन्दोलनमा सम्पन्न गरिएका थिए ।

प्रेसलाई निर्ममतापूर्वक दमन गर्ने राजकीय अठोट माघ १९ मै स्पष्ट भइसकेको थियो । अनुरोध र लबिङ्गको कुनै अर्थ बाँकी नरहेपछि क्रमशः सिङ्गो

---

[८] २०६२ जेठ १० गते ललितपुरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा पत्रकार हेमबहादुर विष्ट ।

सञ्चार जगत् आन्दोलनमा होमिएको थियो ।[९] यस क्रममा रेडियो स्वतन्त्रताका पक्षमा चलेको सञ्चार जगत्को आन्दोलनलाई संघर्षको प्रकृतिको दृष्टिकोणले तीनओटा आयाममा विभक्त गर्न सकिन्छ- सडक, सञ्चारमाध्यम र न्यायालय ।

## सडक संघर्ष

रेडियोमा बोल्नै प्रतिबन्ध लगाइएकोले रेडियो पत्रकारहरूका सामु सडक संघर्षको विकल्प थिएन । जुन शक्ति र नियतका साथ दमन चलिरहेको थियो, त्यसको विरोधमा पत्रपत्रिकामा लेखेर वा टेलिभिजनमा बोलेर मात्र पनि पार लाग्ने स्थिति थिएन । स्वतन्त्रताको विपक्षमा कठोर ढंगले उत्रिएको सरकारका विरुद्ध सञ्चार जगत्ले शान्तिपूर्ण शक्ति प्रदर्शनद्वारा आक्रोश व्यक्त गर्नु बाध्यता नै बनेको थियो ।

यस सन्दर्भमा, प्रेस स्वतन्त्रताको निम्ति आमसञ्चार जगत्ले चलाएको आन्दोलनको आफ्नै उच्च महत्त्व छ भने रेडियो स्वतन्त्रताको निम्ति चलाइएका विशेष किसिमका सडक आन्दोलनको शृंखलाले बेग्लै इतिहास बनाएको छ । यसका साथै रेडियोमा संलग्न पत्रकारहरूले प्रतिबन्धविरोधी सञ्चार संघर्षमा विशिष्ट भूमिका खेलेको प्रसङ्गलाई पनि सम्झनैपर्ने हुन्छ ।

## *'कू' विरुद्धको आन्दोलनमा रेडियो*

शाही घोषणाको भोलिपल्टै पत्रकार महासंघले त्यसलाई प्रजातन्त्र र नागरिक अधिकारविरुद्धको 'कू' भन्ने ठहर गर्दा उसको वक्तव्य सार्वजनिक गर्ने सञ्चारका माध्यमहरूको घाँटी अँठ्याइसकिएको थियो । नेपाली प्रेस अब ज्यूँदो छैन, यसको हत्या गरियो भन्ने उद्घोष जनतासामु पुऱ्याउने माध्यमका मुख बन्द भइसकेका थिए ।

त्यो वक्तव्य दिएको पर्सिपल्ट माघ २२ गते सभापति तारानाथ दाहालको घरमा प्रहरीले छापा मारेपछि महासचिव विष्णु निष्ठुरीले सरकारी व्यवहारलाई

[९] नेपाल पत्रकार महासंघ, नेपाल प्रेस इन्स्टिच्यूट, शिक्षा पत्रकार समूह, स्वतन्त्र रेडियो पत्रकार संघर्ष समिति, स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस), सामुदायिक रेडियोहरूको विश्व संगठन (अमार्क), नेपाल केबल टेलिभिजन संघ, नेपाल प्रेस युनियन, मिडिया सर्भिसेज इन्टरनेसनल, सञ्चार अधिकार केन्द्र, इन्टरनेसनल प्रेस इन्स्टिच्यूट, कम्युनिकेसन कर्नर, हिमाल मिडिया, नेपाल बार एसोसिएसन, साफ्मा नेपाल, शिक्षा पत्रकार समूह, पत्रकारिता अध्ययन तथा विकास समाज र नेशनल युनियन अफ जर्नलिस्टले मिलेर 'अभिव्यक्ति स्वतन्त्रता आन्दोलन कोष' खडा गरेका थिए ।

'कुकर्म' को संज्ञा दिँदै विज्ञप्ति निकालेर विरोध जनाउनुभयो, जसमा 'एफएम स्टेसनहरूमा समाचार प्रसारणमा पूर्णतः बन्देज गरी कार्यालयहरूमा सुरक्षाफौज तैनाथ गरिएको' स्थितिलाई समेटिएको थियो । यो वक्तव्य सार्वजनिक भएकै रात निष्ठुरीलाई अनामनगरस्थित डेराबाट सुरक्षाकर्मीले अपहरणको शैलीमा लगे ।

शाही कदमको विरोधमा मानवअधिकार तथा शान्ति समाजको आयोजनामा माघ २८ गते काठमाडौँको पद्मोदय मोडमा प्रदर्शन भयो जसमा *धौलागिरी एफएम* बाग्लुङसँग सम्बद्ध पत्रकार नारायणदत्त कँडेल सहभागी हुनुहुन्थ्यो ।

२०६१ फागुन १ गते पत्रकार महासंघले निकालेको प्रेस विज्ञप्तिमा 'देशभरिका एफएम प्रसारण माध्यमहरूमा समाचार र सूचनामूलक कार्यक्रमहरूमाथिको प्रतिबन्ध तत्काल फुकुवा गरी निर्बाध सञ्चालनको व्यवस्था' गर्न माग गरियो । प्रेस काउन्सिलले पनि फागुन ४ गते आफ्नो धारणा सार्वजनिक गर्दै पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन, इन्टरनेटलगायत सबै खालका सञ्चारका माध्यमहरू मुलुकको प्रचलित कानुनअन्तर्गत नै सञ्चालित रहेको दाबी गर्‍यो । प्रस्ट भाषामा नभने पनि काउन्सिलका अध्यक्ष माथवरसिंह बस्नेतद्वारा निकालिएको सो विज्ञप्तिमा 'देशले सामना गर्नु परेको संकटको समाधानमा सञ्चारमाध्यमको सहयोग जति आवश्यक छ, सञ्चारका माध्यमहरूबाट सहयोग जुटाउने वातावरणको खाँचो पनि उत्तिकै टड्कारो रहेको' औंल्याइयो ।

त्यसै दिन 'एफएममा समाचार तथा सूचनामूलक कार्यक्रम प्रसारणमा बन्देज' लगाइएको लगायत प्रेस स्वतन्त्रता हननका सम्पूर्ण घटनाको निन्दा गर्दै महासंघका काठमाडौँ उपत्यकाभित्र र वरिपरिका शाखा तथा एसोसिएट संस्थाका पदाधिकारीहरूले संयुक्त विज्ञप्ति निकालेर विरोध जनाए ।

फागुन ६ गते महासंघले आफ्ना सबै शाखालाई यथाशीघ्र केन्द्रीय कार्यालयमा जानकारी गराउन सातबुँदे निर्देशन पठायो, जसको छैटौँ नम्बरमा भनिएको थियो– 'त्यस शाखाअन्तर्गत रहेका विद्युतीय सञ्चारमाध्यमहरूको अवस्था के कस्तो छ ? त्यस जिल्लामा कुन-कुन स्वदेशी या विदेशी टेलिभिजन च्यानलहरू रोकिए या रोकिएका छन् ? कुन कुन रेडियो प्रसारण संस्थाहरू बन्द गरिए वा के कसरी सञ्चालित छन्, सोसमेत विस्तृतरूपमा खुलाउनु होला ।' भोलिपल्ट 'प्रजातन्त्र दिवस' को अवसर पारेर सभापति दाहालले निकालेको प्रेस विज्ञप्तिमा जुम्लाको सामुदायिक रेडियो बन्द भएकोमा ध्यानाकर्षण गरियो ।

फागुन २१ गते सेनाले *रेडियो वीरगञ्ज*को ट्रान्समिटर खोलेर लगेपछि महासंघले 'राज्य स्वतन्त्र रेडियो स्टेसनहरूको अस्तित्व नै समाप्त पार्न लागिपरेको प्रमाणित भएको' भन्ने टिप्पणी गर्‍यो र त्यस्ता घटना नदोहोर्‍याउन चेतावनी दियो ।

२१ औं महाधिवेशनका लागि 'प्रेस स्वतन्त्रताका लागि शान्ति र प्रजातन्त्र' नारा तय गरेको महासंघको फागुन २९ गते बसेको बैठकले सरकारको एफएमविरोधी रवैयाको विरोध गऱ्यो । बैठकमा विश्वव्यापी मान्यताविपरीत एफएम स्टेसनहरूलाई समाचार तथा समाचारमूलक कार्यक्रम प्रसारणमा रोक लगाइएको बेला सरकारले आफ्ना एकतर्फी सूचना प्रसारण गर्न बाध्य गरी प्रोपोगन्डा मेसिनरी बनाउन खोजेको भन्दै घोर भर्त्सना गर्ने निर्णय पारित भएको थियो । त्यो सरकारले सुरक्षाफौजको इच्छाअनुसार सुरक्षा सतर्कतासम्बन्धी सन्देश भरिएका सीडी बजाउन रेडियोहरूलाई आदेश दिएको समय थियो ।

'अभिव्यक्ति स्वतन्त्रता दिवस' को अवसर पारेर २०६१ चैत ३ गते महासंघले मुख्य सचिवमार्फत श्री ५ को सरकारसमक्ष ज्ञापनपत्र बुझायो । १० बुँदे ज्ञापनपत्रमा प्रेस स्वतन्त्रताको पूर्ण बहाली र एफएम स्टेसनलगायत सबै सञ्चारमाध्यममा निर्बाध समाचार तथा विचार प्रवाहको वातावरण बनाउनुपर्ने लगायतका माग गरिएको थियो । यसमा ऐक्यबद्धता जनाएर देशभरिबाट थप ज्ञापनपत्र पनि बुझाइएका थिए । त्यस क्रममा केही जिल्लामा भने अवरोध सिर्जना गरियो । इलाममा जिल्ला प्रशासन कार्यालयमा जान लाग्दा २०० मिटर बाहिरै प्रहरीले रोकेपछि ज्ञापनपत्र त्यहीँ टाँसिएको थियो । रुपन्देहीमा पत्र बुझ्न नमानी हुलाकबाट पठाउन भनिएको थियो । गोरखामा भने सेन्सरसिपमा केको ज्ञापनपत्र भन्दै प्रजिअले बुझ्नै मानेका थिएनन् । महासंघले राज्यले यी ज्ञापनपत्रहरूमार्फत शिष्टतापूर्वक व्यक्त नेपाली प्रेस, राष्ट्रिय अन्तर्राष्ट्रिय समुदाय र प्रेस स्वतन्त्रता पक्षधर नागरिकहरूको आवाजलाई शीघ्र सुनोस् र त्यसको कार्यान्वयनका निम्ति वैधानिक विधिहरू प्रभावहीन रहेको निष्कर्षमा पुगी कठोर संघर्षमा उत्रिन बाध्य नपारोस् भन्ने चेतावनीसमेत दिएको थियो ।

यसैबीच माओवादीले रेडियो पत्रकार धनबहादुर रोका मगरको हत्या गऱ्यो । विनाकारण बेपत्ता पारिएका मगरको सकुशल रिहाइ गर्न महासंघले माओवादी नेतृत्वसँग प्रत्यक्ष-परोक्ष रूपमा बारम्बार आह्वान गर्दै आइरहेको थियो । यसैबीच माओवादी वार्ताटोलीका संयोजकका रूपमा महासंघको कार्यालयमा पुगेका डा. बाबुराम भट्टराई र प्रवक्ता कृष्णबहादुर महरासँगसमेत मगरको रिहाइको माग गरिएको थियो । तर उनीहरूले मगरको हत्या गरेरै छोडे । त्यसपछि मगरका परिवारलाई क्षतिपूर्ति दिन, सो हत्यामा संलग्न आपराधिक जमातलाई पारदर्शी रूपमा कारबाही गर्न र सार्वजनिक रूपमा क्षमायाचना गर्न माओवादी नेतृत्वसँग महासंघले माग गऱ्यो । तर त्यसको पनि सुनुवाइ भएन ।

चैत ७ गते महासंघको आयोजनामा राजधानीलगायत देशभरि 'शान्ति र प्रजातन्त्रका लागि प्रेस स्वतन्त्रता' को अपरिहार्यतामाथि जोड दिँदै छलफल

कार्यक्रम भए । एफएम रेडियोमा लगाइएको प्रतिबन्ध तत्काल हटाउन सरकारसँग जोडदार माग गरियो ।

चैत १५ गते महासंघको स्वर्ण दिवसका उपलक्ष्यमा नौ जना भूतपूर्व सभापतिहरूले निकालेको संयुक्त वक्तव्यमा निजी क्षेत्रका रेडियो प्रसारण (एफएम स्टेसन) लाई सूचनामूलक कुनै पनि सामग्री दिन बन्देज लगाइएकोमा असहमति जनाइयो ।[१०] यसैबीच चैत १६ गते सेनाले *भेरी एफएम* (सुर्खेत) का समाचार प्रमुख कमलराज रेग्मीलाई पक्राउ गऱ्यो । १० दिन थुनेर छोडेलगत्तै उहाँलाई फेरि सरकारका विरुद्ध गतिविधि गरेको आरोपमा समातेर थुनिएको थियो ।

चैत २६ गते सञ्चार अध्यादेशमार्फत गरिन लागेको कानुन संशोधनको प्रतिगामी प्रयासको विरोध गर्ने क्रममा महासंघले रेडियोको मामिलालाई महत्त्वका साथ प्रस्तुत गऱ्यो । सभापति दाहालले निकालेको प्रेस विज्ञप्तिमा एफएम रेडियो प्रसारण सेवाहरूका क्षेत्रमा संस्थागत नियन्त्रण गरी निरंकुशता र स्वेच्छाचारिता संस्थागत गरिन लागेको कुरामा विशेष जोड दिइएको थियो । एफएमहरूलाई सधैँका लागि सूचना प्रवाहको माध्यमको भूमिकाबाट वञ्चित गर्ने कानुनी संशोधन भइरहेकोले स्वतन्त्र प्रेस गम्भीर रूपमा अस्तित्वको संकटमा परेको पनि महासंघको ठहर थियो ।

२०६२ वैशाख २० र २१ गते काठमाडौँमा सम्पन्न महासंघको एक्काइसौं अधिवेशन पनि आन्दोलनमय वातावरणमा सम्पन्न भयो । सरकारी निषेधित क्षेत्र तोड्दै जुलुस निकालेर महाधिवेशन सुरु भएको थियो । विष्णु निष्ठुरीले महासचिवको हैसियतले अन्तिम पटक सम्बोधन गर्दै प्रतिवेदन पेश गर्दा 'महाधिवेशन सम्पन्न गरेर फर्किंदा प्रजातन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा दृढ विश्वासका साथ संघर्ष गर्न तत्पर भएको अठोटसहित फर्कने' (निष्ठुरी २०६२ : ३) प्रण गर्नका लागि गरेको आग्रह नै त्यसपछिका दिनमा लागू भए जस्तै भयो ।[११] महाधिवेशनले देशभरिका रेडियोहरू संकटमा पर्दै गएको भनेर प्रेस स्वतन्त्रताविरोधी निर्देशन र सूचनाहरूको सशक्त विरोध गर्ने प्रस्ताव पारित गऱ्यो ।

शाही कदमले नेपाली प्रेस उद्योगमा गम्भीर चोट पुऱ्याएको, कठोर दमनका कारण तीन महिनाकै अवधिमा हजारभन्दा बढी पत्रकार रोजगारीबाट वञ्चित

---

[१०] भूतपूर्व सभापतिहरू- मणिन्द्रराज श्रेष्ठ, गोकर्णदेव पाण्डे, इन्दुकान्त शर्मा, मणिराज उपाध्याय, गोविन्द वियोगी, होमनाथ दाहाल, हरिहर विरही, किशोर नेपाल र सुरेश आचार्य ।

[११] यो महाधिवेशनले सचिव महेन्द्र विष्टलाई महासचिव र महासचिव विष्णु निष्ठुरीलाई सभापतिमा निर्वाचित गऱ्यो ।

भएको, समाचार र सूचनामूलक कार्यक्रम प्रसारण गर्न लगाइएको प्रतिबन्धका कारण देशका सबै एफएम रेडियो स्टेसन क्रमशः आर्थिक रूपमा धराशयी हुँदै बन्द हुने दिशामा अघि बढेको सन्दर्भ उल्लेख गर्दै महाधिवेशनले पूर्ण प्रेस स्वतन्त्रता र प्रजातन्त्रको पक्षमा दृढ प्रतिबद्धतासहित त्यसको प्राप्तिका निम्ति संघर्षशील ढंगले अग्रसर हुने र नेतृत्वदायी भूमिका निर्वाह गर्ने प्रण गरेको थियो । समाचार संकलन र सम्प्रेषणका क्रममा राज्य र माओवादी दुवै पक्षबाट सञ्चारकर्मीहरू पीडित हुँदै आएकोमा विरोध गर्दै प्रेस स्वतन्त्रता विरोधी क्रियाकलाप अविलम्ब रोक्न तथा निर्बाध रूपमा सूचनाको संकलन र सम्प्रेषण गर्ने खुला वातावरण सुनिश्चित गर्न पनि महाधिवेशनले माग गऱ्यो । नागरिक अधिकार खोसिएको अवस्थामा स्वतन्त्र प्रेस सम्भव हुन सक्दैन भन्ने अडान देशभरिका पत्रकार प्रतिनिधिहरूले देखाए ।

महाधिवेशनले लोकतन्त्र र पूर्ण प्रेस स्वतन्त्रता प्राप्तिको निम्ति जुझारु ढंगले अघि बढ्न नागरिक समाज र लोकतन्त्रका हिमायती सबैलाई आह्वान गर्दै भनेको थियो– 'प्रेस स्वतन्त्रता पत्रकारको मात्र नभई समस्त नागरिकको स्वतन्त्रताको स्पन्दन हो ।' यसका साथै एफएममा समाचार प्रतिबन्धका सम्बन्धमा विशेष सम्बोधन गर्दै महाधिवेशनले सम्पूर्ण एफएम रेडियोहरूलाई निर्बाध रूपमा समाचार र सूचनामूलक कार्यक्रम प्रसारण गर्न दिन सरकारसँग माग मात्र गरेन; स्वेच्छाचारी हुकुम र आदेशको अवज्ञा गर्न रेडियोका लगानीकर्ता, सञ्चारकर्मी र सञ्चालकहरूलाई आह्वानसमेत गऱ्यो ।

संघर्षको विकल्प पनि थिएन । स्वतन्त्रता बहालीका निम्ति राष्ट्रव्यापी रूपमा सशक्त आन्दोलन गर्न महाधिवेशनले पारित गरेको प्रस्तावलाई मूर्त रूप दिनका लागि काठमाडौँमा उपलब्ध केन्द्रीय नेतृत्वको २०६२ जेठ ६ गते बसेको बैठकले विरोधका विभिन्न कार्यक्रम तय गऱ्यो । यस क्रममा सरकारले सञ्चार अध्यादेश ल्याएर प्रेस स्वतन्त्रता कुण्ठित पार्न लागेको विरोधमा जेठ १० गते पत्रकारहरूले मुखमा कालोपट्टी बाँधेर देशभरि प्रदर्शन गरे ।

जेठ १३ गते रेडियो कार्यक्रम तथा समाचार उत्पादक एवं वितरक संस्था *कम्युनिकेसन कर्नर* बन्द गर्न सरकारले ठाडो आदेश दिएकोमा चर्को प्रतिवाद भयो । महासंघले त्यसै दिन र स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले भोलिपल्ट विज्ञप्ति निकालेर कडा शब्दमा विरोध जनाए । उक्त आदेशको सार्वजनिक निन्दा र भर्त्सना गर्न जेठ १५ गते बिहान काठमाडौँको नयाँ बानेश्वर चोकमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरू उपस्थित भए । सरकारले 'गोप्य' र 'अन्यन्त जरुरी' भनेर पठाएको पत्रलाई ठूलो आकारमा 'फ्लेक्स ब्यानर' बनाएर प्रदर्शन

गरियो । त्यहाँबाट सुरु भएको विरोध जुलुस बबरमहल पुगेर विरोध सभा गरी टुङ्गियो ।

जेठ १३ गते नै एफएम रेडियो प्रसारणमा अवरोध र त्यसले पारेको नकारात्मक असर लगायतका विषयमा सम्बद्ध सबै पक्षसँग केन्द्र तथा जिल्लाहरूमा छलफल भयो । जेठ २२ गते एफएम रेडियो र रेडियो पत्रकारका समस्यालाई लिएर प्लेकार्ड, ब्यानर, रेडियो सेट, कार्टुन एवं अन्य सिर्जनात्मक प्रयोगसहित सार्वजनिकस्थलमा सांकेतिक प्रदर्शन गरियो । सहभागीहरूले नयाँ बानेश्वरबाट माइतीघरसम्म र्‍याली गरे ।

सञ्चारमाध्यमलाई नियन्त्रण गर्न जारी गरिएका निर्देशिका, सूचना, आदेश र अध्यादेशहरूको विरोधमा महासंघकै आयोजनामा जेठ २५ गते काठमाडौँमा पत्रकारहरूले विरोध प्रदर्शन गरे । प्रहरीले केही रेडियो पत्रकारसहित ५१ जनालाई भृकुटीमण्डपबाट गिरफ्तार गरी रातभरि महेन्द्र पुलिस क्लबमा थुन्यो । शान्तिपूर्ण प्रदर्शनमा भएको यो दमनको विरोधमा २७ गते नयाँ बानेश्वरबाट विरोध र्‍याली गरियो ।

जेठ ३० गते महासंघले रत्नपार्कबाट आयोजना गरेको र्‍यालीमा हस्तक्षेप गरी प्रहरीले सभापति विष्णु निष्ठुरी, स्वतन्त्र रेडियो पत्रकार संघर्ष समितिका संयोजक विनोद ढुङ्गेललगायत आधा दर्जनजति रेडियो पत्रकारसमेत गरी ४८ पत्रकारलाई समातेर रातभरि थुन्यो । केही घाइते भए भने सयौँ पत्रकारले निषेधाज्ञा तोडेर जुलुस निकाले र कोणसभा गरे । त्यसै दिन महासंघको काभ्रे शाखाले निकालेको र्‍यालीबाट पत्रकार, मानवअधिकारकर्मी र कानुन व्यवसायी गरी ५२ जनालाई समातेर दिनभरि थुनियो ।

यसैबीच महासंघ केन्द्रीय कार्यसमितिको असार ४ र ५ गते चितवनको भरतपुरमा बसेको दोस्रो पूर्ण बैठकले सरकारका उपाध्यक्ष डा. तुलसी गिरीलाई सञ्चारमाध्यममा पूरै बहिष्कार गर्ने र सरकारका कोही पनि मन्त्री, क्षेत्रीय तथा अञ्चल प्रशासक र स्थानीय निकायका मनोनीत पदाधिकारीहरूको आमन्त्रण बहिष्कार गर्ने निर्णय लियो । बैठकद्वारा पारित प्रस्तावमा स्वतन्त्र रेडियोबाट बर्खास्त गरिएका सबै पत्रकारलाई तत्काल पुनर्बहाली गर्न सम्बन्धित रेडियो व्यवस्थापनलाई आह्वान गर्दै त्यस्ता रेडियोमा समाचार तथा सूचनामूलक कार्यक्रममाथिको बन्देज फुकुवा गर्न र ती रेडियोको नवीकरण शुल्क मिनाहा गर्न सरकारलाई फेरि आग्रह गरिएको थियो ।

स्वतन्त्र सञ्चार माध्यम र सञ्चारकर्मीमाथि शृंखलाबद्ध रूपमा भइरहेको नियन्त्रणको विरोधमा महासंघले असार १२, १९ र २६ गते देशव्यापी विरोध

प्रदर्शनको निर्णय गऱ्यो । साथै असार ८, १५, २२ र २९ गते राजधानीबाहिर र ९, १६, २३ र ३० गते राजधानीमा विरोधका मौलिक र सिर्जनात्मक कार्यक्रमका साथ कालोपट्टीसहित धर्ना दिने कार्यक्रम तय गरियो । काठमाडौँमा नयाँ बानेश्वरबाट सिट्ठी बजाएर गरिएको विरोध प्रदर्शन त्यस्तै एउटा कार्यक्रम थियो, जसले अभिव्यक्ति स्वतन्त्रताका कुरा नसुन्ने सरकारको कान खोल्न प्रतीकात्मक प्रयास गरेको थियो ।

साउन ८ गते बसेको महासंघको बैठकले 'स्वतन्त्र रेडियोलाई समाचार प्रसारणमा लगाइएको प्रतिबन्ध तत्काल हटाउन एवं रेडियोकर्मीहरूको मागको सुनुवाइ गर्न राज्यको ध्यानाकर्षण गराउँदै बैठकले राज्यको गैरकानुनी आदेशलाई अस्वीकार गर्दै श्रोताको चाहनाबमोजिम समाचार प्रसारण गर्ने स्वतन्त्र रेडियोको प्रशंसा गर्नुका साथै त्यसलाई सबै रेडियोले अनुसरण गर्ने अपेक्षा पनि गरेको छ' भन्ने निर्णय गऱ्यो । यो *नेपाल एफएम*ले सरकारी आदेश अवज्ञा गरेर असार २३ गतेदेखि समाचार प्रसारण गरेको अवस्थालाई गरिएको सम्बोधन थियो । त्यसपछि सरकारले साउन १९ गते *नेपाल एफएम*को इजाजतपत्र रद्द गर्नसक्ने चेतावनी पत्र पठायो । त्यसको विरोधमा साउन २१ गते तीनकुनेमा विशाल भेला भयो र विरोध जुलुस तथा सभा सम्पन्न गरियो ।

*नेपाल एफएम*ले सरकारी आदेशलाई सर्वोच्च अदालतमा चुनौती दिएपछि अदालतले २६ गते सरकारका नाममा समाचार प्रसारणमा रोक नलगाउने अन्तरिम आदेश जारी गऱ्यो । त्यसपछि यही आदेशको आधारमा सञ्चार अध्यादेश जारी नहुँदासम्म इच्छुक रेडियोहरूले समाचार प्रसारण गरिरहे ।

यसैबीच प्रेसमाथि भइरहेको राज्यको दमनका विरुद्ध साउन २३ गतेदेखि भदौ १५ गतेसम्म हस्ताक्षर संकलन अभियान चलाइयो । भदौ १९ र २० गते महासंघका देशभरिका सबै शाखा तथा एसोसिएट संस्थाका सभापति, सचिव र कोषाध्यक्षहरूको राष्ट्रिय भेला काठमाडौँमा भयो, जहाँ विद्युतीय सञ्चारमाध्यम र सञ्चारकर्मीहरूले भोग्नु परिरहेका समस्यालगायतका विषयमा छलफल भयो । ७९ शाखा/एसोसिएट तथा थप छओटा तयारी शाखाका प्रतिनिधि, केन्द्रीय समिति र सल्लाहकारसहित २ सय ७५ जना सहभागीका साथै अरू पत्रकारहरूसमेत ललितपुरको पुल्चोकमा जम्मा भएर जुलुसका रूपमा जावलाखेलमा रहेको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान पुगेका थिए । २२ बुँदे प्रस्ताव पारित गर्दै सम्पन्न सो भेलाले स्वतन्त्र रेडियोहरूको आन्दोलनलाई समर्थन गरेको थियो । भेलाले *नेपाल एफएम*को मुद्दामा सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशको स्वागत गर्नुका साथै त्यो आदेशलाई चुनौती दिने सरकारी प्रयासको निन्दा गरेको थियो ।

महासंघको आयोजनामा भदौ ३१ गते रत्नपार्कमा विरोध प्रदर्शन भयो । पत्रकारहरू कालो ब्यानर बोकेर सडकमा निस्केका थिए । निषेधित क्षेत्र उल्लंघन गरेको भनेर प्रहरीले त्यहाँबाट ८० जना पत्रकारलाई गिरफ्तार गऱ्यो (कार्की २०६२) । सभापति विष्णु निष्ठुरी, प्रेस काउन्सिलका पूर्व अध्यक्ष हरिहर विरहीसहितका पत्रकारहरूलाई चार घण्टा महेन्द्र पुलिस क्लबमा थुनियो ।

व्यापक विरोधका बावजुद दशैं विदाको पूर्वसन्ध्यामा २०६२ असोज २३ गते राति सञ्चार अध्यादेश जारी भएपछि महासंघले यसविरुद्ध सशक्त प्रतिकार आन्दोलनको घोषणा गऱ्यो । यो आन्दोलन सञ्चारमाध्यम, सडक र कानुनी सबैखालको हुने बताउँदै महासंघले अध्यादेशको अवज्ञा गर्न सबै सञ्चार माध्यमहरूलाई आह्वान समेत गऱ्यो ।

यही क्रममा महासंघले असोज ३१ गते वरिष्ठ कानुनविद्हरूसँग बृहत् खुला छलफलको आयोजना गऱ्यो । यस्तै छलफल कात्तिक २ र ३ गते जिल्ला तहमा सञ्चारकर्मी, कानुन व्यवसायी, मानवअधिकारकर्मी लगायत नागरिक समाजका प्रतिनिधिसँग पनि चलाइयो । कात्तिक ३ गते नेपालगञ्जका पत्रकारहरूले सञ्चार अध्यादेश जलाए । त्यस बेला उनीहरूले अध्यादेशको अवज्ञा गर्ने घोषणासमेत गरेका थिए (नेपाल समाचारपत्र २०६२छ) । नुवाकोटमा राजनीतिक, बौद्धिक र पेशागत अगुवाहरूसमेतको सहभागितामा नेपाल पत्रकार महासंघको कार्यालयमा अध्यादेशको विरोधस्वरूप कालो झण्डा गाडियो (नेपाल समाचारपत्र २०६२ग) ।

कात्तिक ४ गते देशव्यापी विरोध प्रदर्शन भयो । अध्यादेशले सञ्चार माध्यममार्फत नागरिकले प्राप्त गर्ने सूचनाको हकसमेत खोसेको हुँदा यो सम्पूर्ण नागरिकको साझा सरोकारको विषय भएको थियो । त्यसैले प्रदर्शनमा सर्वत्र विभिन्न पेशाका सचेत नागरिकहरूको सहभागिता थियो ।

यसैबीच महासंघ, केन्द्रीय कार्यसमितिको २०६२ मङ्सिर १५ र १६ गते काभ्रेको धुलिखेलमा बसेको बैठकले पूर्ण प्रेस स्वतन्त्रता, नागरिक हक र समग्र प्रजातान्त्रिक परिवेश निर्माणका निम्ति आन्दोलनलाई सशक्त ढंगले अघि बढाउन दुई महिने कार्यक्रम तय गऱ्यो । त्यसअनुसार मङ्सिर २५ गते प्रेस स्वतन्त्रताको मूल विषयमा केन्द्रित हुँदै मानवअधिकार दिवस मनाइयो । नागरिक क्षेत्रसँग सहकार्य गरी प्रदर्शन गर्ने क्रममा यस दिन सभापति निष्ठुरीलगायत दर्जनौं पत्रकार पक्राउ परे । पुस १५ गते प्रेस स्वतन्त्रताको विषयमा केन्द्रित भई देशव्यापी प्रदर्शन र सभा गरियो ।

प्रेस स्वतन्त्रता, नागरिक अधिकार र सिङ्गो प्रजातान्त्रिक पद्धतिमाथि 'कू' भएको दिन माघ १९ लाई 'स्वतन्त्रताविरुद्धको कालो दिन' को रूपमा लिई

देशव्यापी विरोध प्रदर्शन आयोजना गरियो जसमा चार दर्जन पत्रकार पक्राउ गरिए। धेरै ठाउँमा प्रहरीले बल प्रयोग गरी पत्रकारहरूलाई घाइते बनायो। झापाको विर्तामोडमा प्रहरीले घेरेर कुट्दा दुई दर्जन पत्रकार घाइते भए।

सरकार सैनिक बलमा पूर्ण स्वेच्छाचारी ढंगले चलिरहेको थियो भने त्यसको प्रतिवाद शान्तिपूर्ण र सशस्त्र संघर्षमा लागेका राजनीतिक शक्तिहरूले आ-आफ्नै किसिमले गरिरहेका थिए। सशस्त्र विद्रोही नेकपा (माओवादी) ले २०६२ भदौ १८ गतेदेखि गरेको एकतर्फी युद्धविराम[१२] पनि पुस १८ गतेबाट भंग भएको थियो। त्यसअघि सात दल र माओवादीबीच २०६२ मङ्सिर ७ गते भारतको राजधानी नयाँ दिल्लीमा १२ बुँदे समझदारी भइसकेको थियो। सात दलसँगको वार्ता र सहमतिको प्रक्रियालाई अगाडि बढाउने क्रममा गरिएको युद्धविराम माघ २६ गते शाही सरकारले गराउन लागेको नगर निर्वाचन बिथोल्नका लागि सात दलसँगकै सल्लाहमा भंग गरिएको थियो।[१३] त्यसपछि माओवादीले माघ १ गते साँझ थानकोट प्रहरी चौकीमा आक्रमण गरी ११ जना प्रहरीको ज्यान लिएको र उपत्यकाका भक्तपुरको दधिकोट, च्यासल, बौद्ध, कीर्तिपुर, थलीलगायतका ठाउँमा पनि आक्रमण गरेकोले राजधानीमा त्रास फैलियो। यही पृष्ठभूमिमा सात दलले माघ ७ गते काठमाडौंमा विशाल जनप्रदर्शन गर्ने घोषणा गरे। त्यसपछि सरकारले ५ गतेदेखि हरेक राति उपत्यकाको चक्रपथभित्र कर्फ्यू जारी गर्‍यो र गिरफ्तारीको शृंखला चलायो। यस क्रममा पत्रकार श्याम श्रेष्ठलगायत नागरिक र राजनीतिक समाजका धेरैलाई घर-घरबाटै समातेर थुनियो। यसलाई महासंघले सरकारविरुद्धको जनमत तथा जनदबाब थामिनसक्नु गरी चुलिएपछि भयभित भएर बहुलठ्ठी निर्णय गरेको भन्ने टिप्पणी गर्‍यो।

यस क्रममा सरकारका कुनै पनि आदेश, अध्यादेश वा स्वतन्त्रताविरोधी निर्देशनहरूको पूर्ण रूपमा अवज्ञा गरी निरंकुशता विरुद्धको आन्दोलनलाई सशक्त ढंगले अगाडि बढाउनुपर्नेमा राजनीतिक दलहरूका साथै सम्पूर्ण पेशाकर्मी, नागरिक समाज र आमजनता एकमत भइसकेका थिए। यसैबीच सरकारले अत्यन्त आपत्तिजनक मानेको सात दल र माओवादीबीच भएको १२ बुँदे समझदारीलाई 'शान्ति प्रक्रियातर्फको महत्त्वपूर्ण उपलब्धि' का रूपमा लिई सञ्चार जगत्ले स्वागत

---

[१२] राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले समेत अत्यन्त महत्त्व दिएर सम्प्रेषण गरेको यो युद्धविरामको समाचारलाई सरकारी सञ्चारमाध्यमहरूले भने 'ब्ल्याक आउट' गरिदिएका थिए।

[१३] नेकपा (माओवादी) का नेताहरू डा. बाबुराम भट्टराई, दिनानाथ शर्मालगायतले विभिन्न मितिमा *नेपाल एफएम*को *समय समीक्षा* कार्यक्रमलाई दिएको अन्तर्वार्ता। यसअलावा शान्ति प्रक्रियामा क्रममा विभिन्न सार्वजनिक कार्यक्रममा विभिन्न माओवादी नेताको भनाइ पनि यस्तै थियो।

गरिसकेको थियो ।[१४] यसका साथै सरकारी आदेशको राजनीतिक क्षेत्रबाट हुने अवज्ञाको समाचार संकलन, छायांकन एवं पर्यवेक्षण गरिरहेका बेला सञ्चारकर्मीमाथि पूर्वाग्रह साध्ने खतरा सञ्चार जगत्ले महसुस गरेको थियो ।[१५]

दमन र प्रतिरोध शृंखलाकै बीच शाही 'कू' ले एक वर्ष पूरा गर्‍यो । यसबीचका राजाका गतिविधिलाई 'संसारका आधुनिक सभ्यताका सबै मान्यता र धारणाविरुद्ध' भन्दै महासंघले प्रजातन्त्र र नागरिक अधिकार खोसेर जनताको स्वतन्त्रताको गहिरो आस्थामाथि गरेको बलात् हस्तक्षेपबाट पछाडि फर्किई विगतको ऐतिहासिक महाभूलप्रति प्रायश्चित्त गर्न र सार्वभौम जनताले निर्दिष्ट गरेको स्थानमा रहन राजालाई सुझाव दियो ।[१६] राज्य आतंकका बीच नेपाली प्रेस जगत्ले प्रेस स्वतन्त्रता, प्रजातन्त्र, शान्ति, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय सहमति र एकता एवं सम्पूर्ण स्वतन्त्रताको निम्ति संघर्ष गरेको समयलाई महासंघले 'इतिहासको गौरवपूर्ण कालखण्ड' मान्यो र अझ कठोर समर्पण गर्नुपर्ने खाँचो औँल्यायो । यस बेलासम्म कार्यस्थलबाट पत्रकार पक्राउ पर्ने, सुरक्षाफौज र प्रशासनको दुर्व्यवहारको शिकार हुने क्रम दिनचर्या जस्तै बनिसकेको थियो । प्रेसमाथिको यस्तो ज्यादती तत्काल अन्त्य नगरे अझ कठोर संघर्षमा उत्रन बाध्य हुने चेतावनीसमेत महासंघले दियो ।

माघ १९ लाई स्वतन्त्रताविरुद्धको कालो दिवसका रूपमा मनाउने क्रममा काठमाडौँमा भएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी सभापति विष्णु निष्ठुरी, पूर्वसभापति हरिहर विरहीसहित ३१ जना पत्रकारलाई पक्राउ गर्‍यो । केही पत्रकार घाइते भए । त्यसै दिन महासंघका विभिन्न शाखाले गरेको विरोध प्रदर्शनबाट पनि दर्जनौँ सञ्चारकर्मी पक्राउ परे ।

स्थिति असह्य बन्दै गएपछि, मुलुकमा अवरुद्ध प्रजातान्त्रिक पद्धतिको सहज निकास एवं प्रेस तथा अभिव्यक्तिलगायत सम्पूर्ण नागरिक स्वतन्त्रताको निर्बाध उपभोगका निम्ति असंवैधानिक सरकार तत्काल भंग गर्नुपर्ने सोच फागुनको अन्तिम हप्ता आफ्नो छाता संस्थामार्फत पत्रकारहरूले सार्वजनिक गरे ।[१७] २०६२

---

[१४] २०६२ मङ्सिर १५ र १६ गते काभ्रेको धुलिखेलमा बसेको नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यसमितिको चौथो बैठकको औपचारिक निर्णय ।

[१५] नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीले २०६२ माघ ५ गते निकालेको प्रेस विज्ञप्ति ।

[१६] राजाको प्रत्यक्ष शासनले एक वर्ष पूरा गरेको सन्दर्भमा महासंघका सभापति विष्णु निष्ठुरीले २०६२ माघ १८ गते निकालेको प्रेस विज्ञप्ति ।

[१७] नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यसमितिको २०६२ फागुन २५ र २६ गते बसेको पाँचौँ बैठकले गरेको निर्णय ।

चैत १० गते प्रेस स्वतन्त्रताको पक्षमा काठमाडौंमा ऐक्यबद्धता प्रदर्शन, चैत १६ गते महासंघको ५१ औं स्थापना दिवसलाई आन्दोलनकै कार्यक्रमका रूपमा मनाउने, चैत २१ गते सञ्चार अध्यादेश खारेज गर्न र प्रेसविरुद्ध कुनै पनि अध्यादेश जारी नगर्न दबाब सिर्जना गर्न देशव्यापी प्रदर्शन र सभा गर्ने निर्णय भयो ।

महासंघले २०६३ वैशाखका लागि समेत कार्यक्रम तय गरेको थियो । वैशाख महिनाभरि जिल्ला-जिल्लामा 'नागरिक स्वतन्त्रता सम्मेलन' को अभियान चलाउने र वैशाख २० गते परेको अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवसलाई भव्यताका साथ मनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको थियो । प्रेस स्वतन्त्रतामाथि आक्रमणका घटना हुनासाथ तत्काल प्रतिरोधका थप कार्यक्रम सञ्चालन गर्ने, प्रेस स्वतन्त्रताविरुद्ध उत्रिएको असंवैधानिक सत्तालाई अस्वीकार गर्ने क्रम जारी राख्ने, सञ्चार अध्यादेशको अवज्ञा, सञ्चारमाध्यममा प्रेस स्वतन्त्रताका पक्षमा नारा प्रकाशन/प्रसारण, सञ्चार सामग्रीमार्फतको विरोध र कानुनी लडाइँ एवं पूर्वघोषित विरोधका कार्यक्रम जारी राख्ने निर्णय पनि महासंघले गरेको थियो । तर, बृहत् जनआन्दोलनको वेगले वैशाख ११ गते नै निरंकुशताको अन्त्य भएकोले त्यति समयसम्म नेपाली प्रेसले लड्नु परेन ।

## *रेडियोको विशिष्ट आन्दोलन*

माघ १९ पछिको सरकारले एफएम रेडियोलाई समाचार र सूचना प्रसारण गर्न रोक लगाए पनि प्रसारकहरू तत्काल आन्दोलित भएनन् । खास गरी सरकारसँग हरेक वर्ष इजाजतपत्र नवीकरण गर्नुपर्ने कारणले उनीहरूलाई खुम्च्याएको थियो ।

सुरुमा त प्रसारकहरू लबिङ्गतिरै लागे । तर त्यो प्रयास सफल हुन नसकेपछि उनीहरू पनि बिस्तारै आन्दोलित मनस्थितितर्फ लम्किए । फागुनको अन्त्यतिर काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चले सरकारको फागुन २६ गतेको पत्रमा उल्लेख भएको 'विशुद्ध मनोरञ्जनात्मक' को परिभाषा स्पष्ट पारिदिन सञ्चार सचिवलाई लेखेको पत्र र २७ गते पठाइएका 'सन्देश' हरूको स्रोत खुलाइपाउनका लागि गरेको पत्राचार बाहेक काठमाडौँका एफएम रेडियो प्रसारकहरूले औपचारिक असन्तोष प्रकट गरेका थिएनन् । महासचिव घमराज लुइँटेलका अनुसार, पहिलो पत्रमा सरकारले कुनै जवाफ नै पठाएन भने दोस्रोमा 'रक्षा मन्त्रालयको हवाला दिएर बजाए हुने' मौखिक अनुमति सरकारी अधिकारीहरूले दिएका थिए ।

त्यसपछि चैत्र २९ गते देशभरिका प्रसारकहरूको सामूहिक आवाज संयुक्त प्रेस विज्ञप्तिमार्फत प्रकट भयो । माघ १९ पछि प्रसारकहरूको यो नै विरोधको पहिलो संयुक्त स्वर थियो । सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष रघु मैनाली, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालका महासचिव विष्णुहरि ढकाल र काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चका महासचिव घमराज लुइँटेलले जारी गरेको उक्त विज्ञप्तिमार्फत सरकारले एकपछि अर्को गर्दै सञ्चारमाध्यमहरूलाई क्रमैसँग कठिन अवस्थातर्फ धकेलिरहेको जनाइयो । सरकारले सम्पूर्ण सरकारी विज्ञापनबाट स्वतन्त्र सञ्चारमाध्यमहरूलाई वञ्चित गर्ने औपचारिक निर्णय गरेपछि प्रसारकहरूको असन्तोष सार्वजनिक भएको थियो– 'जनताबाट असुलेको कर जनतालाई नै सूचनाको हकबाट वञ्चित गर्ने कार्यमा पजनी गर्नु राज्यका लागि अशोभनीय पक्ष हो ।'

राष्ट्र र राष्ट्रियताका नाममा सञ्चारमाध्यमहरूमा लगाइएको आर्थिक नाकाबन्दीलाई 'हास्यास्पद' बताउँदै विज्ञप्तिमा भनिएको थियो– राष्ट्रियता सञ्चारमन्त्रालयको आदेशमा होइन, नागरिकको स्वभिमान र गौरवपूर्ण भावनामा अडेको हुन्छ । राष्ट्रियताको दुहाई दिँदै नागरिकको स्वाभिमान र अधिकारमाथि आर्थिक नाकाबन्दी लगाउनु मानव सभ्यताका आधारभूत मान्यताको समेत विपक्षमा छ ।

एफएम रेडियोहरूलाई कुनै पनि समाचार, सूचना, विचार र अभिव्यक्ति प्रसारण गर्नबाट वञ्चित गरी सरकारले स्वतन्त्र प्रेसको संवैधानिक आधार र अवधारणालाई नै चुनौती दिएको तथा समाचार संकलन र लेखन गरेबापत पत्रकारलाई गिरफ्तार गरिरहेको उल्लेख गर्दै विज्ञप्तिमा चिन्ता व्यक्त गरिएको थियो– सरकारका कठोर कदमहरूबाट निजी क्षेत्रका सम्पूर्ण स्वतन्त्र सञ्चारमाध्यमहरू धराशायी हुनुका साथै जनताको सूचनाको हकको अन्त्यसमेत हुने निश्चित छ ।

त्यति नै बेला रेडियो नेपालले एफएम रेडियोहरूका नाममा सार्वजनिक सूचना जारी गरिरहेको थियो, जसमा रेडियो नेपालको समाचार विना अनुमति र पैसा नतिरीकन प्रसारण नगर्न भनिएको थियो । तर एफएमहरूले रेडियो नेपालको समाचार आफ्नो इच्छाले प्रसारण गरेका थिएनन् । त्यसो गर्न सरकारले नै बाध्यात्मक व्यवस्था गरेको थियो । यसका साथै एफएम रेडियोहरूले *रेडियो नेपाल*को समाचार प्रसार गरे बापत रेडियो नेपाललाई कुनै शुल्क तिर्नु नपर्ने गरी २०५५ सालमै सूचना तथा सञ्चार मन्त्रालयको मन्त्रीस्तरको निर्णय भइसकेको थियो । *रेडियो नेपाल* मन्त्रालयको सो निर्णयलाई अवज्ञा गरिरहेको थियो । यो

अवस्थामा *रेडियो नेपाल*को समाचार बजाउनैपर्ने बाध्यता समाप्त परियोस् भन्ने माग प्रसारकहरूले जोडदार रूपमा अघि सारे । 'हाल *रेडियो नेपाल*ले एफएमका नाममा जारी गरेको सूचनालाई हामीले कानुनको धज्जी उडाउने न्यून कोटिको फौज्दारी घोषणा ठानेका छौँ', उनीहरूले भने– 'कानुनको ठाडो उल्लंघन गरेर यस्ता प्रकृतिका सूचना जारी गरी कानुनीराजको न्यूनतम दायराभन्दा बाहिर नजान हामी रेडियो नेपाललाई अनुरोध गर्दछौँ ।'

जेठ १० गते *कम्युनिकेसन कर्नर*ले पाटनढोकास्थित यल माया केन्द्रमा कर्नरका कार्यक्रम बजाउने काठमाडौँबाहिरका केही रेडियो प्रसारक र पत्रकारहरूको भेला आयोजना गर्‍यो । मूलतः कर्नरको *नेपाल दर्पण* कार्यक्रमको प्रसारण पुनः सुरु गर्ने विषयमा आयोजना गरिएको भए पनि भेलाले रेडियो अधिकारका लागि संघर्ष गर्नुपर्ने मनस्थिति तयार गर्न केही मद्दत गरेको थियो ।

यसको भोलिपल्ट जेठ ११ गते स्वतन्त्र रेडियोको अस्तित्व बचाउन क्रियाशील प्रसारक, प्रवर्द्धक तथा सञ्चारकर्मीहरू त्यही ठाउँमा भेला भए । भेलाले स्वतन्त्र रेडियोहरूको आन्दोलनलाई संगठित रूपमा अघि बढाउने निर्णय गर्‍यो । यही भेलाले सरकार र विद्रोही दुवै पक्षका अवाञ्छित हस्तक्षेपका विरुद्ध संघर्ष गर्न; स्वतन्त्र रेडियोमाथि लगाइएको आर्थिक नाकाबन्दी र स्वेच्छाचारी बन्देज खारेज गराउन; प्रेससँग सम्बन्धित कानुनहरूको जथाभावी संशोधन लगायतका पूर्ण प्रेस स्वतन्त्रताविरोधी सबैखाले सरकारी कदमको विरुद्धमा संघर्ष गर्न र २०६१ माघ १९ गतेको शाही कदमपछि रोजगारी गुमाएका तथा अन्यौलपूर्ण अवस्थामा कार्यरत सम्पूर्ण रेडियो पत्रकारको अधिकार सुनिश्चित गर्न सात सदस्यीय 'स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समिति' गठन गर्‍यो ।[१८]

नेपाली स्वतन्त्र रेडियोलाई संवैधानिक र कानुनी अधिकार प्राप्त हुनुका साथै सर्वोच्च अदालतले समेत संरक्षण प्रदान गरेको भए पनि सरकारले तिनको वास्ता नगरी एकोहोरो दमनचक्र चलाइरहेको थियो । गीतबाहेकका सबैखाले कार्यक्रममा

---

[१८] सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष रघु मैनालीको संयोजकत्वमा गठित समितिका सदस्यहरू :- ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालका महासचिव विष्णुहरि ढकाल; काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चका महासचिव घमराज लुइँटेल र सदस्य प्रभात रिमाल; नेपाल प्रेस इन्स्टिच्यूटका महासचिव पी. खरेल; मिडिया सर्भिसेज इन्टरनेसनलका प्रबन्ध निर्देशक हेमबहादुर विष्ट र पत्रकार विनोद ढुङ्गेल । सल्लाहकारहरू :- कान्तिपुर पब्लिकेशन्स्का अध्यक्ष हेमराज ज्ञवाली, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल अध्यक्ष शिवलाल मल्ल, काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चका अध्यक्ष भरत शाक्य, कम्युनिकेसन कर्नरका प्रधान सम्पादक सुरेश आचार्य, नेपाल पत्रकार महासंघका निवर्तमान सभापति तारानाथ दाहाल, अमार्क एसिया प्रशान्त क्षेत्रीय निर्देशक सुमन बस्नेत, मिडिया सर्भिसेज इन्टरनेसनलका निर्देशक विनयकुमार कसजू र इमेज च्यानलका अध्यक्ष आर.के. मानन्धर ।

प्रतिबन्ध लगाइएको र केही गीत र भजनमा समेत अघोषित रोक लगाइएको थियो । झण्डै चार महिनादेखि लगाइएको यस्तो अंकुश संकटकाल समाप्तिपछि पनि यथावत् जारी थियो । लबिङ्गका पुराना प्रयासहरूलाई स्मरण गर्दै उक्त भेलाले भन्यो– 'यसबीचमा भएका सबैखाले प्रयासहरूलाई अन्ततः सरकारी पक्षले परिणामविहीन तुल्याइदिएको छ, यसर्थ स्वतन्त्र रेडियोको अस्तित्व रक्षा र बचाउका लागि संगठित आन्दोलनमा उत्रिन बाध्य हुनु परेको छ ।'

सरकारका तर्फबाट मात्र होइन, माओवादीबाट पनि रेडियोहरूले अनेक ढंगका हस्तक्षेप निरन्तर झेल्नु परिरहेको थियो । *घोडाघोडी एफएम*माथि भएको लुटपाटले उनीहरू पनि स्वतन्त्र रेडियोको अस्तित्व समाप्त पार्न उद्यत छन् भन्ने प्रमाण पेश गरिरहेको थियो । पत्रकार महासंघका अनेकन् आग्रहलाई लत्याएर रेडियो पत्रकारको हत्या गरेका घटनाले उनीहरूको संवेदनहीनता उजागर गरेको थियो । दोहोरो चेपुवामा परेका रेडियोहरूका लागि संघर्षको विकल्प वास्तवमै थिएन ।

भेलाले आन्दोलनमा ऐक्यबद्धता तथा सक्रिय सहभागिता जनाउन पत्रकार जगत्, नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएसनलगायत सबै पेशागत संघ-संगठन, अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरू, नागरिक समाज, तथा बुद्धिजीवीहरूलाई अनुरोध गऱ्यो । नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापाले 'रेडियोले चुनौतीपूर्वक समाचार प्रसारण गर्दै जानुपर्ने, त्यसपछि कानुनी प्रक्रिया अघि बढ्दै जाने' बताएर सबैमा जोश भरिदिनुभयो । आन्दोलनका संयोजक रघु मैनालीले 'संविधानको कुनै पनि धारा निलम्बित नरहेको अवस्थामा प्रदत्त अधिकार प्रयोगमा ल्याउन' संघर्षमा उत्रिनुपरेको तर्क अघि सार्नुभयो । त्यसै दिन आन्दोलनको पहिलो चरणका कार्यक्रम तय गरिए । एकहप्ते सो कार्यक्रममा विरोधका शैलीहरू केही नरम खालका थिए जसलाई सांकेतिक विरोधका रूपमा लिइएको थियो ।

यसअनुसार पहिलो दिन २०६२ जेठ १५ गते नेपालभरिका सम्पूर्ण स्वतन्त्र रेडियो स्टेसनहरूले बिहान ठीक ८ बजेदेखि १ मिनेट रेडियोबाट शंख बजाएर विरोधको शंखघोष गरे । दोस्रो दिन अन्य पेशागत संघ संगठनको समेत सहभागितामा काठमाडौँ उपत्यकाका रेडियो स्टेसनहरूले बिहान ८ बजे पशुपतिनाथ मन्दिरमा पूजाथालीमा एउटा रेडियो सेट समेत राखेर पूजा गर्दै सरकारको सद्बुद्धिका लागि प्रार्थना गरे । काठमाडौँबाहिरका स्टेसनहरूले पनि उपयुक्त मन्दिरमा भेला भएर त्यसैगरी प्रार्थना गरे । जस्तैः नेपालगञ्जको बागेश्वरी, पोखराको बिन्ध्यवासिनी, हेटौँडाको भुटनदेवी, पाल्पाको सिद्ध रणउजीरेश्वरी आदि । मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुलसी गिरीले भने यसलाई 'नाटक' को संज्ञा दिनुभयो । उहाँको भनाइ थियो–

'नाटक गरिरहनोस्, यस्तो नाटकले केही हुनेवाला छैन।' तर, यी सांकेतिक प्रदर्शनले प्रचारात्मक र व्यङ्ग्यात्मक रूपमा व्यापक महत्त्व पाएका थिए।



तस्वीर २ : सञ्चारमन्त्रीलाई गोश्वारा हुलाकमार्फत पुरानो रेडियो पठाउनु अघिको ऱ्याली (तस्वीर : विकास रौनियार)।

तेस्रो दिन नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेका विचार तथा अभिव्यक्ति, प्रेस स्वतन्त्रता र सूचनाको हकसम्बन्धी मौलिक हकका धाराहरू बिहान ठीक ८ बजे सबै रेडियोबाट पाठ गरियो।[१९] चौथो दिन, अन्य पेशागत संघ

---

[१९] नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ मा स्वतन्त्रताको हक (यसभित्र विचार तथा अभिव्यक्ति स्वतन्त्रता र कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता पनि पर्छ); धारा १३ मा छापाखाना र प्रकाशनसम्बन्धी हक र धारा १६ मा सूचनाको हक मौलिक हकका रूपमा समावेश गरिएको थियो।

संगठन समेतको सहभागितामा काठमाडौँ उपत्यकामा सुन्धारामा भेला भई गोश्वारा हुलाकबाट नेपाल अधिराज्यको संविधान २०४७ को एक प्रति र एउटा नबज्ने रेडियो सेट सूचना तथा सञ्चार मन्त्री एवं सरकारका प्रवक्ता टंक ढकालमार्फत मन्त्रिपरिषद्का नाममा पठाइयो । २ किलो ३ सय ८० ग्राम तौलको सो पुलिन्दा पठाउन एक सय आठ रुपियाँ लागेको थियो । 'सरकार पुरानो युगमा फर्केको भन्ने सांकेतिक अर्थ लाग्ने गरी एफएम ब्याण्ड नभएको, मन्त्रीभन्दा पुरानो युगको रेडियो पठाइएको थियो' (कान्तिपुर २०६२ञ) । यो पुलिन्दा मन्त्रालयले सहजै बुझ्न अस्वीकार गरेकाले हुलाकका कर्मचारीले पटक-पटक लिएर जानुपरेको थियो । मन्त्रालयका अधिकारीले 'समातेर थुनिदिऊँ कि ल्याउन छोड्छस् ?' भनेर हप्काएपछि हुलाकीले बुझाउन लानै छाडेको र नष्ट गरिएको थियो ।[२०] काठमाडौँ उपत्यकाबाहिरबाट पनि नेपाल अधिराज्यको संविधान २०४७ को प्रति र नबज्ने रेडियो सेट पायक पर्ने हुलाकबाट त्यसैगरी मन्त्रालयमा पठाइएको थियो र लगत्तै विभिन्न कार्यक्रम गरिएको थियो । यस क्रममा सुनसरीको इटहरीबाट पठाइएको पुरानो रेडियो मन्त्रालयले फिर्ता पठाइदियो । असार ३ गते इटहरी फिर्ता पुगेको त्यो रेडियोको प्याकेटमा लेखिएको थियो- 'अस्वीकार्य छ' (कान्तिपुर २०६२ट) ।

पाँचौँ दिन सम्पूर्ण रेडियो स्टेसनहरूले बिहान ठीक ८ बजे गोपाल योञ्जनको स्वर, शब्द र संगीतको राष्ट्रिय गीत 'बनेको छ पहराले यो छाती मेरो' बजाएर सांकेतिक रूपमा आफ्नो दृढता प्रदर्शन गरे । त्यसको भोलिपल्ट पनि सम्पूर्ण रेडियो स्टेसनहरूले अघिल्लो दिनकै समयमा २ मिनेट प्रसारण नै बन्द गरेर मौन विरोध जनाए । सातौँ दिन अर्थात् पहिलो चरणको आन्दोलनको अन्तिम दिन सबै पेशागत संघ संगठनको सहभागितामा 'शान्तिका लागि रेडियो' नारा लेखिएको तुलसहित काठमाडौँ उपत्यकामा साँझ ७ बजे माइतीघर, मण्डलामा र काठमाडौँ उपत्यकाबाहिर उपयुक्त स्थान चयन गरी मैनबत्ती बालियो ।

आन्दोलनकै बीचमा जेठ १९ गते उपत्यकाका प्रसारकहरू र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिको संयुक्त बैठकले केही नारा तय गऱ्यो । जस्तै - समाचार सूचना, लेख, रचना, विचार र अन्तर्वार्ता रेडियोबाट बजाउन पाउनैपर्छ; नवीकरण शुल्क मिनाहा गर; विज्ञापनमाथिको नाकाबन्दी फिर्ता गर; लगानीको ग्यारेन्टी गर; जगेडा ट्रान्समिटर झिकाउन अनुमति दे; कानुनी राज्यको सम्मान गर; स्वतन्त्र रेडियोमाथिको माओवादी हस्तक्षेप बन्द गर; समाचार र सूचना जनताको अधिकार हो ।

---

[२०] गोश्वारा हुलाक कार्यालय, सुन्धाराका कर्मचारीबाट प्राप्त जानकारी ।

आन्दोलनको कार्यक्रमले गति लिँदै जाँदा स्वतन्त्रताका पक्षधरहरू थप संगठित एवं प्रतिबद्ध हुँदै गएका थिए । यस क्रममा जेठ २६ गते आयोजित एक भेलामा करीब डेढ दर्जन संस्थाका प्रतिनिधि तथा अगुवाहरूले समग्र सञ्चार जगत्माथि राज्यको दमनकारी रवैयाको संयुक्त रूपमा विरोध गरे र स्वतन्त्रताको आन्दोलनलाई थप प्रभावकारी पार्ने अठोट गरे ।[२१] उनीहरूले स्वतन्त्र रेडियोको अस्तित्व नै समाप्त पार्ने राज्यको षड्यन्त्रको विरोध गर्दै र सबैखाले दमन र राज्य आतंक नरोकिए सशक्त र जोडदार कार्यक्रमका साथ आन्दोलनमा उत्रिने चेतावनी दिए । आन्दोलन सञ्चालन गर्न आर्थिक स्रोतको अभाव महसुस भइरहेको सन्दर्भमा यो भेलाले 'अभिव्यक्ति स्वतन्त्रता आन्दोलन कोष' खडा गर्ने निर्णय गऱ्यो र सहयोगका लागि सार्वजनिक आह्वान पनि गऱ्यो ।[२२]

यसैबीच स्वतन्त्र रेडियो बचाऊ आन्दोलन केन्द्रीय संघर्ष समितिले काठमाडौँमा पत्रकार सम्मेलन गरेर जेठ १५ गतेदेखि १५ दिन लामो दोस्रो चरणको आन्दोलन घोषणा गरिसकेको थियो । सो अनुरूप जेठ २५ गते देशभरि नै सम्पादकहरूसँग ऐक्यबद्धताका लागि परामर्श चल्यो । सो अवसरमा राष्ट्रिय दैनिक, साप्ताहिक र पाक्षिक पत्रिकाहरूले आन्दोलनसँग सम्पादकीय ऐक्यबद्धता जनाउने प्रतिबद्धता जनाए । जेठ २६ गते बिहान ८ बजे रेडियोहरूबाट सूचना, समाचार र विचार तथा अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी 'स्पट' प्रसारण गरियो । त्यसमा स्वतन्त्र रेडियोको महत्त्व झल्किने सन्देश समावेश गरिएका थिए । तेस्रो दिन देशभरि विभिन्न ठाउँमा सडकबाट समाचार वाचन चल्यो । २८ गते रेडियो स्टेसन मात्र नभएर श्रोतासमेतको सहभागितामा घण्ट बजाइयो ।

जेठ २९ गते राजधानीमा स्वतन्त्र रेडियोमाथि राज्यको हस्तक्षेपलाई व्यंग्य गरिएका कार्टूनहरूको प्रदर्शनी आयोजना गरियो । प्रदर्शनीमा वात्स्यायन, रविन सायमि, राजेश केसी, अविन, रमेश विष्ट, वासु क्षितिज, उत्तम नेपाल, सागर शाह लगायतका चर्चित कार्टूनिष्टले तयार पारेका कार्टून राखिएका थिए । प्रदर्शित कार्टूनहरूमा सरकारी पदाधिकारीहरूले जापानी राजदूतावासमा ज्ञापनपत्र

---

[२१] सहभागी संस्थाहरू- नेपाल बार एसोसिएसन, हिमाल मिडिया, नेपाल प्रेस इन्स्टिच्यूट, शिक्षा पत्रकार समूह, कम्युनिकेसन कर्नर, स्वतन्त्र रेडियो पत्रकार संघर्ष समिति, नेपाल पत्रकार महासंघ, स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, सेहुर्डेस, अमार्क, साफ्मा नेपाल, *अन्नपूर्ण पोष्ट*, नेपाल केबुल टेलिभिजन संघ, आइपीआई नेपाल च्याप्टर, नेपाल प्रेस युनियन, मिडिया सर्भिसेज इन्टरनेसनल, नेशनल युनियन अफ जर्नलिष्ट ।

[२२] कोष स्थापनाको बेलामा देखिएको उत्साह रकम जम्मा गर्ने क्रममा देखा परेन र त्यस किसिमको व्यवस्थापन पनि हुन सकेन ।

बुझाउँदै "ज्ञापनपत्र बुझ्नुस्, तपाईको देशाँ'नि एफएम रेडियो बजाउनु भएन !" भन्दै गरेको, रेडियोबाट समाचार आएन भनेर एउटी गृहिणीले सबै रेडियोहरू भेला गरेर उसिन्दै गरेको, माघ १९ रूपी राक्षसले एफएम रेडियो खाँदै गरेको, एफएम रेडियोबाट समाचार भन्न लागेका समाचारकर्मीको मुखमा ताल्चा मारिएको तथा एफएमबाट समाचारका रूपमा 'काला कुर्तेले ६ महिने जागीरै खायाँ' भन्ने गीत हार्मोनियम अगाडि राखेर गाउँदै गरेको दृश्य निकै रोचक थिए । त्यसै दिन पोखरा, नारायणघाट, हेटौँडा, इटहरी, विराटनगर, विर्तामोड, नेपालगञ्ज, दाङ लगायतका ठाउँमा पनि कार्टून प्रदर्शनी गरियो ।

जेठ ३० गते राजाको दोहा भ्रमण भइरहेको थियो । सोसम्बन्धी समाचार बेलुका ८ बजे सबै एफएम स्टेसनबाट प्रसारण गर्ने कार्यक्रम राखिएको थियो । रेडियोले राजाकै समाचार प्रसारण गरेर विरोध जनाउने भएपछि राजाले नियुक्त गरेका सरकार सञ्चालकहरूलाई निकै सकस भएको थियो । एकातिर समाचार प्रसारणमाथिको प्रतिबन्धका कारण उनीहरू समाचार बजाउन दिन तयार थिएनन् भने अर्कातिर राजाकै समाचार बजाउँदा कारबाही गर्ने आँट पनि गर्न सकिरहेका थिएनन् । यही 'कठिनाइ' मा परेपछि सरकारले आन्दोलनकारीहरूसँग वार्ताको प्रस्ताव अघि सारेको थियो । *(वार्ताको प्रसङ्ग यसै खण्डमा 'स्वतन्त्रताका लागि संवाद' शीर्षकमा थप उल्लेख गरिएको छ ।)*

त्यस दिन सरकारी प्रपञ्च र आफ्नै भ्रमका कारण काठमाडौँ उपत्यकाका कुनै पनि एफएम स्टेसनले राजाको दोहा भ्रमणसम्बन्धी समाचार प्रसारण गरेनन् । काठमाडौँबाहिरका भने केहीले प्रसारण गरे । भोलिपल्ट थप १६ ओटा एफएम स्टेसनले दोहा भ्रमणको समाचार प्रसारण गरे । यो कार्यक्रम प्रभावकारी अवश्य थियो, तर राजधानीका एक दर्जनभन्दा बढी एफएममध्ये एक चौथाइले पनि यसलाई साथ दिएनन् । यसरी सडक आन्दोलन बढी प्रभावकारी र स्टुडियोबाट गरिने आन्दोलन कम प्रभावकारी साबित हुन पुग्यो । नयाँ शैलीको विरोध कार्यक्रमलाई निस्तेज पार्न सरकारले असार १ गतेको *गोरखापत्र*मा सूचना प्रकाशित गर्दै स्थायी प्रकृतिको सर्त निर्धारण गरेपछि आन्दोलनमा होमिन रेडियो प्रसारकहरू हच्किए । उक्त सूचनामा तोकिएको सर्तविपरीत प्रसारण गरेको पाइएमा इजाजतपत्र नै रद्द तथा सजायसमेत हुने चेतावनी सूचना तथा सञ्चार मन्त्रालयले दिएको थियो ।

जेठ ३१ गते पेशागत संघ संगठनका प्रतिनिधिहरूको संलग्नतामा स्वतन्त्र रेडियोको भूमिका र अवस्थाका विषयमा विचार गोष्ठी भयो । यो स्वतन्त्र रेडियोलाई राज्यको आक्रमणबाट जोगाउँदै कसरी अगाडि बढ्ने भन्ने विषयमा राय संकलनसमेत गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रम थियो ।

असार १ गते बेलुका ५ बजे ललितपुरस्थित यल माया केन्द्रमा ऐक्यबद्धता साङ्गीतिक कार्यक्रम गरियो । कलाकारहरूले गीत गाएर आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गरे । रामेशले *रोक्ने को हो दूरदर्शी विचारका धारा, तिमी देऊ तिम्रा हातहरू, हिउँले कठ्याङ्ग्रिने दिन आए* जस्ता सन्देशमूलक गीत गाउनुभयो । शिशिर योगीले *तल रुन्छ गाउँबेसी माथि भीर पाखा,* सुगम पोखरेलले *मीठो हाँसो हाँस्नै छोड्यौँ,* अमृत गुरुङले *अभाव अभाव,* आभाषले *भुइँकुहिरो उड्न थाल्यो,* दीपेशकिशोर भट्टराईले *शुभकामना नवयुगका नवयुवालाई* तथा मौसमी गुरुङ र निर्णय श्रेष्ठले *तिमी नेपाली म नेपाली* जस्ता सांकेतिक गीत प्रस्तुत गर्नुभयो । वरिष्ठ गायक तथा संगीतकार अम्बर गुरुङको उपस्थितिमा उहाँको गीत *कहीँ आफ्नै भुमरीमा आफैँ पर्‍यौ कि* गाएर पत्रकार कनकमणि दीक्षितले सरकार आफ्नै भुमरीमा आफैँ फसिरहेकाले आफूले पत्रकार भए पनि व्यङ्ग्यस्वरूप यो गीत गाउनुपरेको बताउनुभयो ।

असार २ गते बिहान र बेलुका ८ बजे गीत प्रसारणको सांकेतिक कार्यक्रम थियो । त्यस दिन सबै रेडियोहरूले विरोधस्वरूप बिहान ८ बजे जी. शाह अर्थात् राजा ज्ञानेन्द्रले रचना गरेको र प्रकाश श्रेष्ठले गाएको गीत 'बाँच्नु नै छ यदि भने बाँच नेपाली भै' प्रसारण गरे । विदेशी च्यानललाई निर्बाध प्रसारण हुन दिएर स्वदेशी रेडियोको मुख बन्द गर्ने सरकारप्रति व्यङ्ग्य गर्दै यो गीत बजाइएको थियो । बेलुका ८ बजे 'कहीँ आफ्नै भुमरीमा आफैँ पर्‍यौ कि' भन्ने गीत बजाइयो ।

असार ३ गते विभिन्न धर्म, सम्प्रदायका व्यक्तिहरूले आ-आफ्नो परम्पराअनुसार शान्तिका लागि रेडियो वाचनसहित प्रार्थना गरे । त्यसको भोलिपल्ट 'स्वतन्त्र रेडियो बचाऔँ ऐक्यबद्धता कार्यक्रम' अन्तर्गत नागार्जुन साहित्य प्रतिष्ठानले नेपाल कला परिषद्मा शुभप्रभात काव्य गोष्ठी आयोजना गर्‍यो । एकाबिहानै दुई दर्जनजति कविहरू त्यहाँ भेला भए । कवि श्यामलले 'किचकन्या' शीर्षकको कविता पाठ गर्नुअघि बर्तोल्त ब्रेख्तको एउटा रचनांश सुनाउनुभयो– 'के अँध्यारोमा पनि गाइएलान् त गीतहरू ? हो, अँध्यारोमा पनि गाइनेछन् गीतहरू- अँध्यारोकै बारेमा' । वास्तवमा यस्तै थियो रेडियोका लागि त्यो समय । कवि तथा पत्रकार चंकी श्रेष्ठले 'कायाकल्प' शीर्षकको कविताबाट गोष्ठीमा कविता पाठको क्रम सुरु गर्नुभएको थियो । कविता पढ्ने केदार शर्मा, पद्म गौतम, घमराज लुइँटेल, पूर्ण विराम, नारायणदत्त कँडेल, दाहाल यज्ञनिधि, आनन्दराम पौडेल, मिलन तिमिल्सिना, रघु मैनाली, हरिगोविन्द लुइँटेल पत्रकारितामा परिचित नामहरू थिए । एउटा कविता भने अत्यन्त हतारमा त्यही काव्यगोष्ठीका लागि रचेर साफी नै नगरी वाचन गरिएको थियो । त्यो थियो– कवि तथा गीतकार श्रवण

मुकारुङको 'बिसे नगर्चीको बयान' । यो कविता रेडियो आन्दोलनका लागि मात्र नभएर समग्र लोकतान्त्रिक आन्दोलनकै एउटा सम्पत्तिको रूपमा स्थापित हुन पुग्यो ।

असार ५ गते कलाकार मनोज गजुरेलको अगुवाइमा काठमाडौँको भृकुटीमण्डपमा अभिव्यक्ति स्वतन्त्रता र रेडियो विषयक हास्यव्यङ्ग्य कार्यक्रम गरियो । हास्यकवि तथा कलाकारहरूले विशुद्ध मनोरञ्जनात्मक सामग्री मात्र प्रसारण गर्ने सरकारको आदेशप्रति चर्को व्यङ्ग्य गरे । समाचारलाई 'मनोरञ्जनात्मक' बनाउँदा पैदा हुने हास्यलाई गजुरेलले सजीव किसिमले प्रस्तुत गर्नुभयो । असार ६ गते रेडियोहरूले सरकारमाथिको व्यंग्यस्वरूप बिहान ८ बजे दुई मिनेटसम्म हाँसो मात्र प्रसारण गरे । ७ गते 'बाल भविष्यका लागि रेडियो' भन्ने नाराका साथ सडक बालबालिकालाई भोजन गराउने कार्यक्रम आयोजना गरियो ।

असार ८ गते रेडियो पत्रकारहरूले देशभरि बाँदरलाई नरिवल दिने कार्यक्रम गरे । सरकारले एफएम रेडियोको महत्त्व बुझ्न नसकेको टिप्पणी चारैतिरबाट आइरहेकै बेला यस कार्यक्रमले सरकारलाई बाँदर र रेडियोलाई नरिवलको रूपमा चित्रित गरेको थियो । काठमाडौँ उपत्यकामा स्वयम्भूनाथको मूल ढोका, भगवानपाउमा बाँदरलाई नरिवल दिइएको थियो । जटासहितको नरिवल, बोक्रैसँगको नरिवल र बोक्रा झिकेको नरिवल गरी तीनै थरी नरिवल बाँदरलाई दिँदा त्यहाँ भेला भएका 'रेडियो समाचारका भोका' मान्छेहरूले निकै चाख मानेर त्यो दृश्य हेरेका थिए (ढुङ्गाना २०६२) । बाँदरले नरिवल खेलाएको, खान खोजेको अनि छोडेको र फेरि आएर लैजान खोजेको दृश्य देख्नेहरूले बाँदरका हातमा नरिवल भन्ने उखान चरितार्थ भएको देखिरहेका थिए । काठमाडौँ उपत्यकाबाहिरका कतिपय सहरमा भने बाँदर नपाएर नरिवल दिन समस्या पनि परेको थियो । त्यस्ता ठाउँमा बाँदरको पुत्लालाई नरिवल दिइएको थियो । दोस्रो चरणको अन्तिम कार्यक्रमको रूपमा, असार ९ गते बिहान ८ बजे स्वतन्त्र रेडियोहरूले आत्मकथा प्रसारण गरे ।

दोस्रो चरणको आन्दोलनमा मूलतः विचार तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर विभिन्न पेशा र व्यवसायका मान्छेहरूलाई समेट्ने योजना तय गरिएको थियो । यस सिलसिलामा गीत, संगीत, कला, साहित्य, लेखन, प्राध्यापन चिकित्सा आदि क्षेत्रका व्यक्तिहरूलाई उहाँहरू रेडियो स्वतन्त्रताको पक्षमा रहनुहुनेछ भन्ने विश्वासका साथ आन्दोलनमा सहभागिता र समर्थनका लागि आग्रह गरियो । त्यसरी अनुरोध गरिएका सबैले साथ दिए पनि कलाकारहरू मदनकृष्ण श्रेष्ठ र

हरिवंश आचार्य भने आन्दोलनलाई साथ दिन तयार हुनुभएन । उहाँहरूले आफू 'निस्कने बेला नभएको' बताएर रेडियो आन्दोलनको समर्थनमा देखा पर्न अस्वीकार गर्नुभयो भने वरिष्ठ चलचित्रकर्मी यादव खरेल समर्थन गर्छु भनेर पनि निर्धारित कार्यक्रममा सहभागी हुनुभएन ।

यसैबीच असार १० र ११ गते स्वतन्त्र रेडियो बचाऊ आन्दोलनको आयोजनामा काठमाडौँको बुढानीलकण्ठमा देशभरिका सबै स्वतन्त्र रेडियो स्टेसनका प्रतिनिधि, रेडियो पत्रकार तथा स्वतन्त्र रेडियोको अधिकारका लागि क्रियाशील व्यक्ति तथा संस्थाहरूसमेतको सहभागितामा राष्ट्रिय भेला सम्पन्न भयो । भेलामा ४० भन्दा बढी एफएम रेडियो प्रसारकहरूको सहभागिता थियो । उनीहरूले माघ १९ पछि आफूहरूले राज्यपक्षबाट व्यहोर्नुपरेको समस्या तथा धम्कीबारे जानकारी गराउनुका साथै आफ्नो पेशागत स्वतन्त्रता र जनताको सुसूचित हुन पाउने अधिकारका लागि अन्तिम अवस्थासम्म आन्दोलन जारी राख्ने प्रतिबद्धता जाहेर गरे ।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश लक्ष्मणप्रसाद अर्यालले रेडियोको 'स्वीच अन' गरेर भेलाको उद्घाटन गर्नुभएको थियो । 'स्वीच अन' गरेलगत्तै रेडियोमा 'अर्यालद्वारा भर्खरै राष्ट्रिय भेला उद्घाटन गरिएको' समाचार बजेको थियो ।[२३] अर्यालले एफएम रेडियोको समाचार आमजनताको आवाज भइसकेको चर्चा गर्दै समाचार बिनाका एफएम रेडियोको औचित्य नै नरहेको उल्लेख गर्नुभयो । "जनतालाई गुमराहमा राख्न सरकारले प्रेसमाथिको दमनकारी नीति ल्याएको र त्यसैको परिणामस्वरूप पहिलो तारो सरल पहुँचको माध्यम एफएम रेडियो बन्न पुगेको" उहाँको भनाइ थियो ।

भेलाले स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिलाई नयाँ र पूर्ण म्यान्डेट सहित सर्वसम्मतिले पुनः चयन गऱ्यो । यसका साथै मोफसलबाट पाँचै विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी पाँच जनालाई संघर्ष समितिको क्षेत्रीय संयोजक तोकी सबै क्षेत्रीय संयोजकहरू केन्द्रीय संघर्ष समितिको सदस्यसमेत रहने व्यवस्था गऱ्यो ।[२४] सम्मेलन 'स्वतन्त्र रेडियो आन्दोलन काठमाडौँ घोषणापत्र' जारी गरेर सकियो (उक्त घोषणपत्र अनुसूची १ मा छ) । नेपाली स्वतन्त्र रेडियोहरूको छोटो विकासक्रममा यस प्रकारको एकीकृत भावना पहिलो पटक

---

[२३] स्वतन्त्र रेडियो पत्रकार संघर्ष समितिले तयार पारेको यो समाचार समितिका संयोजक विनोद ढुङ्गेलको स्वरमा रेकर्ड गरिएको थियो ।

[२४] मध्य तथा सुदूर-पश्चिमाञ्चल दधिराम सुवेदी, पश्चिमाञ्चल- गुणाकर अर्याल र प्रितममान बुद्धाचार्य, मध्यमाञ्चल- सहन प्रधान, र पूर्वाञ्चल- चन्द्र भण्डारी ।

देखा परेको थियो, जसले रेडियोकर्मीहरूमा पर्याप्त साहस र आत्मबल बढाएको थियो ।

भेला सम्पन्न भएपछि, केन्द्रीय संघर्ष समितिले जनताको करबाट चलेका सरकारी सञ्चारमाध्यमलाई एफएम रेडियोसम्बन्धी निराधार र कपोलकल्पित समाचार प्रकाशन र प्रसारण गर्न लगाएर सरकारले आम जनमानसमा भ्रम पैदा गर्ने चेष्टा गरेको भन्दै त्यसको सार्वजनिक रूपमा भर्त्सना गऱ्यो । राष्ट्रिय प्रसारण ऐन कहिले आयो भन्नेसम्म थाहा नपाई खबर बनाउने त्यस्ता सञ्चारमाध्यमहरूलाई राष्ट्रिय प्रसारण ऐन २०४९, राष्ट्रिय प्रसारण नियमावली २०५२ र सर्वोच्च अदालतको एफएमसम्बन्धी फैसला २०५८ राम्ररी अध्ययन गर्न पनि संघर्ष समितिले चुनौती दियो ।[२५] सरकारी सञ्चारमाध्यमहरूमा भारतमा एफएम प्रसारणमा विदेशी लगानी खुला गरिएको समाचारलाई आधार बनाएर नेपालमा पनि त्यसै गर्नुपर्छ भनी एकतर्फी प्रचार गर्ने गरिएको थियो । त्यस सन्दर्भमा सूचना तथा सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणालगायतलाई आन्दोलनको खुला प्रश्न थियो– “नेपालमा नेपाल अधिराज्यको संविधान र कानुन लागू हुन्छ कि भारतको ? नेपालको सर्वोच्च अदालतले गरेको फैसला लागू हुन्छ कि केही व्यक्तिको मनगढन्ते कल्पना ?”

आन्दोलनकारीहरूमा त्यतिबेला सरकारी दुष्प्रचारका कारण थामिनसक्नु आक्रोश उम्लिएको कुरा उक्त वक्तव्यको भाषाले पनि देखाउँछ–

> विश्वमा घोषित तानाशाही राष्ट्रहरूमा समेत एफएमले समाचार प्रसार गर्न पाउँछन् भन्ने समेत हेक्का *गोरखापत्र*लाई छैन । श्री ३ मोहन शमशेरको प्रशस्ति गाएर श्री ५ त्रिभुवनलाई गाली गर्ने *गोरखापत्र*को विश्वसनीयता त इतिहासले केलाएकै छ । वर्तमान अवस्थामा सत्य कुरा के हो भने, नेपाल अधिराज्यको संविधान, सर्वोच्च अदालतका नजीर र ऐनभन्दा माथि कोही पनि छैन र कसैका मनगढन्ते एकालापका आधारमा संविधान, सर्वोच्च अदालतको फैसला-नजिर र ऐन मिच्ने अधिकार पनि कसैलाई छैन । सरकारी सञ्चारविद् भनाउँदाहरू सक्छन् भने एफएम रेडियोसम्बन्धी हामीसँग खुला बहस गर्न अघि सरुन् । हाम्रो उनीहरूलाई खुला चुनौती छ । लुकेर अँध्यारोमा तीर हान्ने र जनतालाई एकतर्फी भ्रम फैलाउने दुष्प्रयास नगरुन् ।

यसैबीच असार १६ देखि ३० गतेसम्मका लागि तेस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरिए । सोहीअनुसार, २०६२ असार १७ मा राजा समक्ष

---

[२५] स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिका तर्फबाट २०६२ असार १८ मा प्रवक्ता घमराज लुइँटेलद्वारा जारी प्रेस विज्ञप्ति ।

स्वतन्त्र रेडियोले भोग्नुपरेका समस्या तथा श्री ५ को सरकारबाट खडा गरिएका व्यवधान र तिनबाट स्वतन्त्र रेडियोलाई परेको मर्काबारे लिखित रूपमा जाहेर गरियो । राजाको जन्मोत्सवका अवसरमा नारायणहिटी राजदरबारमा आयोजित जलपान कार्यक्रममा आमन्त्रित प्रसारकहरूले लिखित रूपमा राजा समक्ष विन्तीपत्र प्रस्तुत गर्ने योजना तय गरिएको थियो । तर, राजाकै हातमा पत्र हस्तान्तरण गर्ने अवसर नमिलेकाले उनीहरूले संवाद सचिवको हातमा पत्र बुझाएका थिए ।

"श्री ५ महाराजाधिराज सरकारका जुनाफमा हामी देशभरका स्वतन्त्र एफएम रेडियो प्रसारकहरूका तर्फबाट वर्तमान परिस्थितिमा देशभरका स्वतन्त्र रेडियोहरूले भोग्नुपरेका कठिनाइबारे निम्न बुँदामा जाहेर गर्दछौँ," भनेर विन्तीपत्रको थालनी गरिएको थियो । विन्तीपत्रमा स्वतन्त्र रेडियोले निर्वाह गरेको भूमिका र राज्यले यसलाई गर्नुपर्ने व्यवहार; शाही कदमपछि भएको दमन; संकटकाल नरहेको अवस्थामा समेत समाचारमा बन्देज लगाएको अवस्थाले सिर्जना गरेको अन्योल; रेडियोले समाचार प्रसारण गर्न पाउने अधिकारको कानुनी अवस्था; सर्वोच्च अदालतको विशेष इजलासले समाचार प्रसारण गर्न पाउने गरी खुला गरिदिएको बाटो; सरकारले स्वतन्त्र रेडियोलाई विभिन्न किसिमले गरेको आर्थिक दमन र नाकाबन्दीका कारण स्वतन्त्र रेडियोको सञ्चालनमा उत्पन्न गम्भीर संकट; करीब एक हजार रेडियो पत्रकारहरू बेरोजगार बन्नु परेको अवस्था र तीन महिनासम्म बारम्बार अनुरोध गर्दा पनि सरकारबाट कुनै प्रकारको सुनुवाइ नभएपछि स्वतन्त्र रेडियो बचाऊ आन्दोलन गठन गरेर चलाएको विरोध कार्यक्रमको पृष्ठभूमि समेत दसओटा बुँदामा समेटिएको थियो (विन्तीपत्रको पूर्ण रूप अनुसूची २ मा छ) । देशभरका स्वतन्त्र रेडियो स्टेसनका तर्फबाट काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल र सामुदायिक रेडियो प्रसारक संघले बुझाएको यो विन्तीपत्रको अन्त्यमा 'समाचार तथा सूचनामूलक लगायतका सबै कार्यक्रम प्रसारणको अनुमतिका लागि श्री ५ को सरकारलाई आवश्यक निर्देशन बक्स हुन' श्री ५ महाराजाधिराज सरकार समक्ष विन्तीपत्र चढाएको उल्लेख गरिएको थियो । विन्तीपत्रका साथ असार १० गते सम्पन्न राष्ट्रिय भेलाले पारित गरेको काठमाडौँ घोषणापत्र पनि संलग्न गरिएको थियो ।

असार १८ गते बेलुका ८ बजे सबै रेडियो स्टेसनले श्री ५ लाई बुझाएको विन्तीपत्रबारे सामग्री प्रसारण गर्ने कार्यक्रम राखियो र १९ गते स्वतन्त्र रेडियोको महत्त्वका बारेमा रेडियो छलफल कार्यक्रम सञ्चालन तथा प्रसारण गरियो । तर, यी दुवै कार्यक्रम त्यति प्रभावकारी हुन सकेनन् ।

यसपछि असार २३ गते सरकारले लगाएको रोकको अवज्ञा गर्दै एफएम रेडियोहरूले साँझ ८ बजे समाचार प्रसारण गरे । यस क्रममा काठमाडौँको *नेपाल एफएम*ले बिहान ८ बजे र बेलुका ५ बजे *राजधानी खबर* बजायो जसमा राजदरबारबाट प्रसारण गर्नका लागि भनेर पठाइएको श्री ५ को जीवनीसहितका सामग्रीलाई समाचारको रूपमा प्रस्तुत गरिएको थियो ।[२६] र, त्यही दिनदेखि उसले दुवै समाचार बुलेटिनलाई नियमित रूपमा जारी राख्यो । अरू एफएम स्टेसनले भने एक दिन मात्रै समाचार बजाएका थिए ।

असार २४ गते तेस्रो चरणको आन्दोलनका मुख्य गतिविधि समेटेर सडक समाचार प्रस्तुत गर्ने कार्यक्रम भयो । असार २६ गते बेलुका ८:०० बजे स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका संयोजक रघु मैनालीद्वारा जारी वक्तव्य प्रसारण गरियो । वक्तव्यमा सरकारी व्यवहारबारे केही प्रश्न र सरकारलाई केही आग्रह गर्नुका साथै आन्दोलनका थप कार्यक्रममा साथ दिन श्रोतालाई अनुरोध गरिएको थियो ।

असार ३० गते बेलुका स्वतन्त्र रेडियोहरूले समाचार बजाउन पाउनुपर्छ कि पर्दैन भन्ने विषयमा सार्वजनिक स्थलमा मतदान भयो । 'एफएममा समाचार चाहिन्छ कि चाहिँदैन' भन्ने प्रश्न राखेर काठमाडौँमा साँझ ५:०० देखि ६:०० बजेसम्म नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको पश्चिमपट्टि मतदान गराइएको थियो । मतदानमा कुल दुई हजार एक सय १७ मतदाताले भाग लिएकोमा 'चाहिन्छ' भन्ने पक्षमा दुई हजार १६ जना र 'चाहिँदैन' भन्ने पक्षमा जम्मा २७ मत खस्यो । ७४ मत बदर भए । अन्तर्राष्ट्रिय मिडिया मिसनका प्रतिनिधि र मानवअधिकारकर्मीहरूले मतदानको पर्यवेक्षण गरेका थिए । मानवअधिकारकर्मी सुवोध प्याकुरेल र सुरेशचन्द्र पोखरेलले मतगणना सम्पन्न गरी अन्तिम नतिजा सुनाउनु भएको थियो ।

त्यसै दिन दाङमा बिहान ९ बजेदेखि तीन घन्टासम्म भएको मतदानमा ५ हजार २ सय २० मतदाताले भाग लिए, जसमा एफएममा समाचार चाहिन्छ भन्ने पक्षमा ५ हजार ५२ मत खसेको थियो । चाहिँदैन भने पक्षमा एक सय २७ मत खसेको थियो र ४१ मत बदर भएको थियो । पोखरा, विराटनगर, झापा, बुटवल, नेपालगञ्ज, चितवन, पाल्पा, बाग्लुङलगायत देशका विभिन्न भागमा मतदान भयो । नारायणघाटमा प्रहरीले हस्तक्षेप गरेपछि अर्को ठाउँमा गएर पुनः मतदान

---

[२६] शाही आदेश उल्लंघन गर्दै पहिलो समाचार बुलेटिन पढ्ने समाचारवाचिका - प्रभाती कार्की । समाचार समूहका सदस्यद्वय सरोज दाहाल र निर्मल अर्याल । टोली संयोजक/सम्पादक विनोद ढुङ्गेल ।

गराउनु परेको थियो । यसरी देशभरि भएको मतदानमा ९९ प्रतिशतभन्दा बढी मत एफएममा समाचार चाहिन्छ भन्ने पक्षमा खसेको थियो (कान्तिपुर २०६२ठ) । यो मत परिणामबाट ९९.५ प्रतिशत जनता एफएममा समाचारमाथिको प्रतिबन्ध हटाउन चाहन्छन् भन्ने देखिएको थियो (द काठमाण्डु पोष्ट सन् २००५ए) । यसले लोकप्रियताको दृष्टिले मात्र नभई राजनीतिक र नैतिक रूपमा पनि रेडियो आन्दोलनको जीत भएको देखिएको थियो ।

रेडियो स्वतन्त्रताका लागि चलिरहेको यो आन्दोलन वास्तवमा लोकतान्त्रिक मूल्यका आधारमा अघि बढेको नैतिक आन्दोलन थियो । यसलाई जिम्मेवार, मर्यादित, अनुशासित र व्यवस्थित बनाउन सातबुँदे आचारसंहिता तयार पारिएको थियो, जुन यस प्रकार थियो–

१) आन्दोलनका सिलसिलामा पार्टीगत निरपेक्षता कायम गर्नु पर्ने छ;
२) स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिले जारी गरेका आन्दोलनका कार्यक्रमहरू सबै स्टेसनले पालना गर्नेछन्;
३) आन्दोलनका क्रममा फरक मत वा कुनै समस्या देखिएमा आपसी रूपमै बसेर मिलाइने छ तर यसलाई सार्वजनिक गरिने छैन;
४) आन्दोलनमा सहभागी भएका कारण सरकार वा अन्य कुनै पक्षले स्टेसन विशेषलाई आक्रमण गरेमा वा दबाब दिएमा सबै स्टेसनहरू एकजुट भएर त्यसको सामना गरिनेछ;
५) आन्दोलनका विषयमा प्रवक्ताले भनेको कुरा आधिकारिक मानिनेछ;
६) रेडियोकर्मीहरूको राष्ट्रिय भेलाले जारी गरेको काठमाडौँ घोषणापत्रको पूर्ण पालना गरिनेछ;
७) आन्दोलनका कार्यक्रमको अवज्ञा गर्ने एफएम रेडियो स्टेसनलाई संगठित रूपमा कुनै सहयोग गरिने छैन ।

आन्दोलनले गति लिइरहेको बेला, *नेपाल एफएम*ले असार २३ गतेदेखि *राजधानी खबर* प्रसारण गरेबापत इजाजत रद्द गर्ने धम्की दिएर सरकारले साउन १९ गते पत्र पठायो । त्यसप्रति आपत्ति जनाउँदै, *नेपाल एफएम*माथि 'कारवाही' अघि बढाइए । त्यसको प्रतिरोधमा कठोर संघर्षमा उत्रिने चेतावनी नेपाल पत्रकार महासंघले सरकारलाई दियो । *नेपाल एफएम*को कार्यालयमा त्यसै दिन बसेको स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिको आपत्कालीन बैठकले गैरकानुनी रूपमा सरकारले तोकेको सर्त मान्न स्वतन्त्र रेडियोहरू बाध्य नहुने

निचोड निकाल्यो । यो बैठकको निर्णयसमेतका आधारमा *नेपाल एफएम*ले साउन २४ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गऱ्यो । त्यसको पर्सिपल्ट, साउन २६ गते अदालतले पूर्ण फैसला नभएसम्म *नेपाल एफएम*को इजाजत रद्द गर्ने काम नगर्न, नगराउन सरकारका नाममा अन्तरिम आदेश जारी गरेपछि आन्दोलनका थप कार्यक्रम आएनन् ।

त्यसअघि सरकारी धम्कीको व्यापक विरोध भएको थियो । साउन २२ गते बिहानै रेडियो श्रोताको समूह 'लिस्नर्स क्लब' समेतको संलग्नतामा *नेपाल एफएम* परिसरबाट जुलुस निस्क्यो र कालीमाटी पुगेर कोण सभामा परिणत भयो (द काठमाण्डु पोष्ट सन् २००५बी) । सभामा 'शान्तिका लागि नागरिक ऐक्यबद्धता' का संयोजक डा. मथुराप्रसाद श्रेष्ठले 'कायरहरूले पठाएको चिठ्ठीको कुनै वास्ता नगरी एफएमले समाचार प्रसारण गरिरहनुपर्ने' बताउनुभयो भने आन्दोलनका संयोजक रघु मैनालीले *नेपाल एफएम*लाई पठाएको चिठ्ठी सबै सञ्चारमाध्यम, नागरिक समाज र नागरिक अधिकारमाथिको आक्रमण भएको टिप्पणी गर्नुभयो । यसै सिलसिलामा साउन २४ गते लिस्नर्स क्लबका तर्फबाट नयाँ बानेश्वर चोकमा विरोध प्रदर्शन गरियो । कार्यक्रममा श्रोता, पत्रकार, विभिन्न संघसंस्थाका व्यक्तिहरू सहभागी भए । क्लबका अध्यक्ष छविरमण अधिकारीले श्रोताको समाचार सुन्ने अधिकारलाई हनन् नगरी धम्कीपत्र तत्काल फिर्ता लिन सरकारलाई चेतावनी दिँदै एफएमहरूलाई समाचार प्रसारण गरिरहन आग्रह गर्नुभयो (नेपाल समाचारपत्र २०६२ज) ।

*नेपाल एफएम*को मुद्दामा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेपछि स्वतन्त्र रेडियोहरूको समाचार प्रसारणको स्वतन्त्रताको पुनर्बहाली भएको थियो । त्यसैले रेडियोको आन्दोलन पनि सडकबाट फिर्ता भएको थियो । सरकारले समाचार रोक्न नपाउने भइसकेपछि सडक तताउनुको सट्टा आफ्ना प्रसारण सामग्रीलाई चुस्त बनाउने चुनौती रेडियो स्टेसनहरूका सामु उपस्थित भएको थियो । उनीहरूलाई त्यसमा सक्रिय रहन दिएर स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले एफएमको हितमा केही रचनात्मक कार्यक्रमको तयारी गऱ्यो । पहिलो कार्यक्रम थियो– मुलुकका स्वतन्त्र रेडियोहरूमध्ये क-कसले के कसरी समाचार प्रसारण गर्दैछन् र त्यहाँ सञ्चारकर्मीको अवस्था के छ भन्ने तथ्य संकलन । रेडियोले भोगेको संकटले त्यस्तो तथ्य संकलन र प्रकाशनको खाँचो महसुस गराएको थियो ।

अर्को थियो- रेडियोसम्बन्धी अभिमत संकलन । रेडियो समाचारको महत्त्व र आवश्यकता स्थापित गर्न रेडियोले समाचार प्रसारण गर्दा र नगर्दाको अवस्थाको

तुलनात्मक अभिमत संकलन गर्नु जरुरी थियो । यसका लागि आम श्रोता, विशिष्ट श्रोता र जनमत निर्माता गरी तीन खालका श्रोताको अभिमत संकलन गर्ने योजना बनाइयो र रेडियो समाचारको प्रभाव मूल्यांकन गर्न निश्चित ठाउँहरू पनि तोकियो– जस्तैः बिर्तामोड, धरान, इटहरी, विराटनगर, नेपालगञ्ज, नारायणघाट, बुटवल, पाल्पा, पोखरा, दाङ, सुर्खेत, काठमाडौँ आदि । कुराकानी गर्नका लागि काठमाडौँमा विशिष्ट श्रोताका रूपमा लक्ष्मण अर्याल, कृष्णजङ्ग रायमाझी, डा. देवेन्द्रराज पाण्डे, सतीश खरेल, सत्यमोहन जोशी, दुर्गाप्रसाद भण्डारी, अभि सुवेदी, दमननाथ ढुङ्गाना जस्ता नागरिक समाजका अगुवाको नाम छानियो ।

आवश्यक ठानिएको अर्को पक्ष थियो– प्रवृत्ति विश्लेषण । स्वतन्त्र रेडियोबाट समाचार प्रसारण र माओवादी विद्रोहबीच के सम्बन्ध छ ? सरकारले रेडियो समाचारमा प्रतिबन्ध लगाएपछि पनि माओवादी किन समाप्त भएनन् ? एफएम रेडियो बहुदलीय प्रजातन्त्रका अत्यन्तै महत्त्वपूर्ण उपलब्धिमध्ये एक भएकै कारण तिनलाई समाप्त गर्न खोजिएको हुन सक्छ कि सक्दैन ? एफएम रेडियोबाट समाचार प्रसारण गर्दा सबैभन्दा ठूलो नोक्सान कसलाई हुन्छ र फाइदा कसलाई ? राज्यको नियत स्पष्ट पार्ने यस्ता प्रश्नहरूको विश्लेषणयुक्त जवाफ पहिल्याउनु आवश्यक मात्र होइन, रोचक पनि हुने थियो ।

सरकारी सञ्चारमाध्यमहरूले किन र कसरी भ्रम फैलाइरहेका छन् भन्ने कुराको रहस्योद्घाटन अर्को आवश्यक काम थियो । जस्तैः एफएमबाट संसारमै समाचार दिइँदैन भन्ने सरकारी भनाइ कसको दिमागको उपज हो ? *गोरखापत्र*मा सत्ताको समर्थन र सञ्चार स्वतन्त्रताको विरोधमा चिठी लेख्ने वास्तविक लेखक को हुन् ? शासकहरू स्वतन्त्र रेडियोबाट समाचारमूलक सामग्री प्रसारण हुन किन दिन चाहँदैनन् ? के सरकारी सञ्चारमाध्यमहरू भ्रम सिर्जना गर्नकै लागि सञ्चालन गरिएका हुन् ? जागिर खाएको बाध्यतावश मात्र त्यहाँका सञ्चारकर्मीहरू भ्रमको खेती गर्दैछन् कि आफ्नो विश्वासकै पक्षपोषण गरिरहेका छन् ? यी र यस्ता थुप्रै प्रश्नहरू हुनसक्थे, जसको उत्तरले सरकारी सञ्चारमाध्यमको सैद्धान्तिक र व्यावहारिक अवस्थाबारे आम नागरिकलाई स्पष्ट मात्र पार्ने थिएन, स्वतन्त्र सञ्चारमाध्यमको महत्त्व पनि अझ टड्कारो पार्ने थियो ।

अर्को विषय थियो– कानुनी पक्षबारे स्पष्ट पारिनु, जसको आधारमा स्वतन्त्र रेडियोको पक्षमा जनअभिमत सिर्जना गर्न र शासकीय तर्कहरूविरुद्ध प्रतिवाद गर्न सकिन्थ्यो । अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक के नेपालका शासकहरूको स्वेच्छासँग मात्र जोडिएको कुरा हो ? राज्यले अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेको

प्रतिबद्धता र अनुमोदन गरेका सन्धि सम्झौता विपरीत शासकहरूले आम जनता र सञ्चारकर्मीको स्वतन्त्रतामा बन्देज लगाउन पाउँछन् ? के त्यसो गर्न देशकै ऐन कानुन, नियम, अदालतका नजीर आदिले अनुमति दिन्छन् ? अनि, एफएम रेडियोबाट समाचार प्रसारण गर्ने सम्बन्धमा अरू देशका अनुभव र प्रचलन के छन् ?

२०६२ भदौमा तय गरिएको यो योजना सोचेअनुसार कार्यान्वयन हुन सकेन । यसैबीच सञ्चार क्षेत्रलाई मुठीको माखो बनाउने उद्देश्यले दशैंको लामो बिदाको मुखमा सरकारले सञ्चार अध्यादेश जारी गऱ्यो ।

फूलपातीको अघिल्लो दिन जारी गरिएको सो अध्यादेश लागू गराउने काम सरकारले दशैं बिदा सकिने बित्तिकै थालेको थियो । कात्तिक २ र ३ गते लगातार दुई दिन सूचना निकालेर अध्यादेश उल्लंघन गर्नेलाई कारवाही गर्ने चेतावनी दिई त्यसको भोलिपल्टै *कान्तिपुर एफएम*मा मध्यराति लुटपाट मच्चाएको थियो । कात्तिक ५ गते चितवनमा हुन लागेको स्वतन्त्र रेडियो स्टेसनहरूको दोस्रो राष्ट्रिय भेलामा त्यस घटनाले अकस्मात् तापमान थप्यो । बिहान भेला सुरु हुनुअघि देशभरिबाट जम्मा भएका स्वतन्त्र रेडियो स्टेसनका प्रतिनिधिहरू, स्थानीय रेडियो स्टेसनहरू, पत्रकार तथा अन्य सञ्चारकर्मी र नागरिक समाजसमेत मिलेर सञ्चार अध्यादेशको विरोधमा ऱ्याली निकाली नगर परिक्रमा गरे । भेलाले नयाँ परिप्रेक्ष्यमाथि समेत गहन छलफल गर्दै घोषणापत्र जारी गऱ्यो (हेर्नुहोस् बक्स ३) ।

भेलाले सञ्चार अध्यादेशलाई अस्वीकार गर्दै त्यसलाई खारेज गराउन तत्काल सर्वोच्च अदालत जान सामुदायिक रेडियो प्रसारक संघ, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल र स्वतन्त्र रेडियो बचाऊ आन्दोलनलाई निर्देशन दियो । साथै सडक संघर्ष र रेडियो कार्यक्रमहरूबाट समेत रेडियोविरोधी सरकारी कारवाही र अध्यादेश विरुद्ध सशक्त प्रतिकारको कार्यक्रम सञ्चालन गर्ने निर्णय गऱ्यो । यसैगरी स्वतन्त्र रेडियोहरूको अधिकारका पक्षमा रहेका अन्य पेशागत संघ, संस्था र नागरिक समाजसँग मिलेर देशभरि संघर्ष सञ्चालन गर्न केन्द्रीय संघर्ष समितिलाई निर्देशन दियो ।

यस अतिरिक्त भेलाले स्थानीय एफएम रेडियोहरूलाई कार्यक्रमगत, विषयगत, व्यवस्थापनगत र प्रविधिगत हिसाबले सुदृढ एवं सम्बर्द्धन गर्नुपर्नेमा जोड दिँदै यसका लागि स्वतन्त्र रेडियो प्रवर्द्धनमा लागेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था र संगठनहरूले विशेष ध्यान दिनुपर्ने आग्रह गऱ्यो । काठमाडौं उपत्यकामा उत्पादित भई विभिन्न स्टेसनहरूबाट प्रसारण भइरहेका कार्यक्रमले स्थानीय स्तरमा उत्पादित कार्यक्रमलाई छायाँमा नपारून् भन्नका लागि स्थानीय

रेडियोहरूको कार्यक्रमको गुणस्तर अभिवृद्धि र सबलीकरणका लागि उचित तालिम, अभिप्रेरणा र अन्य सहयोग स्थानीय रेडियोहरूलाई पुऱ्याइनु आवश्यक छ भन्ने भेलाको मान्यता थियो ।

**बक्स ३ : स्वतन्त्र रेडियो स्टेसनहरूको दोस्रो राष्ट्रिय भेला (नारायणघाट, कात्तिक ५, २०६२) ले जारी गरेको घोषणा-पत्र**

*विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, नयाँ नयाँ सूचना, समाचार र ज्ञानको प्रवाह, राष्ट्र र राष्ट्रिय चेतनाको विकास, प्रवर्द्धन तथा नेपाली-नेपालीबीचको सांस्कृतिक एकताका निम्ति नेपालका स्वतन्त्र रेडियो स्टेसनहरूले गरेको कामलाई पुनः स्मरण गर्दै, स्वतन्त्र रेडियो स्टेसनहरूको स्थापना, विकास र प्रवर्द्धनमा लगानी गर्दै यिनलाई अघि बढाउन अनुकूल वातावरण सिर्जना गर्न सहयोग पुऱ्याउनुको सट्टा राज्यबाट पटक-पटक भइरहेको भाँजो हाल्ने क्रियाकलापलाई  मनन गर्दै,*

*स्वतन्त्र रेडियो स्टेसनहरूको यो नारायणघाट राष्ट्रिय भेला घोषणा गर्दछ–*

*स्वतन्त्र रेडियो स्टेसनहरूको स्थापना र सञ्चालन गर्ने क्रममा हामीले गरेको कडा परिश्रम र ठूलै लगानीबाट हामीले कमाएको सबैभन्दा ठूलो पूँजी हाम्रा श्रोताको सद्भाव, माया र  हौसला हो ।*

*स्वतन्त्र रेडियो क्षेत्रमा हामीले गरेको परिश्रम, सेवा, समय र पूँजी लगानीको उद्देश्य पैसा कमाउनु मात्र नभएर सामाजिक उत्तरदायित्व र कर्तव्यको निर्वाह पनि हो ।*

*हामी नेपालका स्वतन्त्र रेडियो स्टेसनहरू आर्जन गरिएको यो प्रतिष्ठाको रक्षा गर्न र सामाजिक दायित्व वहन गर्न पूर्ण प्रतिवद्ध र कृतसङ्कल्पित छौं ।*

*नेपाल र नेपाली जनताको सशक्तीकरण, समृद्धि र आधुनिकीकरणको प्रभावशाली विकास-साधनका रूपमा विकसित यी स्वतन्त्र रेडियो स्टेसनहरूको प्रतिष्ठा ख्याति, प्रभाव र यिनले बनाएको स्थानलाई कम तुल्याउने खालका कुनै पनि काम कारवाही जोसुकैले गरे पनि हामीलाई स्वीकार्य छैन ।*

*हामी सम्झन्छौं– नेपालका स्वतन्त्र एफएम रेडियो स्टेसनहरूबीच प्राप्त यस उपलब्धिलाई रक्षा गर्न सुदृढ र उच्चस्तरको एकताको खाँचो छ । एकलाई संकट पर्दा अर्कोले जुनसुकै स्तरबाट एक ढिक्का भएर सहयोग पुऱ्याउन हामी फेरि एक पटक प्रतिवद्धताको घोषणा गर्दछौं ।*

यसका साथै, स्वतन्त्र रेडियोको अस्तित्व समाप्त गर्न सरकारको क्रियाकलाप आउने दिनहरूमा थप घातक हुनसक्ने सम्भावना तर्फ ध्यान दिँदै रेडियो स्टेसन तथा तिनमा काम गर्ने व्यक्तिहरूमाथि संकट आइपरेको बेला राहत प्रदान गर्न क्षतिपूर्ति कोषको स्थापनाका लागि पनि भेलाले जोड दियो ।

साथै, *कान्तिपुर एफएम*माथिको आक्रमणलाई सबै स्वतन्त्र रेडियोमाथिको आक्रमण विरोधमा कात्तिक ६ गते साँझ ७ बजे २ मिनेटसम्म सबै स्वतन्त्र रेडियो स्टेसनहरूको प्रसारण बन्द राख्न आह्वान गऱ्यो ।

यसैबीच अध्यादेशको विरोधमा धरानमा पत्रकारहरूका साथै राजनीतिक कार्यकर्ताहरूले पनि सञ्चारमन्त्री टंक ढकालको पुत्ला जलाए । सरकारी दमनको विरोधमा राजनीतिक र नागरिक समाजसमेतको समर्थनमा कात्तिक ११ गते काठमाडौँ उपत्यका बन्द गरियो । सञ्चार जगत्को मुद्दालाई लिएर उपत्यका बन्द जस्तो कडा कार्यक्रम आयोजना गरिएको नेपालको इतिहासमा यो पहिलो घटना थियो । कात्तिक १२ गते पत्रकारहरूले निषेधित क्षेत्र घोषणा गरिएको रत्नपार्कमा भेला भएर भोटाहिटीमा पुगी सञ्चार अध्यादेशको पुत्ला जलाए । त्यहाँ १६ पत्रकार पक्राउ परे ।

कात्तिक १४ गते लक्ष्मीपूजाको अघिल्लो दिन बसेको नागरिक समाज, पत्रकार महासंघ तथा स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका प्रतिनिधिहरूको संयुक्त बैठकले सञ्चार अध्यादेश विरुद्ध र स्वतन्त्र मिडियाको पक्षमा तिहारको लगत्तै राजधानीमा विशाल प्रदर्शन गर्ने निर्णय गर्‍यो । बैठकका सहभागीहरूले माघ १९ अघि समाचार प्रसारण गरिरहेका सबै एफएम रेडियोले पूर्ववत् समाचार नबजाएमा नागरिकका तर्फबाट उनीहरूलाई समाचार बजाउन बाध्य हुने गरी सशक्त दबाब दिनुपर्ने सुझाव पनि दिए ।

यसैबीच कात्तिक २० गते स्वतन्त्र रेडियोहरूलाई सञ्चार मन्त्रालयमा हाजिर हुन मौखिक उर्दी जारी गरी सरकारले धम्क्याउने काम गर्‍यो । त्यसलाई 'लज्जास्पद' को संज्ञा दिँदै २० गते नै स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले त्यस्तो काम नदोहोर्‍याउन सरकारलाई चेतावनी दियो । पत्रकार महासंघले पनि त्यसको विरोध गर्दै रेडियोमा समाचार प्रसारण निर्भीकतापूर्वक जारी राख्न एफएम सञ्चालकहरूलाई अपिल गर्‍यो ।[२७] स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले सरकारलाई कानुनी राज्यको मर्यादा पालना गर्न आग्रह गर्‍यो । साथै सरकारका गैरकानुनी व्यवहारको डटेर सामना गर्न सबै पक्ष, वर्ग र पेशाका संगठन, संघ, संस्था, तथा नागरिक समाजलाई आह्वान गर्‍यो ।

प्रतिरोधको सिलसिला सडकबाट अगाडि बढेको बेला सरकारको असंवैधानिक कदमका विरुद्ध अदालतमा पनि कानुनी लडाइँ चलिरहेको थियो । अध्यादेशविरुद्ध साझा मुद्दा लिएर गएका संस्थाहरूको मागलाई अस्वीकार गर्दै सर्वोच्च अदालतले कात्तिक २५ गते सञ्चार अध्यादेशको मुद्दामा अन्तरिम आदेश नदिने निर्णय गर्‍यो । त्यो घटनालाई समेत समेटेर २६ गते उपत्यकाका तीनै सहरका ६० ठाउँमा सडक समाचार प्रसारण गरियो । गाडीमा माइक लगाएर समाचार बजाइएको अलग किसिमको प्रदर्शन भएकाले यसले जनताको ध्यान आकर्षन गर्‍यो ।

---

[२७] महासंघका सभापति विष्णु निष्ठुरीले २०६२ कात्तिक २१ गते जारी गर्नुभएको प्रेस विज्ञप्ति ।

कात्तिक २७ गते स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, नेपाल पत्रकार महासंघ र लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलनका तर्फबाट काठमाडौँमा विशाल प्रदर्शन भयो । ट्रकमा रेडियोको बृहत् प्रतिकृति लिएर त्रिपुरेश्वरबाट निस्केको र्‍याली लोकतन्त्र चोक, नयाँ बानेश्वरसम्म पुगेर सभामा परिणत भएको थियो ।

आन्दोलन जारी रहेकै बेला तुलसीराम निरौलाले दायर गरेको एउटा रिट निवेदनमा मङ्सिर १५ गते सर्वोच्च अदालतले सरकारका नाममा अन्तरिम आदेश जारी गरेपछि सञ्चार अध्यादेशविरुद्धको कानुनी लडाई पनि एक हदसम्म रेडियो आन्दोलनले जित्यो । यसपछि, अन्तरिम आदेश नदिने अदालतको निर्णय (कात्तिक २५ गते) आउने बित्तिकै समाचार बन्द गरेर बसेका *कान्तिपुर एफएम*लगायतका रेडियो स्टेसनले पनि फेरि समाचार सञ्चालन गर्ने बाटो खुल्यो ।

यसबीच सरकारले भने प्रसारण प्राधिकरण गठन गर्ने नाममा स्वतन्त्र रेडियोहरूमाथि थप बन्देज लगाउन अर्को प्रपञ्च रचिसकेको थियो । त्यसलाई माघ २ गते बसेको स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिको बैठकले 'सरकारको आत्मघाती दुस्साहस' ठहर गर्‍यो । सूचना तथा सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणाले पद बहाली गरेकै दिन सञ्चार अध्यादेशलाई 'अपूरो' भनेर थप पूर्णताका लागि अरू अध्यादेश ल्याइने अभिव्यक्ति दिइसक्नुभएको थियो । सो सञ्चार अध्यादेशबाट नियन्त्रण गर्न नसकिएका प्रावधानहरू संलग्न गराई स्वतन्त्र रेडियो चल्न नसक्ने अवस्था उत्पन्न गर्ने मनसायले सूचना तथा सञ्चार मन्त्रालयको एउटा शाखा जस्तो बनाएर प्रसारण प्राधिकरणको गठन गरिन लागेको थियो । तर यो आफूले गर्न लागेको नयाँ काम नभएर विगतमा दलहरूको सरकारले सुरु गरेको कुरालाई अघि बढाएको मात्र हो भनेर शाही सरकार रेडियो प्रसारकहरूबीच भ्रम फैलाउने काममा पनि उत्तिकै सक्रिय थियो ।

यस सन्दर्भमा बैठकले प्रस्तावित प्राधिकरण अध्यादेशको वास्तविकता र त्यसबाट उत्पन्न हुन सक्ने परिस्थितिबारे स्पष्ट पार्दै संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोग, राष्ट्रिय मानवअधिकार आयोग, मिडिया मिसनलगायतका संस्थाहरूलाई स्मरण पत्र दिने निर्णय गर्‍यो ।

यसैबीच २०६२ माघ ५ गते सूचना तथा सञ्चार मन्त्रालयले स्वतन्त्र रेडियोहरूलाई प्रसारण प्राधिकरण गठन र यससम्बन्धी अध्यादेशबारे छलफल गर्न पत्र पठायो । सोही दिन सञ्चार जगत्, प्रेस स्वतन्त्रता र मानवअधिकारसँग सम्बन्धित संघ संस्था तथा व्यक्तिहरूको उपस्थितिमा स्वतन्त्र रेडियो बचाऊ आन्दोलनको बैठक बस्यो । बैठकले सम्पूर्ण रेडियो सञ्चालक तथा प्रसारकहरूलाई सरकारले गलत आशय राखी प्राधिकरण गठन गर्न लागेको र रेडियो प्रसारकहरूलाई

त्यसमा साक्षी राख्न खोजेकाले सावधान रहन आह्वान गऱ्यो । साथै प्रसारण प्राधिकरण अध्यादेश लगायत स्वतन्त्र सञ्चार जगत्‌को अवधारणामा आघात पुऱ्याउने सम्पूर्ण सरकारी काम कारवाहीको खबरदारी र अभिलेख संकलनका लागि संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदक झिकाउन आवश्यक दस्तावेज तयार पार्न र सोसम्बन्धी प्रक्रिया अगाडि बढाउन अधिवक्ता, मानवअधिकारकर्मी, पत्रकार लगायतका व्यक्तिहरू सम्मिलित पाँच सदस्यीय समिति समेत गठन गऱ्यो । उता, काठमाडौं उपत्यका एफएम प्रसारक मञ्चको त्यसै दिन बसेको बैठकले सरकारले यथोचित समयसहित अध्यादेशको प्रति उपलब्ध गराएको खण्डमा मात्रै रेडियो स्टेसनहरूले आफ्नो सामूहिक धारणा उपलब्ध गराउने सहमति कायम गरेको थियो ।

## ***रेडियो पत्रकारहरूको सचेत भूमिका***

माघ १९ पछि कतिपय रेडियो स्टेसनबाट पत्रकार लगायत अरू सञ्चारकर्मीहरूलाई कामबाट निकालियो । संकटबाट आत्तिएर वा संकटको निहुँमा क्षणिक स्वार्थप्रेरित भएर लगानीकर्ताहरूले गरेको यस्तो व्यवहारले दुई पक्षबीच अविश्वास पैदा गरिदियो । यसले नाफाको प्रतिफल नपाइने र घाटाको जोखिम मात्र मोल्नुपर्ने अवस्थामा रहेका रेडियो सञ्चारकर्मीहरू रेडियो सञ्चालकको निजी इच्छाका भरमा बाँच्न विवश हुनुपर्ने कटु परिस्थिति टड्कारो पारेको थियो ।

यति हुँदाहुँदै पनि रेडियो पत्रकारहरू प्रसारकको हितमा पनि बोल्न बाध्य थिए किनकि उनीहरूको पनि माध्यम त्यही रेडियो नै थियो । यसका साथै आफ्नो पेशागत हित र विशिष्ट अवस्थाको कुरा उनीहरूले टड्कारो रूपमा उठाउनै पर्थ्यो किनभने पत्रकारहरूमा पनि सबैभन्दा पीडित उनीहरू नै थिए । समग्र नेपाली पत्रकार जगत्‌का आम समस्याका कुरा उठाएर मात्र उनीहरूको विशिष्ट समस्या सम्बोधन हुन सक्तैनथ्यो । त्यसैले शासकहरूसँग संघर्ष गर्दै, रेडियो पत्रकारहरूका बीचमा एकता पनि गर्दै, प्रसारकहरूसँग आफ्ना व्यावसायिक हकका कुरा पनि उठाउँदै, समग्र पत्रकारहरूको आवाजमा आवाज पनि मिसाउँदै र आन्दोलनमा आफ्नो अलग पहिचान एवं स्वामित्वसमेत स्थापित गर्दै उनीहरू अघि बढेका थिए । यसलाई संगठन र संघर्षका दुई पक्षमा विभक्त गरेर हेर्न सकिन्छ ।

### *पहिचानको पहल*

स्वतन्त्र रेडियोहरूको स्वतन्त्रता पुनर्बहाली गर्नु जति आवश्यक थियो त्यति नै त्यसको परिचय र प्रतिष्ठाको आधार बनेका रेडियो पत्रकारहरूको सम्मान र

रोजगारीको सुनिश्चितता हुनु जरुरी थियो । यसका लागि माघ १९ पछि कामबाट निकालिएका सञ्चारकर्मीहरूलाई व्यवस्थापनले तत्काल काममा फर्काउनु पहिलो आवश्यकता थियो । साथै, रेडियोको स्वतन्त्रता पुनर्बहाली भएपछि त्यहाँ कार्यरत सञ्चारकर्मीहरूलाई नियुक्ति प्रक्रियादेखि नै श्रमअधिकारका विश्वव्यापी मान्यता र विधिद्वारा कामको सुनिश्चितता गर्ने प्रतिबद्धता प्रसारकहरूले आन्दोलनकै बीचमा व्यक्त गर्नु पनि उत्तिकै जरुरी थियो । तर त्यस्तो वातावरण रेडियो पत्रकारहरू संगठित नभएसम्म सिर्जना हुन सक्ने छनक देखा परिरहेको थिएन ।

यसै पृष्ठभूमिमा २०६२ जेठ १४ गते भएको नेपाल पत्रकार महासंघ र रेडियो पत्रकारहरूको संयुक्त भेलाले रेडियो पत्रकारहरू संगठित हुनुपर्ने ठहर गर्‍यो । त्यसका लागि सरोज दाहालको संयोजकत्वमा भेला आयोजक समिति गठन भयो । सो आयोजक समितिले भोलिपल्ट जेठ १५ गते विनोद ढुंगेलको संयोजकत्वमा सात सदस्यीय ‘स्वतन्त्र रेडियो पत्रकार संघर्ष समिति’ गठन गर्‍यो ।[२८] यसरी चार दिनअघि (जेठ ११ गते) गठन भएको ‘स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समिति’ मा ‘पत्रकार’ को प्रतिनिधित्व गर्ने व्यक्तिलाई नै स्वतन्त्र रेडियो पत्रकार संघर्ष समितिको संयोजक बनाइएकाले उक्त आन्दोलनमा पत्रकारहरूको पेशागत प्रतिनिधित्व संस्थागत हुन पुग्यो ।

समाचार प्रसारण भएको अवस्थामा रेडियोको परिचय, प्रतिष्ठा र महत्त्वको प्रतीक बनेका पत्रकारहरूलाई माघ १९ को शाही कदमपछि अलिकति पनि सोचविचार नगरी बर्खास्त गर्ने आर्थिक लगानीकर्ताहरूको निर्ममता प्रदर्शनले प्रेस स्वतन्त्रताको आन्दोलनलाई थप आघात पुर्‍याएको थियो ।[२९] रेडियोका आर्थिक लगानीकर्ता र सञ्चारकर्मी दुवैले रेडियोलाई आफ्नो ठान्न सक्ने अवस्थामा मात्रै उनीहरू सबै रेडियोको अस्तित्व र अधिकारका लागि संयुक्त रूपमा लड्ने विश्वासको वातावरण बन्न सक्थ्यो । अन्यथा रेडियोका श्रोताको समेत अधिकारको कुरा भइरहेको बेला त्यहाँका पत्रकारहरूले भने आफ्नो लागि नभएर सञ्चालकका लागि आवाज उठाइदिएको हुने थियो । रेडियो पत्रकारहरूको संगठन यो अन्योललाई चिर्दै रेडियो स्वतन्त्रताको आन्दोलन मात्र होइन समग्र प्रेस स्वतन्त्रताको आन्दोलनमा विशिष्ट ऊर्जा दिने माध्यम बन्न पुगेको थियो । यद्यपि, आफूलाई रेडियो

---

[२८] स्वतन्त्र रेडियो पत्रकार संघर्ष समितिका अन्य सदस्यहरू- सरोज दाहाल (कम्युनिकेसन कर्नर), नवीन खतिवडा (कान्तिपुर एफएम), भुवन भट्ट (एचबीसी एफएम), श्रीकृष्ण महर्जन (मेट्रो एफएम), विमल योगी (स्वर्गद्वारी एफएम) र राजेन्द्र फुयाल (कान्तिपुर एफएम) ।

[२९] ‘स्वतन्त्र रेडियो पत्रकार संघर्ष समिति’का तर्फबाट संयोजक विनोद ढुङ्गेलद्वारा २०६२ जेठ १९ गते जारी गरिएको अपीलमा उल्लेख ।

अधिकारकर्मी नै बताउने केहीले 'आन्दोलन कमजोर बनाउने कचिङ्गल' भन्दै यस कार्यमा भाँजो हाल्न नखोजेका होइनन् तर परिस्थितिको माग र रेडियोकर्मीहरूको अठोटका अगाडि उनीहरूको केही लागेन ।

केन्द्रमा संघर्ष समितिको गठनले देशभरि रेडियो पत्रकारहरू संगठित हुने लहर सुरु भयो । पूर्वी नेपाल, बारा-पर्सा-रौतहट-मकवानपुर, चितवन-नवलपरासी, रुपन्देही, पाल्पा र पोखरामा स्थानीय स्तरका संघर्ष समिति गठन भए । काठमाडौंको *हिट्स एफएम*का साथै कैलाली, नेपालगञ्ज लगायतका ठाउँमा पनि रेडियोकर्मीहरूले अधिकारका लागि संघर्ष चलाए ।

संघर्ष समिति गठन भएको भोलिपल्टै पोखराका चारओटै एफएम प्रसारकहरूले माघ १९ पछि निष्कासित पत्रकारलाई पुनर्बहाली गर्ने निर्णय गरे । रेडियो सञ्चालक र पत्रकारहरू एकार्काका परिपूरक हुन् भन्ने अवधारणाअनुसार, हटाइएका पत्रकारहरूलाई काममा फर्काउने सहमति भएको थियो (अन्नपूर्ण पोष्ट २०६२ङ) । व्यावसायिक रेडियोहरूको संस्था ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालका अध्यक्ष शिवलाल मल्लले पनि त्यसै दिनदेखि काममा फर्कन सबै पत्रकारलाई आह्वान गर्नुभयो । सञ्चालकहरूलाई केही आर्थिक भार परे पनि एफएम रेडियोलाई लोकप्रिय बनाउने पत्रकारहरूको सेवाको कदर गर्दै त्यस्तो निर्णय लिएको बताउने मल्लको भनाइ थियो– "प्रेसलाई कुण्ठित गरिएका बेला पत्रकारलाई जोगाउनु हाम्रो कर्तव्य सम्झेका छौं ।" यद्यपि उनीहरूलाई काममा फर्काउने मिति तोकिएको थिएन, तर यो निर्णयले सकारात्मक सन्देश दिएको थियो ।

### *संघर्षको मैदानमा*

युद्धहरूले संवाददातालाई परिवर्तन गर्छन् तर संवाददाताहरूले युद्धलाई नै परिवर्तन गरिदिन्छन् (क्यारुथर्स सन् २००० : २४२) । युद्ध पत्रकारिताको सन्दर्भमा प्रयोग हुने यो भनाइ नेपालमा रेडियो पत्रकारहरूले गरेको संघर्षका लागि पनि सान्दर्भिक छ । शाही सत्ताविरुद्ध संघर्षको स्वरूपलाई उनीहरूले बिल्कुलै नयाँ आयाम दिए । अदालत, सञ्चारमाध्यम र सडक गरी तीनओटा मोर्चाबाट एकसाथ लडिएको लडाइँमा रेडियो पत्रकारहरूले समाचार वाचनलाई नै आन्दोलनको सशक्त माध्यम बनाइदिए । त्यसका लागि दुईओटा ठाउँ रोजिए- सडक र स्टुडियो । स्टुडियो प्रसारकको समेत सहयोगमा मात्र उपलब्ध हुन सक्थ्यो भने सडक कसैले रोक्न नसक्ने र अन्तिम थलो थियो ।

सडक-समाचार आन्दोलनको शृंखला थियो । पत्रकारहरू समाचार तयार पारेर रेडियोको स्टुडियोतिर जानुको सट्टा सडकतिर लाग्थे । र, माइक लगाएर


त्यो समाचार जनतालाई सीधै सुनाउँथे । यस्तो समाचारले एकातिर आन्दोलनलाई अघि बढाउँथ्यो, अर्कातिर जनतालाई सुसूचित गर्थ्यो । रेडियोमा सही र सन्तुलित समाचारका स्वरहरू हराएका कारण यसमा उत्साहपूर्ण जनसहभागिता पनि हुन्थ्यो । यस कार्यमा रेडियो पत्रकार मात्र नभएर अरू पत्रकार समेत उत्साहका साथ सहभागी हुन्थे । काठमाडौँमा रेडियो पत्रकार संघर्ष समितिले सडक समाचार वाचनको जिम्मेवारी नै लिएर आन्दोलनलाई अगाडि बढायो । काठमाडौँबाहिर पनि सडक समाचार वाचन अत्यन्त लोकप्रिय र प्रभावकारी भयो ।

सडक समाचार प्रसारणको थालनी २०६२ जेठ १५ गते पाँचथरबाट भएको थियो । संयोग यस्तो परेको थियो कि त्यसै दिन काठमाडौँमा स्वतन्त्र रेडियो पत्रकार संघर्ष समिति गठन भएको थियो । त्यस दिन फिदिमका पत्रकारहरूले पूर्ण प्रेस स्वतन्त्रता र एफएम रेडियोमा समाचार खुला गर्न माग गर्दै सदरमुकाम फिदिम बजारको मुख्य चोकमा एफएम स्टेसन खडा गरेर समाचार प्रसारण गरेका थिए । 'जनताको सडक एफएम' नाम दिइएको उक्त कार्यक्रमबाट दिउँसो २ बजेदेखि साढे दुई बजेसम्म प्रेस स्वतन्त्रता र आन्दोलनसम्बन्धी समाचार प्रसारण गरिएको थियो । यसअघि उनीहरूले मुखमा कालोपट्टी बाँधेर, कालो झण्डा र प्लेकार्डसहित जुलुस निकालेका थिए, जसमा स्थानीय राजनीतिक दल, मानवअधिकारकर्मी र नागरिक समाजका व्यक्तिहरू पनि सहभागी भएका थिए (एनपिआइ सन् २००५ : १४) ।

त्यसपछि २०६२ जेठ २१ गते फिदिमकै शनिबारे हाटमा दोस्रोपटक सडक समाचार प्रसारण भयो, जसमा जिल्लाका एक दर्जन पत्रकारले समाचार वाचन गरे । समाचारमा काठमाडौँमा सम्पन्न सडक संसद् र त्यसले प्रेस स्वतन्त्रताका पक्षमा गरेका निर्णयहरू प्रमुख रूपमा प्रस्तुत गरिए । पत्रकारहरूको देशव्यापी आन्दोलन, प्रचण्ड गर्मीले सर्वसाधारणको मृत्यु, माओवादीले अपहरण गरेर राखेका इलामका पत्रकार सोम शर्माको मुक्तिमा भएको ढिलाइ र राजनीतिक दलका जिल्ला स्तरीय गतिविधिलाई पनि त्यो दिनको सडक समाचारको विषय बनाइएको थियो (राजधानी २०६२घ) ।

विराटनगरमा 'माइक समाचार' नाम दिइएको यस कार्यक्रमप्रति जनताको अनौठो आकर्षण देखियो । २०६२ जेठ २३ गते सुरु गरिएको माइक समाचार हरेक बेलुका ६ बजेदेखि १५ मिनेटसम्म प्रसारण हुने व्यवस्था गरिएको थियो (नेपाल समाचारपत्र २०६२च) । कलेजरोडस्थित नेपाल पत्रकार महासंघ, मोरङ शाखाको निर्माणाधीन तीन तले घरको छतमा माइक राखेर समाचार प्रसारण

गरिन्थ्यो । माइक समाचार सुन्न सयौँ श्रोताको भीड लाग्ने गरेको थियो । बाटो हिँड्ने सामान्य बटुवादेखि बुद्धिजीवी, व्यापारी, प्राध्यापक, उद्योगपति, पत्रकार तथा राजनीतिक दलका नेताहरूको भेटघाट गर्ने थलो नै बनेको थियो त्यो ठाउँ । माइक समाचारको सुरुमा सरकारको विरोधस्वरूप एकोहोरो शंख बजाएर 'सिग्नेचर' दिइन्थ्यो । समाचारको बीचबीचमा व्यङ्ग्यात्मक भजन पनि प्रसारण गरिन्थ्यो । स्थानीय गतिविधि, पत्रकार, राजनीतिक दल, कानुन व्यवसायीका आन्दोलनका कार्यक्रम लगायत देशविदेशका ताजा घटना समाचारमा समावेश गरिएका हुन्थे । माइक समाचारमा पत्रकारहरू मात्र संलग्न भएनन्, विभिन्न राजनीतिक दल, कानुन व्यवसायी र विद्यार्थी संगठनहरूले समेत ऐक्यबद्धता जनाए (राजधानी २०६२ग) । आन्दोलनरत सात संसदीय दल सम्मिलित संयुक्त जनआन्दोलन संयोजन समिति, मोरङको जेठ ३१ गते बसेको बैठकले सरकारले स्वतन्त्र प्रेसमाथि लगाएको बन्देजको विरोध गर्दै माइक समाचारप्रति ऐक्यबद्धता जनाउने औपचारिक निर्णय नै गरेको थियो ।




तस्वीर ३ : काठमाडौँमा सडक समाचार वाचन गर्दै रेडियो पत्रकारहरू (तस्वीर साभार : नेपालन्यूज डट कम) ।

केन्द्रीय संघर्ष समितिद्वारा निर्धारित कार्यक्रम अनुसार माघ १९ पछि बेरोजगार बनाइएका सयौँ रेडियो पत्रकारहरूले जेठ २७ गते देशभरि सडकमा समाचार वाचन गरेर सरकारलाई व्यङ्ग्य कसे । बुटवलमा दिउँसो २ बजे ट्राफिक चोकमा सडक समाचार वाचन गरियो । पोखरामा बिहानै मानवअधिकारकर्मी, पत्रकार

तथा स्थानीय चारओटै एफएमका रेडियोकर्मीहरू पृथ्वीचोकबाट र्‍याली निकालेर बहुदल चौतारीमा पुगे र चारैओटा रेडियो स्टेसनका समाचार धुन बजाएर सडक समाचार पढे । पाल्पामा पनि सबै रेडियो स्टेसनका पत्रकार मिलेर सडक समाचार वाचन गरे । विराटनगरमा दैनिक सडक समाचार जारी नै थियो । झापाको विर्तामोडमा भने *कञ्चनजंघा एफएम*ले बिहान ८ बजे रेडियोबाटै समाचार प्रसारण गरेर सरकारी निर्देशनको अवज्ञा गर्‍यो । नारायणघाटको महेन्द्रचोकमा चितवन र नवलपरासीका पत्रकारहरू मिलेर संयुक्त रूपमा सडक समाचार वाचन गरे । नेपालगञ्ज, हेटौँडा, वीरगञ्ज, दाङलगायतका स्थानहरूमा पनि सडक समाचार पढिए ।

काठमाडौँमा रेडियो पत्रकारहरूले करीब ३० मिनेटको सडक समाचार वाचन गरेपछि हजारौँ श्रोताहरूले ताली बजाएर समर्थन प्रकट गरेका थिए । अपराह्न ५:०० बजे नयाँ बानेश्वरमा सडक समाचार वाचन भएको बेला त्यहाँ ठूलो संख्यामा उपस्थित श्रोताले माघ १९ अघि रेडियोबाट समाचारमा सुनिरहेका आवाज सुन्न पाएपछि आश्चर्य र खुशी व्यक्त गर्दै ताली पिटेका थिए (कान्तिपुर २०६२ड) । सडक समाचार प्रस्तुतिकै क्रममा प्रत्यक्ष प्रतिक्रिया दिँदै पत्रकार महासंघका पूर्व सभापति हरिहर विरही, वरिष्ठ पत्रकार भैरव रिसाल, महासंघका पदाधिकारीहरू तथा अन्य श्रोताहरूले सडकबाट समाचार प्रस्तुत गरी रेडियो पत्रकारहरूले राज्यलाई गतिलो जवाफ दिएको बताउनुभयो । सडक समाचारमा, *रेडियो नेपाल*का सहसंवाददाता पोषण केसीलाई पत्रकार महासंघको प्रदर्शनीमा भाग लिए वापत किन कारवाही नगर्ने भनी सोधिएको २४ घण्टे स्पष्टीकरणको समाचारका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खबर र खेल समाचार पनि प्रसारण गरिएको थियो ।

नेपाल पत्रकार महासंघले असारमा राखेका आफ्ना विरोध कार्यक्रममा सडक समाचार वाचनलाई पनि समावेश गरेको थियो । त्यसै अनुसार काठमाडौँको नयाँ बानेश्वरमा असार २३ गते अपराह्न ५ बजे एफएम तथा टेलिभिजनका समाचार वाचकहरूले सडक समाचार वाचन गरे । त्यसै दिन बिहान ८ बजेदेखि *राजधानी खबर* प्रसारण गर्न थालेको *नेपाल एफएम*ले त्यस घटनाको प्रत्यक्ष प्रसारण गर्‍यो जसलाई सडक समाचार प्रसारण स्थलमा रहेको माइकबाट समेत प्रसारण गरिएको थियो । *राजधानी खबर*पछि मिलन तिमिल्सिनाले त्यसैबारे बनाएको रेडियो रिपोर्टसमेत प्रसारण गरिएको थियो ।

असार २४ गते दाङमा सडक समाचारले नयाँ आयाम पायो । *रेडियो स्वर्गद्वारी*को समाचार समूहले सदरमुकाम घोराहीको दामोदर चोकमा पुगेर कार्यक्रम थाल्यो । माघ १९ अघिसम्म सबैका रेडियो सेटहरूमा बेलुकी गुन्जिने

गरेको धुन गुन्जियो र त्यो सुन्नासाथ मानिसको घुइँचो लाग्न थाल्यो । सधैँभरि बन्द कोठमा एक्लै बसेर समाचार वाचन गर्दै आएका लोकराज अधिकारी र बसुन्धरा भूसालले आफ्ना श्रोता, दर्शक, शुभेच्छुक र सहकर्मीहरूसँगै बसेर समाचार वाचन गरे (साझा विचार २०६२) । त्यो, सडक समाचारको प्रमुख आकर्षण थियो- भर्खरै मात्र थुनामुक्त गरिएका मानवअधिकारकर्मी कृष्ण पहाडीको प्रत्यक्ष सडक अन्तर्वार्ता । रेडियो स्वर्गद्वारी एफएमका समाचार सम्पादक विपुल पोखरेलसँग कुरा गर्दै पहाडीले भन्नुभयो– "हामी मौन बस्यौँ भने आफ्नो चिहान आफैँ खन्नेछौँ ।" कार्यक्रममा रेडियो पत्रकार मात्र नभएर रेडियो प्रसारक पनि सहभागी भएका थिए । सडक समाचार र अन्तर्वार्ताको क्रम सकिएपछि *रेडियो स्वर्गद्वारी*का प्रबन्ध निर्देशक दधिराम सुवेदीले कार्यक्रममा साथ दिने सबैलाई धन्यवाद दिनुभएको थियो ।

उता, सुनसरीको बराहक्षेत्रमा भने श्रोता स्वयंले नै माइकबाट समाचार भन्न थालेका थिए । *रेडियो नेपाल* र माओवादीको रेडियोले आफ्नै मात्र प्रचार गर्ने र सन्तुलित समाचार भन्ने एफएम रेडियोहरूमाथि बन्देज लगाएकोले बराहक्षेत्र गाविस, चावाचाका किशोर-किशोरीले 'माइक समाचार' सुरु गरेका थिए (मेयाङबो २०६२) । उनीहरू राष्ट्रिय दैनिकका साथै पूर्वाञ्चलबाट प्रकाशित पत्रपत्रिकाका  साताभरिका खबर छानेर हरेक शुक्रवार अपराह्न ४ देखि ६ बजेसम्म 'भञ्ज्याङ्ग कार्यक्रम' नाम दिएर माइकबाट सुनाउने गर्थे । एचआइभी/एड्स, लागू पदार्थ दुर्व्यसन नियन्त्रणसम्बन्धी जानकारीका साथै उनीहरूले अगुवा गाउँलेको अन्तर्वार्ता, गाउँका सूचना, सन्देशमूलक गीत र कविता पनि प्रसारण गर्ने गरेका थिए ।

साउन २६ गते *नेपाल एफएम*को मुद्दामा अदालतले अन्तरिम आदेश जारी गरेपछि एफएम रेडियोहरूले समाचार प्रसारण गर्न थाले । त्यसपछि सडक समाचार जारी राख्नुपर्ने आवश्यकता भएन । कानुनविद्हरूले यो अन्तरिम आदेशलाई निकै महत्त्व दिएका थिए । उनीहरूका अनुसार, समाचार प्रसारण रोक्ने सरकारी आदेशलाई कानुनसम्मत नमानेरै अन्तरिम आदेश एफएम रेडियोहरूको पक्षमा आएको थियो (गैरे २०६२) । नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापाले सञ्चारमाथिको हस्तक्षेप असंवैधानिक भएकोले अन्तरिम आदेश जारी गरेर अदालतले बाटो खोलिदिएको अवस्थामा नेपाल एफएम मात्रै होइन, अरूले पनि समाचार घन्काए हुने बताउनुभएको थियो (विरही २०६२क) ।

तर, त्यसको दुई महिना नबित्दै २०६२ असोज २३ गते सञ्चार अध्यादेश ल्याएर सरकारले समाचारमाथि फेरि बन्देज लगाइदियो । त्यसपछि खासगरी

पूर्वी नेपालका प्रमुख सहर र गाउँहरूमा माइक समाचार वाचन पुनः तीव्र भएको थियो (प्रधान २०६२) । अरूतिर पनि सडक समाचारको अभ्यास चल्न थाल्यो ।

कात्तिक २६ गते सडक समाचारको क्रममा एउटा नयाँ अभ्यास गरियो । त्यस दिन रेडियो पत्रकार सरोज दाहाल र प्राविधिक गीता जोशीको सहयोगमा २७ मिनेट लामो एउटा प्याकेज तयार गरियो । त्यसका लागि एउटा 'सिग्नेचर' र 'ब्रिज' समेत बनाइयो । त्यसमा रेडियो पत्रकार गोविन्द खड्काका दुईओटा रेडियो रिपोर्टसहित विनोद ढुङ्गेलको स्वरमा समाचार रेकर्ड गरिएको थियो । प्याकेजलाई तीनओटा सीडीमा रेकर्ड गरी अलग-अलग ट्याक्सीमा 'हर्न माइक' लगाएर काठमाडौँ, ललितपुर र भक्तपुरका सहरी क्षेत्रका ६० ठाउँमा त्यो सडक समाचार बजाइयो । स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका लागि स्वतन्त्र रेडियो पत्रकार संघर्ष समितिका तर्फबाट यो काम सम्पन्न गरिएको थियो ।

सडक समाचार प्रभावकारी मात्र भएन यसले आन्दोलनमा रेडियो पत्रकारहरूको स्वामित्व र अलग पहिचानलाई पनि प्रस्तुत गरिदियो । यसका साथै रेडियो समाचारको लोकप्रियताको मापन गर्ने काम पनि यसबाट भयो । सडक समाचार प्रस्तुत भएका ठाउँहरूमा वा सडक समाचारलाई 'मोबाइल' किसिमले प्रस्तुत गर्दा पनि जुन जनचासो देखा परेको थियो त्यो उल्लेखनीय थियो । गाउँ-गाउँमा जनताले आफैँ माइक समाचार थाल्नुले पनि यसको महत्त्व र लोकप्रियतालाई सामुन्ने ल्याइदिएको थियो । सडक समाचारको अभ्यासले प्रसारकहरूको समर्थन रहने हो भने सरकारी निषेधका बावजुद पत्रकारहरूले स्टुडियोबाट नै समाचार पढ्ने रहेछन् भन्ने देखिएकाले प्रसारकहरूलाई एक प्रकारको नैतिक दबाब पनि दिएको थियो । यसका साथै आन्दोलनको यो एउटा विशिष्ट तरिकाको प्रदर्शन थियो । शाही दमनलाई अदालतको आदेशले रोक्न नसकेको भए पनि रेडियो पत्रकारहरूले सडक समाचार बजाएर जनतालाई थप आन्दोलित बनाउने, हरेक चोक-चौतारामा माइकबाट समाचार घन्किने र त्यसबाट रेडियो समाचारको पक्षमा व्यापक जनमत सिर्जना हुने सम्भावना देखा परिसकेको थियो ।

यो नितान्त रेडियो पत्रकारहरूको आन्दोलन थियो । तर उनीहरूले सडक समाचार प्रसारण गरेर शाही सत्तालाई खुला चुनौती दिए पनि प्रसारकहरू सुरुमा समाचारका लागि स्टुडियो उपलब्ध गराउन तयार भइरहेका थिएनन् । कतिपय रेडियो सञ्चालकहरूले त्यहाँ कार्यरत पत्रकारहरूलाई सडकमा जे-जे गरे पनि स्टुडियोबाट आन्दोलन गर्न पाइँदैन भन्ने आदेश समेत जारी गरेका थिए । तर

त्यो आम प्रवृत्तिका रूपमा आएन र सधैँ कायम पनि रहेन । क्रमशः धेरैले स्टुडियोबाटै समाचार प्रसारण गर्न दिने निर्णय गरेर आन्दोलनलाई सघाउ पुऱ्याए ।

यस अलावा रेडियो पत्रकारहरूले आफ्नो अधिकार र स्वतन्त्रताको पक्षमा राजा ज्ञानेन्द्रसँगै आमने सामने भएर पनि आवाज उठाएका थिए । २०६२ जेठ २१ गते महासंघका पाल्पा शाखाका सभापति झपेन्द्र गैरेको नेतृत्वमा ६ जना पत्रकारले पाल्पामा राजासामु 'माघ १९ पछिको प्रेसको अवस्था दुःखपूर्ण भएको' गुनासो पोखेका थिए । *श्रीनगर एफएम*का स्टेसन म्यानेजर जगदीश भट्टराईले 'मौसुफकै समाचार एफएममा भन्न नपाइएको' स्थिति दर्शाउनुभएको थियो (माधव अर्याल २०६२) । तर राजाबाट त्यसमा कुनै प्रतिक्रिया जनाइएन । यसै क्रममा धनकुटाका सञ्चारकर्मीले सरकारले जारी गरेको 'कालो' सञ्चार अध्यादेश सञ्चारकर्मी र आमनेपालीका लागि अस्वीकार्य भएको भन्दै त्यसलाई हुलाकमार्फत राजदरबारमा फिर्ता पठाएदिएका थिए ।[३०]

## स्टुडियोबाट अवज्ञा

रेडियो स्वतन्त्रताको आन्दोलनमा सरकारी आदेशको अवज्ञा गर्दै स्टुडियोबाट चलाइएको अभियानको विशिष्ट महत्त्व रहेको छ । स्टुडियोबाट गरिएका कार्यक्रम आन्दोलनलाई अघि बढाउन अत्यन्तै प्रभावकारी र फलदायी साबित भएका थिए । त्यसबारे प्रायः सबै कुरा 'रेडियोको विशिष्ट आन्दोलन' शीर्षकमा परिसकेको भए पनि स्टुडियोमा आधारित कार्यक्रमको मात्र झलक संक्षेपमा यहाँ प्रस्तुत गर्न लागिएको छ ।

स्वतन्त्र रेडियो बचाऊ आन्दोलनको प्रारम्भ नै वास्तवमा स्टुडियोबाट भएको थियो । आन्दोलनको पहिलो कार्यक्रमका रूपमा २०६२ जेठ १५ गते देशभरिका सम्पूर्ण स्वतन्त्र रेडियो स्टेसनहरूले बिहान ठीक ८ बजे १ मिनेट रेडियोबाट शंख बजाएर विरोधको शंखघोष गरेका थिए ।

आन्दोलनको तेस्रो दिन जेठ १७ गते नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेका विचार तथा अभिव्यक्ति, प्रेस स्वतन्त्रता र सूचनाको हकसम्बन्धी मौलिक हकका धाराहरू बिहान ८ बजे सबै रेडियोबाट पाठ गरियो । यो सरकारी आदेश उल्लंघनको अर्को तरिका थियो । बोल्नै नपाइने आदेश जारी भएका बेला संविधान पढ्नु स्वयंमा विद्रोह थियो । तर, 'संविधान पढेको' आरोपमा कारबाही गर्नु पनि हास्यास्पद हुन्थ्यो ।

---

[३०] नेपाल पत्रकार महासंघ, धनकुटा शाखाबाट प्राप्त जानकारी ।

जेठ १९ गते सबै रेडियो स्टेसनहरूले बिहान ८ बजे गोपाल योञ्जनको स्वर, शब्द र संगीतको राष्ट्रिय गीत 'बनेको छ पहराले यो छाती मेरो' बजाएर सांकेतिक रूपमा आन्दोलनको दृढताको घोषणा गरे । गीत बजाउन प्रतिबन्ध नलगाइएकोले सामान्य दृष्टिले यो खतरारहित थियो । तर, घोषित रूपमा सबैले एउटै काम गरेपछिको प्रभाव स्वाभाविक रूपमा बेग्लै हुने नै भयो । जेठ २० गते पनि सम्पूर्ण रेडियो स्टेसनले बिहान ८ बजेदेखि २ मिनेट प्रसारण बन्द गरेर मौन विरोध जनाए ।

जेठ २६ गते बिहान ८ बजे रेडियोबाट सूचना, समाचार र विचार तथा अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी 'स्पट' प्रसारण गर्नुका साथै २८ गते रेडियो स्टेसन मात्र नभएर श्रोतासमेतको सहभागितामा घण्ट बजाउने काम गरियो । यस प्रकारका कार्यक्रम रेडियो सञ्चालकहरूले विना कुनै ठूलो मतभेद सफल बनाएका थिए ।

जेठ २७ गते देशव्यापी रूपमा रेडियो पत्रकारहरूले सडकमा समाचार वाचन गरेका भए पनि झापाको *कञ्चनजंघा एफएम*ले बिहान ८ बजे रेडियोबाटै समाचार प्रसारण गरेर सरकारी निर्देशनको ठाडो अवज्ञा गरिदियो ।

जेठ ३० गतेको राजाको दोहा भ्रमणसम्बन्धी समाचार बेलुका ८ बजे सबै एफएम स्टेसनबाट प्रसारण गर्ने कार्यक्रम थियो । यसका कारण सरकार सञ्चालकहरूलाई जति नै असजिलो रेडियो सञ्चालकहरूलाई पनि परेको थियो । राजाको विदेश भ्रमणको समाचार बजाएको कारण देखाएर कारबाही गर्ने कुरा सरकारका लागि अत्यन्त हास्यास्पद हुन्थ्यो । तसर्थ, सरकारले कारबाहीतिर नलागेर वार्ताको उपाय सुझाएको थियो ।

वार्ता र निकासको अलमलका कारण त्यस दिन राजाको दोहा भ्रमणसम्बन्धी समाचार काठमाडौं उपत्यकाका कुनै पनि एफएम स्टेसनले प्रसारण गरेनन् भने काठमाडौंबाहिरका केहीले गरे । तर, भोलिपल्ट त्यससम्बन्धी थप समाचार १६ ओटा एफएम रेडियो स्टेसनले प्रसारण गरे । यसमा राजधानीमा भएकामध्ये एक चौथाइ एफएमले पनि साथ दिएनन् ।

असार २ गते बिहान र बेलुका ८ बजे गीत प्रसारणको सांकेतिक कार्यक्रम प्रभावकारी भयो । सबै स्वतन्त्र रेडियोहरूले एक साथ बिहान ८ बजे जी. शाहको शब्द र प्रकाश श्रेष्ठले स्वरमा 'बाँच्नु नै छ यदि भने बाँच नेपाली भै' प्रसारण गरे भने बेलुका 'कहीँ आफ्नै भुमरीमा आफैं पऱ्यौ कि' भन्ने अम्बर गुरुङको स्वरको गीत बजाए । विरोध र व्यंग्यस्वरूप असार ६ गते बिहान ८ बजे रेडियोहरूले २ मिनेट हाँसो मात्र प्रसारण गरे । असार ९ गते बिहान ८ बजे स्वतन्त्र रेडियोहरूले आत्मकथा प्रसारण गरे (हेर्नुहोस् अनुसूची ३) ।

असार १६ गते तेस्रो चरणका विरोध कार्यक्रम रेडियोहरूबाटै सार्वजनिक गरियो । १८ गते श्री ५ सँगको दर्शनभेटका बारेमा रेडियोहरूले आफ्ना श्रोतालाई जानकारी गराउने र १९ गते स्वतन्त्र रेडियोको महत्त्वका बारेमा छलफल प्रसारण गर्ने कार्यक्रम सम्पन्न भयो ।

असार २३ देखि काठमाडौंको *नेपाल एफएम*ले बिहान ८ बजे र बेलुका ५ बजे *राजधानी खबर* बजाएर त्यसलाई नियमित समाचार बुलेटिनका रूपमा निरन्तरता दियो । सरकारी प्रतिबन्धको अवज्ञा गर्दै यसरी औपचारिकरूपमा समाचार प्रसारण भएपछि आन्दोलनको रूप नै फेरियो । र, यो मूलतः राज्यसँगको कानुनी लडाईंमा रूपान्तरण हुन पुग्यो । अरू एफएम स्टेसनले पनि असार २३ गते समाचार बजाए । असार २६ गते स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिका तर्फबाट संयोजक रघु मैनालीको नाममा जारी भएको वक्तव्य आन्दोलनको कार्यक्रमअन्तर्गत नै प्रसारण गरियो ।

साउन १९ गते सरकारले *राजधानी खबर* प्रसारण गरेको कारण इजाजतपत्र नै रद्द गर्नसक्ने चेतावनीसहितको पत्र *नेपाल एफएम*लाई पठायो । त्यसपछि सरकारी आदेशविरुद्ध २४ गते सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भयो । साउन २६ गते सर्वोच्च अदालतले *नेपाल एफएम*को इजाजतपत्र रद्द गर्ने सरकारी पत्र कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गऱ्यो । संघर्ष समितिले नागरिकको सूचनाको हकलाई फेरि एकपटक सर्वोच्च अदालतले प्रत्याभूत गरेको भन्दै यो आदेशको स्वागत गऱ्यो र सबै स्वतन्त्र रेडियो स्टेसनहरूलाई संयमित भएर समाचार प्रसारण तत्कालै सुरु गर्न आह्वान गऱ्यो । पत्रकार महासंघले पनि 'अब एफएम रेडियोहरूलाई समाचार प्रसारणमा बन्देज लगाउनु वा एफएम स्टेसनहरूले समाचार प्रसारण रोकिरहनुपर्ने कुनै औचित्य र आवश्यकता नरहेको' विचार सार्वजनिक गऱ्यो र सबै स्वतन्त्र रेडियोहरू समाचार प्रसारणतर्फ अग्रसर हुने विश्वास व्यक्त गऱ्यो । नभन्दै २७ गते *नेपाल एफएम*सहित समाचार प्रसारण गर्ने रेडियोहरूको संख्या १६ पुग्यो (ढुङ्गाना २०६२क) । *नेपाल एफएम*ले त साउन २७ गतेदेखि बिहान ६ बजे अखबारहरूको खबर समेटेर *नेपाल डायरी* नामको आधा घण्टा लामो समाचारमूलक नयाँ कार्यक्रम पनि थप्यो ।

२०६१ माघ १९ सम्म ४३ ओटा रेडियो स्टेसनले समाचार प्रसारण गरिरहेका थिए । तर, शाही शासनमा कैयौँ रेडियो स्टेसनमा समाचारको जनशक्ति र भौतिक संरचनामा गडबडी पैदा भइसकेकाले अदालतको आदेशपछि पनि तत्काल समाचार प्रसारण सुरु गर्न अप्ठचारो भएको रेडियो स्टेसनका प्रतिनिधिहरूले जनाएका थिए (द काठमाण्डु पोष्ट सन् २००५सी) । ६ महिनाभन्दा लामो

समयपश्चात् समाचार सुन्न पाउने भएपछि श्रोताहरूले दिनभरि नै खुशी बाँड्न र समाचार कतिखेर आउँछ भनेर बुझ्न रेडियो स्टेसनहरूमा फोन गरिरहे। रेडियो स्टेसनहरूका समाचार कक्षमा फ्याक्स र फोनहरू निकै व्यस्त भएका थिए। धेरै समयपछि समाचार संकलन र प्रसारण गर्न पाउँदा रेडियो पत्रकारहरू पनि निकै व्यस्त र खुशी देखिए।[३१]

यसैबीच *नेपाल एफएमले* नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकलाई रेडियोमार्फत उपभोग गर्ने उद्देश्यले 'समय समीक्षा' नाम राखेर आधा घण्टे कार्यक्रमको थालनी गऱ्यो, जसमा मूलतः समसामयिक विषयवस्तुहरूमा कुराकानी गर्ने गरियो।

सरकारले कात्तिक ४ गते *कान्तिपुर एफएममा* लुटपाट गर्नुका साथै कात्तिक ९ गते २४ घण्टे म्याद तोकेर मन्त्रालयमा हाजिर हुन पत्र पठाएपछि १० गते *कान्तिपुर एफएम* र *नेपाल एफएमले कान्तिपुर एफएम* जोगाउन जनतासँग गुहार माग्दै सूचना प्रसारण गरे। सरकारले कुनै पनि बेला एफएममा लुटपाट गर्न आउने खतरा भएकोले आम नागरिकलाई रेडियो स्टेसनमा गएर घेराबन्दी गर्न र सम्भावित सरकारी आक्रमणबाट सुरक्षा प्रदान गर्न आह्वान गरेर सूचना प्रसारण गरिएको थियो।

कात्तिक ५ गते चितवनमा भएको रेडियोकर्मीहरूको राष्ट्रिय भेलाले *कान्तिपुर एफएममा* सरकारले गरेको कारवाहीलाई समग्र स्वतन्त्र रेडियोमाथि भएको कारवाही सम्झने निर्णय गरेपछि स्टुडियो-आन्दोलनको अर्को शृंखला सुरु भयो। उक्त आक्रमणको विरोधमा कात्तिक ६ गते देशभरिका रेडियो स्टेसनले बेलुका ७ बजे २ मिनेटसम्म प्रसारण बन्द गरेर विरोध जनाए।

यसरी रेडियोको अधिकारका लागि स्टुडियोको पर्याप्त प्रयोग गरियो। यो आफैँमा व्यापक, सशक्त र प्रभावकारी कार्यक्रम त थियो नै, यसले कानुनी आन्दोलनको रूपसमेत ग्रहण गरेर रेडियोबाट समाचार प्रसारण गर्न रोक लगाउने सरकारी आदेश एवं अभियानलाई असफल बनाइदिएको थियो।

## कानुनी बाटो

राज्यले बलपूर्वक संवैधानिक सिमाना मिचिरहेको समयमा न्यायको याचना गर्न जाने ठाउँ अदालत मात्रै थियो। सञ्चारकर्मी र रेडियो अधिकारका पक्षधरहरू

---

[३१] स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका प्रवक्ता घमराज लुइँटेलले साउन २७ गते प्रेस विज्ञप्तिमार्फत गर्नुभएको चित्रण।

नेपाल अधिराज्यको संविधान २०४७ को आधारमा अदालतको ढोका ढक्ढक्याउन गएका थिए भने स्वेच्छाचारी शासन चलाउन चाहने शाही सरकारका लागि यो संविधान ठूलो बाधक भएको थियो । ऊ कहिले संविधानप्रति सार्वजनिक वितृष्णा जाहेर गर्थ्यो[३२] त कहिले जथाभावी संविधानको उल्लंघन गर्दै र अध्यादेशको माध्यमबाट ऐनहरूको मनलाग्दी संशोधन गर्दै अघि बढिरहेको थियो ।

सञ्चार जगत्बाट शाही सत्ताको स्वेच्छाचारिताविरुद्ध कानुनी संघर्षको सुरुआत बन्दी प्रत्यक्षीकरणको मुद्दाबाट भएको थियो । स्वतन्त्र रेडियो स्टेसनहरूमा सेना तैनाथ गरिएको सत्य उजागर गरेर वक्तव्य दिएकै राति २०६१ माघ २२ गते पक्रेर नेपाल पत्रकार महासंघका महासचिव निष्ठुरीलाई गैरकानुनी रूपमा थुनेको सात दिनपछि सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरिएको थियो ।[३३] रिटमा निष्ठुरीलाई पक्राउ गर्नुको कारण नखुलाइएको र यसले संविधानप्रदत्त मौलिक हक हनन भएको दाबी गरिएको थियो । उहाँलाई जिल्ला अदालत, काठमाडौँको रोहबरमा २२ दिनपछि रिहा गरिएको थियो ।

शाही घोषणापछि स्वतन्त्र रेडियोहरूसँग सम्बन्धित मात्रै करीब डेढ दर्जन मुद्दा सर्वोच्च अदालतमा परे । यीमध्ये एउटा मुद्दा सरकारले हालेको थियो भने बाँकी व्यक्ति वा संस्थाले सरकारविरुद्ध हालेका थिए । यसबाहेक दुइटा मुद्दा अदालतको अवहेलनासम्बन्धी थिए, जुन रेडियो आन्दोलनकै सन्दर्भमा विकास भएका थिए । यी मुद्दाहरूको शृंखलालाई आम जनता र सञ्चार जगत्मा अदालतप्रतिको आस्था एवं विश्वास मुखरित भएको रूपमा हेर्न सकिन्छ ।[३४] यसरी मुद्दा दायर गर्नेहरूमा मुख्यतः दुई खाले व्यक्ति तथा संस्थाको सक्रियता देखिन्छ- (क) सञ्चारकर्मी वा सञ्चार संस्था र, (ख) विचार तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर नागरिक- खास गरी कानुन व्यवसायीहरू । त्यसैगरी, दर्ता

---

[३२] राजाको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्का वरिष्ठ उपाध्यक्ष डा. तुलसी गिरीले २०६२ असोज ३ गते विराटनगरमा राजावादीहरूको दुई दिने क्षेत्रीय भेलालाई सम्बोधन गर्दै शाही घोषणाका उद्देश्यहरू प्राप्त गर्नका लागि नेपाल अधिराज्यको संविधान २०४७ प्रमुख बाधक रहेको बताउनुभएको थियो । उहाँले भन्नुभएको थियो– "यो संविधान अस्तित्वमा रहेसम्म राजाको शाही घोषणामा उल्लेख भएका कुराहरू कहिल्यै पूरा हुँदैनन् ।" उहाँले स्वतन्त्र प्रेस र अभिव्यक्ति स्वतन्त्रता पनि नियन्त्रण गर्नुपर्ने बताउनुभएको थियो । वर्तमान संविधानकै कारण सरकारले त्यसो गर्न नसकेको उल्लेख गर्दै उहाँले भन्नुभएको थियो- राजाको विरोधमा लेख्ने पत्रपत्रिकाहरूलाई कारवाही गर्न पनि यो संविधानले दिँदैन र राजाको विरोधमा सडकमा बोल्दै हिँड्न पनि यसले छुट दिएको छ ।

[३३] रिट निवेदक ठमनाथ घिमिरे, सञ्चार अधिकृत, नेपाल पत्रकार महासंघ ।

[३४] शाही शासनकालमा दायर गरिएको मुद्दाको अन्तिम किनारा त्यस अवधिमा लाग्न सकेन ।

भएका मुद्दालाई पनि दुई पक्षमा बाँडेर हेर्न सकिन्छ- राज्यले गरेका भौतिक हमलाका विरुद्ध कानुनी उपचारको माग गरेर दायर गरिएका अर्थात् उपचारात्मक र राज्यले कानुनको सिमाना मिचेर गरेका र गर्न खोजेका प्रयासहरूविरुद्ध दायर गरिएका अर्थात् प्रतिकारात्मक ।

## *उपचारात्मक*

*कम्युनिकेसन कर्नर*लाई बन्द गर्ने सरकारी आदेशविरुद्ध २०६२ जेठ १६ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरी रेडियोकर्मीका तर्फबाट सरकारी हस्तक्षेप विरुद्ध कानुनी उपचारको खोजी प्रारम्भ गरियो । '*कर्नर*को सञ्चालन अवैधानिक तरिकाबाट गरेको भनी लेखी आएको हुँदा बन्द गर्नुहुन निर्देशानुसार अनुरोध' गर्ने सूचना तथा सञ्चार मन्त्रालय र बोधार्थ तथा कार्यार्थ पाउने रक्षा मन्त्रालय तथा ललितपुर जिल्ला प्रशासन कार्यालयका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई *कर्नर*ले मुद्दा हालेको थियो । कम्पनी ऐन, २०५३ बमोजिम उद्योग मन्त्रालयअन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएर चलिरहेको कम्पनीको क्षेत्राधिकारमा अतिक्रमण गर्ने अधिकार सञ्चार मन्त्रालयलाई नभएको कर्नरको दाबी थियो । मन्त्रालयको पत्रमा *कर्नर*ले कुन कानुनको कसरी उल्लंघन गरेको हो भन्ने लेखिएको थिएन र कारबाही गर्नुपर्ने आधार पनि खुलाइएको थिएन । तसर्थ त्यसलाई अनधिकृत निकायबाट स्वेच्छाचारी तथा बदनियतपूर्ण ढंगबाट जारी भएको निर्देशन भन्दै *कर्नर*ले बदर गर्नुपर्ने माग गऱ्यो । मन्त्रालयले *कर्नर*को सञ्चालन बन्द गर्नू भनी आदेश दिनुअगाडि *कर्नर*लाई कुनै प्रकारको सुनुवाइको मौका नदिएकाले प्राकृतिक न्यायको समेत सिद्धान्तविपरीत भनी *कर्नर*ले जिकिर गरेको थियो ।

उक्त मुद्दामा सर्वोच्च अदालतले १५ दिन भित्र लिखित जवाफ पेश गर्न जेठ १८ गते सरकारलाई आदेश दियो । न्यायाधीश खिलराज रेग्मीको एकल इजलासमा भएको सुनुवाइमा वरिष्ठ अधिवक्ताहरू वासुदेव ढुङ्गाना, राधेश्याम अधिकारी, श्रीहरि अर्याल र सिन्धुनाथ प्याकुरेल तथा अधिवक्ताहरू शम्भु थापा, हरिहर दाहाल, सुवास नेम्वाङ, अग्नि खरेलगायतले बहस गर्नुभएको थियो । साथै, अन्तरिम आदेश जारी गर्ने कि नगर्ने भन्ने विषयमा छलफल गरी जेठ २४ गते अदालतले संस्था बन्द नगर्न सरकारलाई आदेश दियो । 'विधिवत् दर्ता भई सञ्चालन भएको संस्थालाई कानुनबमोजिमको प्रक्रिया नअपनाई सूचना तथा सञ्चार मन्त्रालयको एउटा शाखा अधिकृतको ठाडो पत्रबाट बन्द गर्ने कार्य भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिँदा हाल सूचना तथा सञ्चार

मन्त्रालयको १६ जेठको पत्र कार्यान्वयन नगर्नू/नगराउनू', सर्वोच्च अदालतका न्यायाधीश रामप्रसाद श्रेठ र राजेन्द्रप्रसाद भण्डारीको संयुक्त इजलासको आदेश थियो ।

यो आदेशपछि *कम्युनिकेसन कर्नर* तत्काल बन्द गराउने सरकारी प्रयास विफल भयो । हुन पनि पत्र आफैँमा अपूर्ण र भाषा शैलीको हिसाबले समेत अत्यन्त कमजोर देखिन्थ्यो । पत्रको विषय 'मिडिया सेन्टर बन्द गर्ने सम्बन्धमा' हुनु आफैँमा हास्यास्पद थियो, किनभने *कम्युनिकेसन कर्नर* कुनै मिडिया सेन्टर थिएन ।[३५]

सरकारले *नेपाल एफएम*लाई *राजधानी खबर* प्रसारण गरे वापत इजाजत रद्द गर्ने सम्बन्धी पत्र २०६२ साउन १९ गते पठाएपछि साउन २४ गते सरकारविरुद्ध सर्वोच्चमा अर्को मुद्दा दायर भएको थियो ।

साउन २१ गते *नेपाल एफएम*को प्रसारक संस्था रेन्बो एफएम प्रालिका अध्यक्ष शिवप्रसाद घिमिरेले संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगको कार्यालय र राष्ट्रिय मानवअधिकार आयोगमा पनि यसको विरोधमा उजुरी हाल्नुभयो । उजुरीमा एफएमलाई सरकारले पठाएको अवैधानिक पत्रका विरुद्ध र सञ्चार स्वतन्त्रताको पक्षमा आवश्यक पहलकदमी लिइदिन दुवै संस्थाहरूलाई अनुरोध गरिएको थियो । उजुरीमा भनिएको थियो– "सरकारले यस स्वतन्त्र रेडियोलाई बन्द गर्ने चेतावनीसहित पठाएको पत्र सरकारको अधिकारभन्दा पर, स्वतन्त्र रेडियो सञ्चालन गर्न पाउने कानुनको विपरीत र नागरिकको मौलिक हकको सेवा गर्न पाउने अधिकारको विरुद्ध छ । यसका साथै नेपाल राज्य पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरू र मानवअधिकारको विश्वव्यापी घोषणापत्रका साथै म्युनिख घोषणापत्रलाई पनि सरकारको पत्रले प्रत्यक्ष अपमान गरेको छ ।"

उता, सर्वोच्चमा दायर गरिएको रिटमा सरकारी सर्तलाई राष्ट्रिय प्रसारण ऐनको प्रस्तावनाको उद्देश्यविपरीत, संविधानप्रदत्त विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हकमाथि अनुचित नियन्त्रण गर्ने काम भनिएको थियो । राष्ट्रिय प्रसारण नियमावली, कम्पनीको उद्देश्य र इजाजतपत्र[३६] तथा संविधान, ऐन, कानुन र मान्य सिद्धान्तको आधारमा समाचार र सूचना प्रसारण गर्ने अधिकार अनियन्त्रित र अकुण्ठित भएको दाबी पनि रिटमा गरिएको थियो ।

---

[३५] २०६३ फागुनको मध्यसम्म पनि यो मुद्दा अदालतमा विचाराधीन थियो ।

[३६] सूचना तथा सञ्चार मन्त्रालयले रेन्बो एफएम प्रालिका नाममा जारी गरेको इजाजतपत्रको १२ नम्बरमा यस्तो व्यवस्था छ- प्रसारण गरिने कार्यक्रमहरू : समाचारमूलक, मनोरञ्जनात्मक र सूचनामूलक ।

उक्त मुद्दामा साउन २६ गते सुनुवाइ भयो । न्यायाधीश अनुपराज शर्माको एकल इजलासमा भएको बहसमा *नेपाल एफएम*को तर्फबाट अधिवक्ताहरू अग्नि खरेल, हरिहर दाहाल, सुवास नेम्वाङ, हरिकृष्ण कार्की, भीमार्जुन आचार्य र टीकाराम भट्टराईले भाग लिनुभयो । त्यसै दिन सरकारी पत्रलाई कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्‍यो । आदेशमा भनिएको थियो–

> स्वयं श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय आफैँले जारी गरेको राष्ट्रिय प्रसारण नियमावली २०५२ अनुसार निवेदकलाई प्रदान गरेको इजाजतपत्रमा समाचारमूलक कार्यक्रमसमेत प्रसारण गर्न पाउने भनी इजाजतपत्र दिई निवेदकले सोहीबमोजिम लगानीसमेत गरी गराइसकेपछि आफैँले जारी गरेको इजाजतको सर्तविपरीत समाचार प्रसारण गर्न रोक लगाउन र त्यस्तो प्रसारण गरेमा इजाजतपत्र रद्द गर्नेतर्फ कारबाही उठाउँदा निवेदकलाई इजाजतपत्रबमोजिम लगानी गरिराखेको कामकारबाहीलाई अवरुद्ध हुने अवस्था तत्काल देखिन आएको र इजाजतपत्र दिइसकेपछि श्री ५ को सरकारले सम्पूर्ण समाचार प्रसारणमा नै रोक लगाउन पाउने हो वा तोकेको समाचार मात्र रोक लगाउन पाउने हो त्यस सम्बन्धमा लिखित जवाफ आएपछि निर्क्योल गरिने विषय भएको तर कानुनबमोजिम इजाजतपत्र रद्द नभएसम्म इजाजतपत्रबमोजिमको कार्य रोकेमा निवेदकलाई अपूरणीय क्षति नै हुने देखिँदा यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकको इजाजतपत्र रद्द गर्ने कुनै कारबाही नगर्नू नगराउनू भनी अन्तरिम आदेश जारी गरिएको छ ।

साथै आदेशमा एफएमबाट प्रसारण हुने समाचारले जनताको सुसूचित हुने हकलाई व्यापक असर पर्नेसमेतको विषय हुँदा लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि अविलम्ब अग्राधिकार दिई सुनुवाइको लागि पेस गर्न भनिएको थियो । यसले एफएम रेडियो समाचार प्रसारणका माध्यम हुन् र यिनले जनताको सुसूचित हुने अधिकारको सेवा गर्छन् भन्ने कुरा व्यक्त गरेको थियो । सर्वोच्चले *नेपाल एफएम*को इजाजतपत्र रद्द गर्नेसम्बन्धी पत्र पठाउनुको कारण खुलाई १५ दिनभित्र पेश गर्न पनि सरकारलाई आदेश दिएको थियो ।

सर्वोच्च अदालतको आदेशको विभिन्न क्षेत्रबाट स्वागत गरियो । नेपाल पत्रकार महासंघ, नेकपा (एमाले), नेपाली काँग्रेस, स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, राष्ट्रिय मानवअधिकार आयोग, नेपाल बार एसोसिएसन आदि संघसंस्था यो पंक्तिमा देखा परे । राष्ट्रिय मानव अधिकार आयोगका सदस्य गोकुल पोखरेल र नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापाले अदालतको आदेशको स्वागत र सरकारी निर्देशनको विरोधमा रेडियोबाटै विचारहरू सार्वजनिक गर्नुभयो ।[३७]

---

[३७] *नेपाल एफएम*को साउन २७ गते बिहान ८ बजे प्रसारित *राजधानी खबर* ।

अदालतको समाचार प्रसारण फुकुवा गराइदिएको भोलिपल्ट साउन २७ गतेदेखि *नेपाल एफएम*ले बिहान ६ बजे पत्रपत्रिकाहरूले छापेका देशविदेशका खबर समेटिएको समाचार मूलक कार्यक्रम *नेपाल डायरी*को समेत सुरुआत गऱ्यो। रेडियो सगरमाथाले राजनीतिक विश्लेषण नभएका, सुरक्षा निकायसँग सम्बन्धित घटनालाई उच्च सतर्कता र संवेदनशीलता अपनाईने संवैधानिक राजतन्त्रको मान्यता विपरीतका कुरा प्रसार नगरिने जस्ता पक्ष समेटी ६ बुँदे निर्देशिका जारी गरेर समाचार सुरु गरेको थियो। देशभरिका १६ ओटा एफएम रेडियो स्टेसनहरूले समाचार तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न थालेको जानकारी स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले दियो।

सरकारलाई भने यो कुरा सह्य भएन। त्यसैले २०६२ भदौ ६ गते *नेपाल एफएम*को इजाजतपत्र रद्द गर्न पाउनैपर्ने माग दाबी गर्दै उसले सर्वोच्च अदालतमा निवेदन दर्ता गरायो। निवेदनमा सूचना तथा सञ्चार मन्त्रालयले सर्त नमान्ने प्रसारण संस्थाहरूलाई कारवाही गर्न पाउने आफ्नो अधिकार भएको दाबी गरेको थियो। मन्त्रालयका सचिव लोकमानसिंह कार्कीले हस्ताक्षर गरेको निवेदनमा *नेपाल एफएम*ले इजाजतपत्रको माध्यमबाट पाएको सिर्जित हक भनेको प्रचलित कानुनबमोजिमसम्म उपभोग गर्न पाउने हो भन्दै समाचारमूलक कार्यक्रम प्रसारण गर्न रोक लगाउनु कानुन बमोजिम भएको दाबी गरिएको थियो। सरकारी निवेदनमा सूचनाको हक राज्य वा सरकारबाट प्राप्त गर्ने विषय मात्र हो, एफएम रेडियोले समाचार प्रसारण गर्नु वा नगर्नुलाई सूचनाको हक हनन भएको भन्न मिल्दैन भन्ने जिकिर गरिनुका साथै *नेपाल एफएम*सम्बन्धी सर्वोच्च अदालतको अन्तरिम आदेश संविधान र कानुन विपरीत भएको दाबी गर्दै त्यसलाई खारेज गर्न माग गरिएको थियो।

यो निवेदन उपर भदौ ८ गते सर्वोच्चमा छलफल भयो। न्यायाधीश खिलराज रेग्मी र परमानन्द झाको संयुक्त इजलासले विपक्षीलाई समेत राखी सुनुवाई गरी निष्कर्षमा पुग्न उपयुक्त देखिँदा त्यसका लागि *नेपाल एफएम*लाई सूचना दिन आदेश दियो। त्यस क्रममा भदौ २३ गते सरकारी वकीलहरू सरोज गौतम र ब्रजेश प्याकुरेलले आफूहरू अन्तिम सुनुवाइको लागि तयारी गरेर नआएको बताएपछि न्यायाधीशहरू मीनबहादुर रायमाझी र अर्जुनप्रसाद सिंहको संयुक्त इजलासले 'सर्वोच्च अदालतले दिएको अन्तरिम आादेश खारेज गर्न अस्वीकार गरिदियो। त्यसपछि यो मुद्दाको सुनुवाइको लागि अर्को पेशी मङ्सिर १४ गते हुने भयो र रेडियोहरूले अन्तरिम आदेशको आधारमा समाचार प्रसारण जारी राखे।[३८]

[३८] शाही सरकार पतन भएको दस महिना बितिसक्दा पनि यो मुद्दाको टुंगो लाग्न भने सकेको थिएन।

स्वतन्त्र रेडियोका पक्षमा अदालतको निर्णय निरंकुशताका समर्थकहरूलाई चित्त बुझ्ने कुरै थिएन । त्यस क्रममा कतिपयले रेडियो आन्दोलनसँग सम्बद्ध व्यक्तिहरूको विरोध गरे, कतिपयले रेडियोबाट समाचार प्रसारण गर्नु हुँदैन भन्ने ढिपी जारी राखे त केहीले अदालतकै कटु आलोचना गरे । *गोरखापत्र* दैनिकले रेडियो आन्दोलन र रेडियो अधिकारको विपक्षमा माघ १९ को लगत्तैदेखि 'जनबोली' शीर्षक स्तम्भ नै सञ्चालन गरेर शृंखलाबद्ध रूपमा गालीगलौज चलाइरहेको थियो भने निजी क्षेत्रबाट सञ्चालित कतिपय अखबार पनि उसको बोलीमा लोली मिलाइरहेका थिए । यस क्रममा *राष्ट्रिय जनमञ्च साप्ताहिक*ले 'सर्वोच्चमा गोरु ब्यायो' शीर्षकमा समाचार छापेर साउन २७ गतेको अन्तरिम आदेशले न्यायाधीश अनुपराज शर्मालाई 'शुभलाभ' भएको समेत आरोप लगायो । त्यसका विरुद्ध दाङको लालमटिया गाविस घर भई काठमाडौं थापाथली बस्ने विष्णु महर्जनले भदौ १९ गते अदालतको अवहेलनामा कारबाहीको माग गर्दै सर्वोच्च अदालतमा मुद्दा हाल्नुभएको थियो ।

अदालतमा लगातार असफल भएपछि सरकारले कात्तिक ४ गते राति *कान्तिपुर एफएम*मा प्रवेश गरी विभिन्न उपकरण लिएर गयो । त्यसपछि कात्तिक ६ गते *कान्तिपुर एफएम*ले लुटिएका सामग्री फिर्ता गरियोस् भन्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गऱ्यो ।[३९] प्रबन्ध निर्देशक विनोदराज ज्ञवालीले दायर गरेको सो रिटमा समाचार प्रसारणमा बन्देज लगाउने सञ्चार अध्यादेश खारेजीका साथै तत्काल कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेशको मागसमेत गरिएको थियो । कात्तिक ७ गते प्रधानन्यायाधीश दिलीपकुमार पौडेलको एकल इजलासले सञ्चार अध्यादेश जारी गर्नुपर्नाको र *कान्तिपुर एफएम*मा मध्यराति लुटपाट गर्नुको लिखित कारण सरकारसँग माग गर्दै कात्तिक १३ गते विशेष इजलासमा सुनुवाइ हुने राय दियो । *कान्तिपुर एफएम*का तर्फबाट अधिवक्ता सुवास नेम्वाङ, बार अध्यक्ष शम्भु थापा र अधिवक्ता यज्ञमूर्ति बन्जाडेले बहस गर्नुभएको थियो ।

त्यसै दिन सूचना तथा सञ्चारमन्त्री टंक ढकाल भने पेशागत संगठनहरू 'ठूलो लावालस्कर लिएर' अदालतमा मुद्दा दर्ता गराउन गएकोमा आपत्ति जनाउँदै

---

[३९] यो मुद्दाबारे न्यायाधीशहरू अनुपराज शर्मा, शारदाप्रसाद पण्डित र बद्रीकुमार बस्नेतको विशेष इजलासले २०६३ असार २२ गते निर्णय दियो । विवादित सञ्चार अध्यादेशका आधारमा *कान्तिपुर एफएम*बाट मन्त्रालयका कर्मचारीले लगेका उपकरणहरू फिर्ता पाई पूर्ववत् रूपमा पुल्चोकबाट प्रसारित कार्यक्रम भेडेटार स्टेसनबाट अपलिङ्क गरी प्रसारण सुरु भइसकेकोले कुनै आदेश जारी गर्नु नपर्ने ठहर गरी रिट खारेज गरिएको थियो ।

हुनुहुन्थ्यो । 'सञ्चार समूह' मा बोल्ने क्रममा उहाँले *कान्तिपुर एफएम*मा राति लुटपाट गर्नुको सरकारी तर्क पनि पेश गर्नुभयो । "दिनभर कानुन लागू गरिन्छ भने राति किन गर्न नहुने ?" उहाँको तर्क थियो– "कुनै अवैधानिक काम गऱ्यो भने दिन र रात भन्दैन, सरकारले ऐन कानुन पालना गराउँछ । घरभित्र अवैध काम भइरहेको थाहा पाएर पनि बिहानसम्म पर्खन मिल्दैन ।"

उहाँको आक्षेपप्रति *कान्तिपुर एफएम*ले तत्काल आपत्ति जनायो । सरकारी इजाजतका आधारमा सञ्चालित एफएमले रातारात रोक्नुपर्ने गरी के अवैधानिक काम गरेको थियो, प्रमाणित गर्न उसले मन्त्रीलाई चुनौती दियो । स्टेसन म्यानेजर प्रभात रिमालले जुन मन्त्रालयले स्याटेलाइट अपलिङ्कका लागि स्वीकृति दियो र बर्सेनी नवीकरण गर्दै आएको छ, त्यही मन्त्रालयका प्रमुखले अहिले असंवैधानिक भन्नु लज्जास्पद हो भन्दै मन्त्री ढकाललाई आफैंले ल्याएको अध्यादेश राम्ररी पढ्न सुझावसमेत दिनुभयो (कान्तिपुर २०६२ढ) ।

उक्त मुद्दामा अदालतले तत्काल अन्तरिम आदेश दिन अस्वीकार गरेको थियो । त्यसबाट उत्साहित भएको सरकारले कात्तिक ९ गते *कान्तिपुर एफएम*को इजाजतपत्र नै रद्द गर्नसक्ने २४ घण्टे चेतावनीसहितको पत्र दियो । त्यसपछि कानुनी लडाईमा अर्को एउटा मुद्दा थपियो ।[४०] यो पत्रका विरुद्ध कात्तिक १० गते रिट दायर गरियो र अदालतले त्यसै दिन पेशीमा राखेर कारवाही अगाडि बढायो । प्रधानन्यायाधीश दिलीपकुमार पौडेल र न्यायाधीशहरू शारदा श्रेष्ठ र तपबहादुर मगरको इजलासले *कान्तिपुर एफएम*ले समाचार प्रसारण गरकोमा इजाजतपत्र खारेज गर्ने काम नगर्न सोही दिन सरकारका नाममा अन्तरिम आदेश जारी गऱ्यो । सर्वोच्च अदालतले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मुद्दालाई महत्त्व दिँदै दायर भएकै दिन सुनुवाइ गरेको यो पहिलो पटक थियो (बालकृष्ण र चेतबहादुर २०६२) । यो अन्तरिम आदेशद्वारा अदालतले स्वतन्त्र रेडियोबाट समाचार सुन्न पाउने नागरिकको मौलिक हकलाई पुनः संरक्षण प्रदान गरेको थियो ।

उता, राष्ट्रिय मानवअधिकार आयोगले पनि सञ्चार अध्यादेश र *कान्तिपुर एफएम*मा भएको सरकारी कारवाहीका बारेमा कात्तिक १० गते नै सूचना तथा

---

[४०] न्यायाधीशहरू अनुपराज शर्मा, शारदाप्रसाद पण्डित र बद्रीकुमार बस्नेतको विशेष इजलासले २०६३ असार २२ गते मात्रै निर्णय दियो । नेपाल सरकारद्वारा मिति २०६३ वैशाख २९ गतेको *नेपाल राजपत्र*मा प्रकाशित सूचनाअनुसार सञ्चार अध्यादेश सरकारले खारेज गरिसकेको हुँदा खारेज भइसकेको अध्यादेशको संवैधानिकता परीक्षण गरिरहनुको कुनै औचित्य नरहेको ठहरसहित इजलासले रिट निवेदन खारेज गरिएको थियो ।

सञ्चारमन्त्री टंक ढकाललाई कार्यालयमा बोलाएर सोधपुछ गऱ्यो । त्यसपछि कात्तिक ११ गते आयोगले सरकारलाई *कान्तिपुर एफएम*का उपकरण फिर्ता गर्न र संविधानका आधारभूत अधिकार र मानवअधिकारका आधारभूत सिद्धान्तहरूको सम्मान गर्न निर्देशन दियो । आयोगले पत्रकारहरूको जीवन र सम्पत्तिको अधिकारका साथै उनीहरूको विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न र आइन्दा यस्तो कार्य नदोहोऱ्याउन पनि सरकारलाई निर्देशन दियो । *कान्तिपुर एफएम*का उपकरण भने पुस ६ गते मात्रै फिर्ता गरिएका थिए ।

यसको एक महिनापछि मङ्सिर १२ गते राति सूचना तथा सञ्चार मन्त्रालयको टोलीले शस्त्रधारी प्रहरीसहित प्रवेश गरी *रेडियो सगरमाथा*का उपकरण कब्जा गरी लैजानुका साथै रेडियो नै बन्द गराएपछि कानुनी उपचारको उपाय खोजिएको थियो । यो कार्यलाई गैरकानुनी भन्दै मङ्सिर १३ गते *रेडियो सगरमाथा*को संस्थापक संस्था नेपाल वातावरण पत्रकार समूहका तर्फबाट अध्यक्ष लक्ष्मण उप्रेतीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नु भएको थियो ।[४१] माओवादीका अध्यक्ष प्रचण्डको अन्तर्वार्ता *बीबीसी* नेपाली सेवाबाट बजाइने आशंकाकै आधारमा मन्त्रालयका इन्जिनियर गौरव गिरीले उपकरण कब्जा गरेपछि 'अर्को आदेश नभएसम्म प्रसारण कार्य स्थगित गर्नू' भन्ने व्यहोराको पत्र रेडियोमा छोडेर जानुभएको थियो । मन्त्रालयको यो कार्यपछि ४३ घण्टा ४७ मिनेटसम्म *रेडियो सगरमाथा*को प्रसारण बन्द हुन गएको थियो ।

मङ्सिर १४ गते सर्वोच्च अदालतका न्यायाधीश बद्रीकुमार बस्नेतको इजलासले रेडियो सगरमाथाको प्रसारण यथावत सञ्चालन गर्न दिन सरकारका नाममा अन्तरिम आदेश जारी गऱ्यो । मङ्सिर २२ गतेसम्म यसबारे कुनै कदम नचाल्न सरकारलाई आदेश दिनुका साथै यो आदेशलाई निरन्तरता दिने नदिने बारेमा सोही दिन बहस हुने मिति तोकिएको थियो । *रेडियो सगरमाथा*का तर्फबाट अधिवक्ता सुवास नेम्वाङ, नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापाका साथै अधिवक्ताहरू सतीशकृष्ण खरेल, भीमार्जुन आचार्यले बहस गर्नुभएको थियो ।

यो आदेश अपराह्न ३:४५ बजे भएको थियो । त्यसको केही घण्टा नबित्दै, कार्यालय समय सकिएपछि अपराह्न ५:२० बजे सूचना तथा सञ्चार मन्त्रालयका उपसचिव अम्बरराज पौडेलको नामबाट फ्याक्समार्फत एउटा पत्र *रेडियो सगरमाथा*मा प्राप्त भयो । पत्रमा *बीबीसी* नेपाली सेवाको पुनः प्रसारण र

---

[४१] २०६३ फागुनमध्यसम्म मुद्दा सर्वोच्च अदालतमा विचाराधीन नै थियो ।

समाचारमूलक कार्यक्रमको प्रसारणमा बन्देज लगाइएको जानकारी दिइएको थियो । त्यो आदेशको कारण त्यसै दिन (१४ गते) देखि *बीबीसी* नेपाली सेवाको कार्यक्रम प्रसारण रोकियो (विकास भट्टराई २०६२क) । सो पत्रका विरुद्ध २०६२ मङ्सिर १७ गते सर्वोच्च अदालतमा फेरि रिट दायर गरियो ।[४२] एकातिर सरकारले सञ्चालन गरेको १०३ मेगाहर्जमा २४ सै घण्टा *बीबीसी* प्रसारण हुनु र अर्कातिर इजाजत प्राप्त गरी कानुनबमोजिम सञ्चालित *बीबीसी* सेवाको पुनः प्रसारणमा बन्देज लगाउनु भेदभावपूर्ण थियो, जुन कुरालाई रिट निवेदनमा पनि उल्लेख गरियो ।

उक्त रिटमा सर्वोच्च अदालतका न्यायाधीश खिलराज रेग्मी तथा दामोदरप्रसाद शर्माको संयुक्त इजलासले मङ्सिर २२ गते अन्तरिम आदेश जारी गऱ्यो । अन्तरिम आदेशमा भनिएको थियो–

> *बीबीसी* सेवा सञ्चालनका लागि श्री ५ को सरकारले २०५५।०८।२२ को पत्रबाट *बीबीसी* नेपाली सेवाको पुनः प्रसारणका सम्बन्धमा नेपाल वातावरण पत्रकार समूह / *रेडियो सगरमाथा*लाई छुट्टै स्वीकृति दिएको अवस्था देखिएको र सो निवेदकले रेडियो यन्त्र राख्ने लाइसेन्सको अतिरिक्त छुट्टै स्वीकृति पाएको अवस्थामा उक्त स्वीकृतिपत्र खारेज नभएसम्म सो कायमै रहेको मान्नुपर्ने देखिन आयो । २०६२।०८।१४ को पत्रमा श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयले *बीबीसी* नेपाली सेवा पुनः प्रसारण रोक्न तथ्यगत कारण र आधार नपाइएको हुँदा कुन कानुनको आधारमा रोक लगाइएको नपाइएको हुँदा सोसम्बन्धी उक्त पत्रसहितको निर्णय पछि निवेदन टुङ्गो लाग्दा ठहरे बमोजिम हुने गरी हाललाई अन्तरिम आदेश जारी गरिएको छ ।

रिटका पक्षमा *रेडियो सगरमाथा*का तर्फबाट अधिवक्ताहरू सुवास नेम्वाङ, सतीशकृष्ण खरेल, अग्नि खरेल, भीमार्जुन आचार्य र प्रो-पब्लिकका राजु चापागाईंले बहस गर्नुभएको थियो । अदालतको आदेशपछि सोही दिनदेखि नै *रेडियो सगरमाथा*ले *बीबीसी* नेपाली सेवाको कार्यक्रम प्रसारण गर्न थालेको थियो । *रेडियो सगरमाथा*बाट मङ्सिर १२ गते राति कब्जा गरी लगेको उपकरण भने सूचना तथा सञ्चार मन्त्रालयले मङ्सिर २९ गते मात्र फर्काएको थियो ।

यसैबीच, २०६२ मङ्सिर १४ गते सरकारले *रेडियो सगरमाथा*लाई पठाएको पत्रले सूचना तथा सञ्चार मन्त्री टंक ढकाल, सचिव कुमारप्रसाद पौडेल र उपसचिव अम्बरराज पौडेलले अदालतको अवहेलना गरेको दाबी गर्दै अधिवक्ता आनन्द सन्तोषी राईले मङ्सिर २३ गते सर्वोच्चमा मुद्दा दायर गर्नुभएको थियो ।

---

[४२] २०६३ फागुनमध्यसम्म मुद्दा सर्वोच्च अदालतमा विचाराधीन थियो ।

त्यसमा पुस १४ गते न्यायाधीश दामोदरप्रसाद शर्माको एकल इजलासले मन्त्री ढकाल, सचिव पौडेललगायतलाई अदालतमा उपस्थित हुन आदेश दियो । आदेशअनुरूप फागुन २४ गते मन्त्री ढकाल अदालतमा उपस्थित हुनुभयो । लिखित बयानमा उहाँले जानाजानी अदालतको आदेशको अवहेलना नगरेको सफाइ पेश गर्नुभएको थियो ।

### *प्रतिकारात्मक*

सरकारले गरेको दमन र अन्यायका विरुद्ध उपचारात्मक प्रकृतिका मुद्दा लिएर अदालत जानेमा रेडियो सम्बद्ध व्यक्ति तथा संस्थाहरू थिए भने अन्याय हुनुअघि वा सम्भावित अन्यायको प्रतिकार गर्न अदालत जानेमा चाहिँ तीबाहेकका व्यक्ति तथा संस्थाहरू पनि प्रशस्त देखिए ।

माघ २१ गते सरकारले पठाएको पत्रको तत्काल लिखित प्रतिकार गर्न *नेपाल एफएम*को प्रसारक संस्था रेन्बो एफएम प्रालि अघि सऱ्यो । एफएम स्टेसनका तत्कालीन प्रबन्ध निर्देशक गोपाल गुरागाईंले २०६१ माघ २५ गते मन्त्रालयलाई पत्र पठाएर सरकारी पत्रले 'अत्यन्तै कठिनाइ' भएको गुनासो गर्नुभयो । उहाँले पत्रको निर्देशनमा रहेको 'सूचना' भन्ने शब्दलाई हटाई वा सबैले एउटै अर्थमा बुझ्नसक्ने गरी स्पष्ट पारिदिन सरकारसँग अनुरोध गर्नुभएको थियो । तर, मन्त्रालयले कहिल्यै प्रस्ट पारेन ।

माघ १९ गतेको शाही घोषणा लगत्तै जारी गरिएको संकटकालीन अवस्थाको आदेशपछि नागरिकका प्रायः सम्पूर्ण मौलिक हक निलम्बित[४३] भए पनि निलम्बनमा नपरेका केही धारा र उपधारा थिए, जसलाई स्वतन्त्रताको पक्षमा नागरिकले उपभोग गर्ने ठाउँ थियो । सञ्चार क्षेत्रमाथि भएको दमनका विरुद्ध तिनै निलम्बन नगरिएका संवैधानिक अधिकार प्रयोग गर्दै सरकारलाई चुनौती दिइयो । यसरी अदालत जाने क्रम नेपाल पत्रकार महासंघले थालेको थियो । महासंघ केन्द्रीय

---

[४३] श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको विज्ञप्ति :- श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता एवं सुरक्षामा गम्भीर संकट उत्पन्न भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागू हुने गरी संकटकालीन अवस्थाको आदेश जारी गरिबक्सी सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क), (ख) र (घ), धारा १३ को उपधारा (१) र धारा १५, १६, १७, २२ र २३ (बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हकबाहेक) निलम्बन गरिबक्सेको छ । हुकुम बक्सेबमोजिम, मी.सु. पशुपतिभक्त महर्जन, श्री ५ महाराजाधिराजका प्रमुख सचिव (श्री ५ को सरकार २०६१ख) ।

कार्यसमितिको आकस्मिक बैठकले केन्द्रीय सदस्य एवं महासंघको श्रमजीवी पत्रकार कानुन कार्यान्वयन अनुगमन तथा कानुन सहायता समितिका सदस्य विनोद ढुङ्गेललाई महासंघको तर्फबाट सरकारसँग कानुनी संघर्ष गर्नका लागि रिट निवेदन दर्ता गर्ने अख्तियारी दियो ।

सोही आधारमा 'एफएम रेडियोहरूका लागि प्रसारण सामग्री उत्पादन तथा वितरण गर्ने कम्पनी *कम्युनिकेसन कर्नर*को सम्पादक' समेत रहेको जानकारी दिँदै महासंघका तर्फबाट संकटकाल सकिनुभन्दा १० दिनअघि २०६२ वैशाख ६ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरियो । रिटमा सरकारले स्वतन्त्र रेडियोहरूलाई दिएको निर्देशनले संविधानको धारा ११ (१), १२ (१), १२ (२) (ङ) द्वारा प्रदत्त हकमा आघात एवं कुण्ठा पुगेको दाबी गरिएको थियो ।[४४] यसका लागि सर्वोच्च अदालतकै २०५८ सालको एउटा रिटलाई पनि आधार मानिएको थियो । यसै गरी सरकारी सूचना राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ७ सँग पनि बाझिएको दाबी रिट निवेदनमा गरिएको थियो ।[४५] समानताको हकले स्वेच्छाचारितालाई मान्यता नदिने तर राज्यका आदेशहरू स्वेच्छाचारी भएको दाबी पनि गरिएको थियो । रिटमा संविधानले धारा ११ (१) अनुसार सबै नागरिक कानुनको दृष्टिमा समान हुन् भनेकोमा सरकारी निर्देशनपछि रेडियो पत्रकारहरूलाई त्यसबाट बाहेक गरिएको, धारा १२ (२) (ङ) द्वारा सबै नागरिकलाई प्रदत्त 'कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता' मा आघात एवं कुण्ठा पुगेको लगायतका दाबी गरिएको थियो ।

यसै गरी धारा १२ (१) ले वैयक्तिक स्वतन्त्रताको ग्यारेन्टी गरेको छ जसअन्तर्गत जीवनको अधिकार पनि पर्छ । यो अधिकार संविधानको १२ (२) (ङ) सँग पनि सम्बन्धित छ, किनकि पेसा एवं व्यवसायको अभावमा व्यक्तिले सम्मानपूर्वक बाँच्ने अधिकार नै गुमाउँछ । त्यसैले रेडियो स्टेसनबाट मनोरञ्जनात्मक बाहेक कुनै कुरा प्रसारण गर्न नदिएपछि एउटा समाचार सम्पादकको पेसा र रोजगारी खोसिने र सम्मानपूर्वक बाँच्ने अधिकार कुण्ठित हुने दाबी रिट निवेदनमा

---

[४४] धारा- ११ (१) :- सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको स्थान संरक्षणबाट वञ्चित गरिने छैन । धारा १२ (१) :- कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन । धारा १२ (२) (ङ) :- सबै नागरिकलाई 'कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता' हुनेछ ।

[४५] राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ७ - राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एक पटकमा ६ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सकिन्छ ।

गरिएको थियो । राष्ट्रिय प्रसारण ऐनको हकमा भने दफा ७ को 'कुनै विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम' प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने व्यवस्थाको विपरीत कुनै खास कार्यक्रम मात्र प्रसारण गर्नू भन्ने निर्देशन अमिल्दो भएको तर्क गरिएको थियो । वास्तवमा ऐनले दिएको अधिकारलाई नियमले कटौती गर्नु भनेको विधायिकाको अधिकारलाई कार्यपालिकाले कटौती गर्नु जस्तै हो । यसै पनि माघ २० गते सरकारले *नेपाल राजपत्र*मा प्रकाशित गरेको सूचनालाई समेत मिचेर माघ २१ र फागुन २६ मा मन्त्रालयले पत्र पठाएको थियो । रिटमा यी सबै आधार खुलाएर सरकारी आदेश बदर गराई एफएम रेडियो स्टेसनहरूलाई पूर्ववत् समाचार प्रसारण गर्न दिनू भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश माग गरियो । रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र गृह मन्त्रालयलाई विपक्षी बनाइएको थियो । यो मुद्दाको वैशाख ७ गते भएको पहिलो सुनुवाइमा अदालतले यस विषयमा थप छलफलका लागि वैशाख १२ गते सरकारी वकिललाई झिकाउने आदेश दिएको थियो। तर प्रक्रियागत त्रुटिका कारण वैशाख १५ गते मात्र मुद्दा पेसीमा चढ्यो । यस दिन रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी र अधिवक्ताद्वय शम्भु थापा र दिनेश त्रिपाठीले बहस गर्नुभयो । अन्त्यमा न्यायाधीशहरू केदारप्रसाद गिरी, शारदाप्रसाद पण्डित र परमानन्द झाको विशेष इजलासले आदेश दियो- 'कानुनी प्रश्नको निराकरण लिखित जवाफ प्राप्त भएपछि पूर्ण सुनुवाइबाट हुनसक्ने विषय हुँदा हाल निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गर्न परेन । विषयको गम्भीरता हेरी लिखित जवाफ प्राप्त भएपछि प्रस्तुत रिटलाई अग्राधिकार दिई पेस गर्नू ।'

त्यसपछि सरकारले अदालतलाई लिखित जवाफ पठाउन थाल्यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट सचिव मुकुन्द शर्मा पौडचालले चारबुँदे जवाफ पठाउनुभयो । मुख्य जवाफमा भनिएको थियो– 'विपक्षी रिट निवेदकले यस कार्यालयको के-कस्तो कामकारबाहीबाट निजको के-कस्तो हक अधिकारको हनन भएको हो, त्यसको स्पष्ट जिकिर नलिई विनाआधार र कारण यस कार्यालयसमेतलाई प्रत्यर्थी बनाई दिएको रिट निवेदन खारेज भागी छ ।' ठीक यस्तै जवाफ गृह सचिव चण्डीप्रसाद श्रेष्ठको पनि थियो । कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका तर्फबाट सचिव डा. कुलरत्न भुर्तेलले पठाएको जवाफमा ऐनको दफा ७ र नियमावलीको नियम ८ (च) बीच कुनै सम्बन्ध नरहेको तर्क गर्दै ऐन र नियमावलीले गरेको व्यवस्था भिन्नाभिन्नै अवस्थाका

लागि रहेको र नियमावलीको प्रावधानले ऐनको व्यवस्थालाई ननाघेको बरु अत्यन्त सीमित भएर रहेको दाबी गर्दै रिट खारेजीको माग गरिएको थियो ।

त्यस्तै, सूचना तथा सञ्चार मन्त्रालयका तर्फबाट सचिव लोकमानसिंह कार्कीले विपक्षीको संवैधानिक र कानुनी हकअधिकारमा आघात नपरेको जनाउँदै अदालतलाई जवाफ पठाउनुभयो । उहाँले एफएमबाट समाचार प्रसारणमा रोक लगाइएको कारणबाट कसैको पनि पेशा र रोजगारीसम्बन्धी हक कुण्ठित नभएको दाबी गर्नुभयो । उहाँको जवाफमा एफएम रेडियो स्टेसन सञ्चालनमा नै रोक लगाएको नभई निश्चित प्रकारका कार्यक्रम प्रसारण नगर्नसम्म भनिएको हुँदा पत्रकारहरूको संविधानप्रदत्त हकमा कुनै अवरोध सिर्जना नभएको तर्क गरिएको थियो । कार्कीले पनि ऐन र नियममा उल्लिखित व्यवस्थाहरू स्वतन्त्र रहेको तर्क गर्दै रिट खारेजीको माग गर्नुभएको थियो । यसअलावा उहाँको थप भनाइ थियो– "विपक्षी एफएम रेडियो प्रसारण वा प्रसारण संस्थाको आधिकारिक व्यक्तिसमेत नभएको अवस्थामा विपक्षीको हकअधिकारमा आघात पर्ने प्रश्न नै खडा हुन नसक्ने देखिन जानाले विपक्षीलाई सम्मानित अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गराइमाग्ने हकसमेत नहुँदा निवेदन खारेज गरी पाऊँ ।" यो मुद्दा शाही शासनकालभरि अदालतमा विचाराधीन नै रह्यो ।[४६]

२०६२ जेठ ६ गते अधिवक्ताद्वय माधवकुमार बस्नेत र सुदीप पौडेलले रिट दायर गर्नुभयो । रिट निवेदनमा वैशाख १६ गते संकटकाल फिर्ता भएपछि पनि समाचार प्रसारण रोकिएको र वैशाख १९ गते मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालयले रेडियोहरूलाई जिल्ला प्रशासन कार्यालयहरूमार्फत त्यसका निम्ति आदेश दिएकोमा ऊसँग त्यस्तो अधिकार नभएको दाबी गरिएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्री टंक ढकाल, गृह

---

[४६] शाही शासनको पतन भएको दस दिनपछि २०६३ वैशाख २१ गते न्यायाधीशहरू अनुपराज शर्मा, खिलराज रेग्मी र पवनकुमार ओझाको विशेष इजलासले नेपाली रेडियो पत्रकारिताका पक्षमा फैसला दियो । फैसलामा राष्ट्रिय प्रसारण ऐनको उद्देश्य कार्यान्वयन गर्न निर्माण गरिएको राष्ट्रिय प्रसारण नियमावलीको नियम ८ को खण्ड (च) को कानुनी व्यवस्था ऐनको दफा ७ को प्रतिकूल रहेको देखिएको र नियमावलीको उक्त कानुनी व्यवस्था प्रयोग गरी सूचना तथा सञ्चार मन्त्रालयबाट मिति २०६१।१०।२१ मा जारी गरिएको निर्देशनबाट संविधानको धारा १२ (२) (ङ) द्वारा प्रत्याभूत निवेदकको पेशा, रोजगारसम्बन्धी स्वतन्त्रता बेमनासिब रूपमा अपहरण हुन गएको देखिएकोले राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड (च) को व्यवस्था अमान्य र बदर हुने ठहर गरियो । यसका साथै ऐनसँग बाझिएको विवादास्पद नियमावलीको व्यवस्थाका आधारमा मन्त्रालयले मिति २०६१।१०।२१ मा जारी गरेको निर्देशनसमेतका काम कारवाहीहरूसमेत उत्प्रेषणको आदेशद्वारा अदालतले बदर गरिदियो ।

मन्त्रालय, मध्यमाञ्चल क्षेत्रीय प्रशासक रवीन्द्र चक्रवर्ती र उपत्यकाका जिल्ला प्रशासन कार्यालयहरूलाई विपक्षी बनाइएको रिट निवेदनमा राष्ट्रिय प्रसारण ऐन र नियमावलीअनुसार क्षेत्रीय प्रशासकलाई त्यस्तो आदेश दिने अधिकार नै नभएको र तिनका दृष्टिमा क्षेत्रीय प्रशासकको हैसियत सामान्य नेपालीको भन्दा कुनै पनि अर्थमा फरक नभएको उल्लेख थियो । साथै राष्ट्रिय प्रसारण ऐनकै मातहतमा स्थापित टेलिभिजन च्यानलहरूले समाचार प्रसारण गरिरहेको अवस्थामा रेडियो माध्यमलाई पूर्ण प्रतिबन्ध लगाउन नमिल्ने तर्क गरिएको थियो । रिट निवेदनमा श्री ५ बाट नगरपालिकाहरूको चुनाव निकट भविष्यमै गराउन मन्त्रिपरिषद्‌लाई हुकुम भइसकेको अवस्थामा धेरैभन्दा धेरै सूचना प्रवाह गर्नुपर्नेमा सूचनाको मुहानै थुन्ने काम गैरकानुनी भएको तर्कसमेत गरिएको थियो ।

यो मुद्दामा जेठ १२ गते न्यायाधीश मीनबहादुर रायमाझीको एकल इजलासले एफएममा समाचार रोक्नुको कारण १५ दिनभित्र पेश गर्न सरकारलाई आदेश दियो र अन्तरिम आदेश जारी गर्ने कि नगर्ने भन्ने विषयमा छलफल गर्न १६ गतेका लागि सरकारी पक्षलाई बोलायो । सूचना तथा सञ्चारमन्त्री टंक ढकालले सर्वोच्च अदालतलाई पठाएको जवाफमा भन्नुभयो– “प्रचलित कानुनको अधीनमा रही यस मन्त्रालयले जारी गरेको उल्लेखित निर्देशनको परिपालना गराउने उद्देश्यले क्षेत्रीय प्रशासन कार्यालयबाट नियमित अनुगमनको सिलसिलामा मात्र उक्त निर्देशनको प्रतिपादन गर्ने काम भएको तथ्य यससम्बन्धी पत्रबाट खुल्दछ । मन्त्रालयबाट जारी भएको निर्देशनलाई सम्बन्धित ठाउँमा पुऱ्याउन र त्यसको निर्देशन कार्यान्वयनमा क्षेत्रीय प्रशासनलगायत जिल्ला प्रशासन कार्यालयबाट भएको कार्य कानुन विपरीत छ भन्न सकिँदैन । क्षेत्रीय प्रशासकले निर्देशन नै जारी नगरी मन्त्रालयबाट जारी गरिएको निर्देशनलाई समन्वयकर्ताको रूपमा रही पत्राचारसम्म गरेको हो ।” यो मुद्दा शाही शासनकालभरि अदालतमा विचाराधीन नै रह्यो ।[४७]

२०६२ असार १ गते सर्वोच्चमा अर्को रिट दर्ता भयो- सूचना तथा सञ्चार मन्त्रालयले जेठ ३१ गते सूचना जारी गरी एफएम प्रसारण संस्था वा व्यक्तिले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य समाचारमूलक कार्यक्रम वा सामग्री प्रसारण गर्न रोक लगाउने भनी सर्त तोकेको विरुद्ध अधिवक्ताद्वय माधवकुमार बस्नेत र सुदीप पौडेलले नै रिट निवेदन दायर गर्नुभएको थियो । एफएम रेडियोहरूले आन्दोलनको क्रममा राजाको दोहा भ्रमणको समाचार

[४७] शाही शासन पतन भएको एक वर्षसम्म पनि सर्वोच्च अदालतमा विचाराधीन ।

प्रसार गर्ने थाहा पाएर त्यसलाई रोक्ने र तिनलाई तर्साउने उद्देश्यले मन्त्रालयले सूचना जारी गरेको थियो । सो सूचनालाई गैरसंवैधानिक र गैरकानुनी भन्दै परेको रिट निवेदनमा त्यसले आम नेपालीले सूचना पाउने र विचार अभिव्यक्त गर्ने माध्यमलाई सदाका लागि नै बन्द गरेको र नागरिकको संविधानप्रदत्त स्वतन्त्रताको हकसमेत कुण्ठित गरेको बताइएको थियो । रिटमा सरकारी आदेशलाई अन्तरिम आदेशद्वारा कार्यान्वयन हुनबाट रोक्नुपर्ने र उत्प्रेषणको आदेशबाट बदर गरिनुपर्ने जिकिर गरिएको थियो ।

उहाँहरूले सरकारी सूचना संविधान र सर्वोच्च अदालतकै नजिरसमेतको विपरीत भएकोले बदर गर्न माग गर्दै निवेदनमा आफ्ना तर्कहरू पेश गर्नुभएको थियो । संविधानको धारा १३ ले पूर्वप्रतिबन्धलाई असंवैधानिक मानेको थियो र अदालतकै एक विशेष इजलासले 'आम विद्युतीय सञ्चारमाध्यमबाट विचार तथा अभिव्यक्ति प्रदान गर्ने स्वतन्त्रताका सम्बन्धमा पनि ...प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक प्रत्याभूति समान रूपमा लागू हुन्छ' भन्ने सिद्धान्त प्रतिपादन गरिसकेको थियो ।

राष्ट्रिय प्रसारण ऐनको प्रस्तावनामा 'जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवं सम्बर्द्धन गर्न ...राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका निष्पक्ष एवं आधिकारिक समाचार तथा सूचनाको जानकारी आम जनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्बाध रूपले प्रसारण गर्न' भन्ने लेखिएको छ । सोही ऐनको दफा ११ ले सूचना तथा समाचार सम्प्रेषणका प्राथमिकता तोकेको छ, जसमा विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमसमेत परेका छैनन् । यसले ऐनको मूल प्राथमिकता मनोरञ्जन नभएर समाचार र सूचना नै हो भन्ने देखाउँछ । यसलाई आधार बनाउँदै रिट निवेदनमा दाबी गरियो- विपक्षीहरूको सूचनाले जननी ऐन तथा संविधानलाई अप्रत्यक्षरूपमा संशोधन गर्न पुगेको छ, जुन अधिकार प्रत्यायोजनको सिद्धान्तको समेत विपरीत छ ।

रिट निवेदनमा असार ३ गते प्रारम्भिक सुनुवाइ हुँदा न्यायाधीश रामप्रसाद श्रेष्ठको एकल इजलासले सूचना जारी गर्नुपर्नाको कारण १५ दिनभित्र देखाउन सरकारलाई आदेश दियो । अदालतले निवेदकहरूको मागबमोजिम अन्तरिम आदेश जारी गर्न भने अस्वीकार गरिदिएको थियो । यो मुद्दा शाही शासनकालभरि अदालतमा विचाराधीन नै रह्यो ।[४८]

---

[४८] शाही शासन पतन भएको एक वर्षसम्म पनि सर्वोच्च अदालतमा विचाराधीन ।

२०६२ असार ७ गते पत्रकार, कानुन व्यवसायी तथा मानवअधिकारकर्मी नारायणदत्त कँडेलले एउटा रिट निवेदन दायर गर्नुभयो, जसमा पत्रपत्रिकाले पाएको अधिकार स्वतन्त्र रेडियोहरूले पनि पाउनुपर्ने माग गरिएको थियो। संविधानको धारा १३ अनुसार कुनै समाचार वा अन्य कुनै सामग्री प्रकाशित गरेबापत सञ्चारमाध्यमको दर्ता खारेज गर्न पाइँदैनथ्यो। यसै पृष्ठभूमिमा सर्वोच्च अदालतले प्रदत्त अधिकार विद्युतीय सञ्चारमाध्यमका हकमा पनि लागू हुने नजिर स्थापित गरिसकेको थियो।[४९] सोही आधारमा स्वतन्त्र रेडियोहरूको अधिकार सीमित गर्ने र नेपाल अधिराज्यको संविधान २०४७ सँग बाझिने राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ८ (२) प्रारम्भदेखि नै अमान्य घोषित गर्न माग गरिएको थियो। रिट निवेदनमा भनिएको थियो– "एफएम रेडियोहरूलाई समाचार प्रसारण गर्न नदिएको र इजाजत रद्द गरिदिने भनी धम्क्याउने गरिएको सन्दर्भमा ऐनको उपरोक्त व्यवस्थाले प्रसारण माध्यमलाई अनुचित रूपमा प्रभाव पार्ने वा यो व्यवस्थाको दुरुपयोग हुने हुन्छ।" यो मुद्दा शाही शासनकालभरि अदालतमा विचाराधीन रह्यो।[५०]

२०६२ साउन १९ गते नारायणदत्त कँडेलले नै सर्वोच्च अदालतमा अर्को रिट निवेदन दायर गर्नुभयो। मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) को कानुनी सहायता डेस्क र प्रेस फ्रिडम ग्र्याण्ड जुरीको संयोजन र सहयोगमा दायर भएको भनिएको (कान्तिपुर २०६२थ र दिनेश आचार्य २०६२)

---

[४९] २०५७ साल माघ १३ गते अधिवक्ताहरू माधवकुमार बस्नेत र सुदीप पौडेलले दायर गरेको रिट निवेदनमा २०५८ साउन ११ गते सर्वोच्च अदालतका न्यायाधीशहरू लक्ष्मणप्रसाद अर्याल, केदारनाथ उपाध्याय र टोपबहादुर सिंहको इजलासले गरेको फैसला।

[५०] यसमा २०६३ जेठ ४ गते न्यायाधीशहरू अनुपराज शर्मा, बलराम केसी र ताहिर अली अन्सारीको विशेष इजलासले फैसला गर्दै राष्ट्रिय प्रसारण ऐनको दफा ८ को व्यवस्था अमान्य र बदर घोषित गऱ्यो। संविधानले नै समाचार, लेख वा कुनै पाठ्यसामग्री मुद्रण वा प्रकाशन गरेबापत छापाखाना र प्रकाशन संस्था खारेज नहुने भनी स्पष्ट रूपमा किटानी गरेपछि सोही प्रविधिको आधुनिक रूपको प्रसारण संस्थाले यी संस्थाहरूले प्राप्त गर्ने हकबाट वञ्चित हुनुपर्छ भनी मान्न मिल्ने अवस्था नरहेकोले संविधानसँग बाझिएको अदालतको ठहर थियो। अदालतले साँघुरो सोच बनाई सञ्चार जगत्मा पछि विकास भएको प्रसारण संस्थालाई प्रकाशन र छापाखाना संस्थाले पाउने हक र सुविधाबाट वञ्चित गर्नु आधुनिक प्रविधिको विकासलाई अस्वीकार गर्नु सरह हुन जाने व्याख्या गऱ्यो। यति मात्र नभएर आम विद्युतीय सञ्चारमाध्यमबाट स्वतन्त्र एवं निर्बाध रूपमा विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपयोगमा रोक लगाउनु र ती संस्थाहरूको दर्ता खारेज गर्नुले सर्वसाधारण जनताको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता तथा सार्वजनिक महत्त्वको विषयमा सूचना प्रसारण गर्ने र सो प्रसारित सूचनाबाट सुसूचित हुने आम जनताको मौलिक हकमा समेत घुमाउरो पाराले प्रतिबन्ध लाग्न पुग्ने व्याख्यासमेत अदालतले गरेको थियो।

यो रिट निवेदनमा राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ७ र छापाखाना र पत्रपत्रिकासम्बन्धी ऐन २०४८ को दफा १५ लाई प्रारम्भदेखि नै बदर घोषित गर्न माग गरिएको थियो ।[५१] संविधानको धारा १३ (१) ले पूर्वप्रतिबन्धको व्यवस्थालाई अस्वीकार गरिसकेको हुँदा नागरिकको सूचनाको हकका विरुद्ध ऐनमा रहेको व्यवस्था असंवैधानिक हुने तर्क रिट निवेदनमा गरियो । सरकारले संविधानसँग बाझिएका यिनै कानुनी प्रावधानहरूको आडमा पत्रपत्रिकामा अघोषित सेन्सरसीप लगाएको, पत्रकारलाई धम्क्याउने गरेको र एफएम रेडियोबाट समाचार प्रसारणमा पूर्ण प्रतिबन्ध लगाउने गरेको जानकारी पनि रिटमार्फत अदालतलाई दिइएको थियो । सरकारले राष्ट्रिय प्रसारण ऐनबमोजिम एफएममार्फत समाचार प्रसारणमा लगाएको ६ महिने प्रतिबन्ध सकिएको भोलिपल्ट यो रिट निवेदन दायर भएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय र संसद सचिवालयलाई विपक्षी बनाइएको यो रिटमा सर्वोच्च अदालतका न्यायाधीश रामप्रसाद श्रेष्ठको एकल इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्‍यो ।

२०६२ भदौ २० गते कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका तर्फबाट त्यसको लिखित जवाफ पठाउँदै सचिव कुलरत्न भुर्तेलले संविधानअन्तर्गत नै प्रकाशन र प्रसारण दुवै कार्यमाथि सरकारले पूर्व प्रतिबन्ध लगाउन सक्ने दाबी गर्नुभयो । राष्ट्रिय हित रक्षाका खातिर केही विषयमा सूचना प्रकाशन एवं प्रसारण गर्न मनासिब प्रतिबन्ध लगाउने गरी ती प्रावधान राखिएको उल्लेख गर्दै सचिव भुर्तेलले पठाएको जवाफमा भनिएको थियो– "प्रेस जगत्‌लाई व्यवस्थापन गर्ने पुनीत उद्देश्यले लागू भएको ऐनको प्रावधान संविधानसम्मत नै रहेको छ ।" यस्तो प्रतिबन्धले राष्ट्रिय प्रतिष्ठा र प्रजातान्त्रिक मूल्य र मान्यताका साथै जनउत्तरदायी शासन व्यवस्थामा समेत थप सहयोग पुग्ने तर्क पनि सरकारी जवाफमा रहेको थियो । साथै, ती ऐनका प्रावधान संविधानको धारा १३ सँग

---

[५१] राष्ट्रिय प्रसारण ऐनको दफा ७ मा राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले *नेपाल राजपत्र*मा सूचना प्रकाशित गरी एक पटकमा ६ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने व्यवस्था छ । छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐन २०४८ को दफा १५(१) मा राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले *नेपाल राजपत्र*मा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित गर्न नपाउने गरी वा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ ।

बाझिएको भन्न नमिल्ने तर्क गर्दै रिट खारेज गर्न माग गरिएको थियो । यो मुद्दा शाही शासनकालभरि अदालतमा विचाराधीन रह्यो ।[५२]

यसरी अदालतको बाटोबाट सरकारी आदेश र असंवैधानिक कानुनी प्रावधानहरूका विरुद्ध एकपछि अर्को चुनौती दिन थालिएपछि सरकारले कानुन नै फेर्ने नीति लियो । त्यसै क्रममा २०६२ असोज २३ गते सञ्चार अध्यादेश जारी गरेर उसले थप कानुनी लडाईंका लागि नागरिकलाई निम्तो दिएको थियो । यसपछिको कानुनी लडाईं वास्तवमै घमासान भयो ।

त्यसको थालनी २०६२ कात्तिक १ गते कानुन व्यवसायीद्वय रविराज भण्डारी र कहरसिंह खड्काले रिट निवेदन दायर गरेपछि भयो ।[५३] उहाँहरू नेपाल अधिराज्यको संविधान २०४७, नेपाल पक्ष भएका मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धलगायतका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरू र अदालतबाट प्रतिपादित नजीरहरूको विपरीत भएको दाबीसहित सञ्चार अध्यादेश प्रारम्भदेखि नै खारेज गर्नुपर्ने रिट लिएर सर्वोच्च अदालत जानुभएको थियो । सरोकारवाला कसैलाई थाहै नदिई जारी गरिएको उक्त अध्यादेश दुराशयपूर्ण भएकाले पनि स्वतः बदरभागी भएको र संविधानले परिकल्पना नै नगरेको मन्त्रिपरिषद्को सिफारिश वा सल्लाह वा सम्मतिमा जारी भएको हुँदा स्वतः गैरसंवैधानिक भएको पनि उहाँहरूको तर्क थियो । उहाँहरूले प्रतिनिधि सभा, राष्ट्रिय सभा, सूचना तथा सञ्चार मन्त्रालय र कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई विपक्षी बनाउनुभएको थियो । त्यसको भोलिपल्टै २ गते भएको पेशीमा प्रधानन्यायाधीश दिलीपकुमार पौडेलको एकल इजलासले सरकारका नाममा कारण देखाऊ आदेश जारी गऱ्यो । अदालतले कात्तिक १३ गते छलफल गर्न सरकार र रिट निवेदक पक्षका वकीललाई बोलायो ।

---

[५२] २०६३ जेठ ४ गते अनुपराज शर्मा, बलराम केसी र ताहिर अली अन्सारीको विशेष इजलासले यो निवेदन खारेज गरिदियो । राष्ट्रिय प्रसारण ऐनको ७ र छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐनको दफा १५ नेपाल अधिराज्यको संविधानको धारा १३ सँग बाझिएको नदेखिएको अदालतले ठहर गरेको थियो ।

[५३] यो मुद्दाबारे न्यायाधीशहरू अनुपराज शर्मा, शारदाप्रसाद पण्डित र बद्रीकुमार बस्नेतको विशेष इजलासले २०६३ असार २२ गते निर्णय दियो । इजलासले 'रिट खारेज' गरेर पनि सञ्चार अध्यादेशबारे राय दिएको थियो । सञ्चारसम्बन्धी केही नेपाल कानुनमा गरिएको संशोधन कानुनी व्यवस्थाहरू संविधानको धारा १२ (२)(क), धारा १३ र धारा १६ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६ को धारा १९ विपरीत देखिएको अदालतको ठहर थियो । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड, संवैधानिक व्यवस्था तथा अदालतबाट प्रतिपादित सिद्धान्त विपरीत रहेको विवादित अध्यादेश *नेपाल राजपत्र*को सूचनाबाट खारेज भइसकेकोले बदर घोषित गरिरहनु नपरेको जनाएर रिट खारेज गरिएको थियो ।

त्यसको पाँच दिनपछि २०६२ कात्तिक ६ गते सञ्चार अध्यादेशको संवैधानिकतालाई चुनौती दिँदै सर्वोच्च अदालतमा अर्को संयुक्त रिट निवेदन दायर भयो ।[५४] आन्दोलनको मनस्थितिमा दायर गरिएको यो रिटमा संविधानले दिएको अधिकारमाथि अध्यादेशले गैरकानुनी किसिमले बन्देज लगाएको दाबी गर्दै अध्यादेशलाई अमान्य र बदर घोषित गर्न माग गरिएको थियो । रिटमा उक्त अध्यादेश नेपाल अधिराज्यको संविधानको प्रस्तावना, धारा १, ३, ११, १२, १३, १४, १६, १७, १८, २२, २५ (१), (२), (३), (४) र धारा ७२ को प्रावधान र भावना विपरीत रहेको दाबी गरियो । यसका साथै ती धाराहरूसँग प्रत्यक्ष बाझिने गरी लालमोहर सदर भएको उक्त अध्यादेश र सोही अध्यादेश बमोजिम जारी भए गरेका काम कारवाहीहरू संविधानको धारा १, २३, ८८ (१) बमोजिम प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरी संविधानको धारा ८८ (२) बमोजिम उत्प्रेषण, प्रतिषेध, परमादेशलगायत जुनसुकै उपयुक्त आदेश जारी गरी पाउन पनि रिट निवेदनमा माग गरिएको थियो । रिट निवेदन दर्ता गर्नको लागि सार्वजनिक समारोहमा प्रत्येक नागरिकबाट एक रुपियाँका दरले ५ सय रुपियाँ सहयोग संकलन गरिएको थियो र त्यो पनि रिट निवेदनमा लेखिएको थियो ।

रिटमा संसदद्वारा तर्जुमा गरिएका सारभूत कानुनहरूलाई अन्यथा प्रमाणित गर्न सकेको अवस्थामा बाहेक कार्यपालिकाले अध्यादेश वा कुनै पनि आदेशको बहानामा संशोधन, खारेज वा परिवर्तन गर्न नसक्ने संवैधानिक प्रश्न उठाइएको थियो । निवेदकहरू लगायत जनताको अभिव्यक्ति स्वतन्त्रता, सुसूचित हुन पाउने हक तथा सूचना र सञ्चारका क्षेत्रमा उपलब्ध आधुनिक प्रविधि प्रयोग गरी प्रसारण, प्रकाशन गर्न रोक लगाउने गरी आएको अध्यादेशले उक्त हकको ठाडो उल्लंघन गरेको तर्क पनि रिटमा गरिएको थियो । हाम्रो संवैधानिक व्यवस्था र हाम्रो जस्तै संसदीय शासन प्रणाली भएका अन्य मुलुकहरूको संवैधानिक व्यवस्था एवं अदालतवाट गरिएका व्याख्याहरू समेतलाई हेर्दा पनि सञ्चार

---

[५४] रिट निवेदकहरू :- नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएसन, नेपाल प्राध्यापक संघ, नेपाल चिकित्सक संघ, नेपाल इन्जिनियर्स एसोसिएसन, नेपाल शिक्षक युनियन, सामुदायिक रेडियो प्रसारक संघ, स्वतन्त्र रेडियो बचाऊ आन्दोलन र ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल । यो मुद्दाबारे पनि न्यायाधीशहरू अनुपराज शर्मा, शारदाप्रसाद पण्डित र बद्रीकुमार बस्नेतको विशेष इजलासले २०६३ असार २२ गते नै निर्णय दियो । इजलासले नेपाल सरकारद्वारा मिति २०६३ वैशाख २९ गतेको *नेपाल राजपत्र*मा प्रकाशित सूचनाअनुसार अध्यादेश सरकारले खारेज गरिसकेको देखिएको हुँदा खारेज भइसकेको अध्यादेशको स्रवैधानिकता परीषण गरिरहनुको कुनै औचित्य नरहेको ठहरसहित रिट निवेदन खारेज गरिएको थियो ।

अध्यादेश संकटकाल लागू नभएको अवस्थामा यथावत् रूपमा रहन नसक्ने तर्क समेत निवेदकहरूको थियो । साथै प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म अध्यादेशले थप गरेका प्रावधान अनुरूप कुनै पनि सञ्चारमाध्यम, सञ्चारसँग सम्बन्धित संस्था तथा व्यक्तिहरूलाई मूल ऐनहरूले प्रत्याभूत गरेको अधिकारको प्रतिकूल हुने गरी कुनै प्रकारको बन्देज नलगाउनू, कुनै कारवाही नगर्नू तथा कुनै जरिवाना समेत नगर्नू नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गर्न अदालतसँग माग गरिएको थियो ।

यो रिटका साथै कात्तिक ६ गते नै दायर गरिएको *कान्तिपुर एफएम*को रिटमाथि समेत कात्तिक ७ गते सुनुवाइ भयो । प्रधानन्यायाधीश दिलीपकुमार पौडेलको एकल इजलासले सञ्चार अध्यादेश जारी गर्नुपर्नाको र *कान्तिपुर एफएम*मा मध्यराति लुटपाट गर्नुको लिखित कारण सरकारसँग माग गऱ्यो र कात्तिक १३ गते विशेष इजलासमा सुनुवाइ हुने राय दियो । अघिल्लो हप्ता २ गते भएको पेशीमा प्रधानन्यायाधीश पौडेलकै एकल इजलासले कानुन व्यवसायीद्वय रविराज भण्डारी र कहरसिंह खड्काको रिट निवेदनको सुनुवाइ पनि १३ गतेकै लागि तोकेको थियो । ७ गतेको सुनुवाइमा अदालतमा विचाराधीन विषयलाई समेत सरकारले जबर्जस्ती लागू गर्न खाजेको, *कान्तिपुर एफएम*मा लुटपाट गरेको लगायतका अवस्था रहेकोले तत्काल अन्तरिम आदेश जारी गरी सरकारको थप आक्रमणलाई रोक्न निवेदकहरूले अदालतसँग माग गरेका थिए । तर, प्रधानन्यायाधीश पौडेलले भने अन्तरिम आदेशका लागि छलफलमा बोलाइरहेको अवस्थामा सरकारले यसको कार्यान्वयन नगर्ने र एफएममाथि पनि थप कारवाही नगर्नेमा आफू विश्वस्त रहेको बताएर निवेदकहरूलाई आश्वस्त पार्नुभएको थियो । कानुन व्यवसायीहरूलाई उहाँले भन्नुभएको थियो– “मुद्दा विचाराधीन रहेको बेला कसैले पनि जबर्जस्ती गर्न मिल्दैन, सरकारले पनि यसको पालना गर्नुपर्छ, जबर्जस्ती गरेमा फेरि अदालत आउनुहोस्” (बस्नेत २०६२) । बहसमा वरिष्ठ अधिवक्ता दमननाथ ढुङ्गाना तथा अधिवक्ताहरू सुभास नेम्वाङ, यज्ञमूर्ति बन्जाडे, हरिहर दाहाल, शम्भु थापा, रामकृष्ण निराला, शेरबहादुर केसी, टीकाराम भट्टराई, चन्द्रकान्त ज्ञवाली, भीमार्जुन आचार्यले भाग लिनुभएको थियो । उहाँहरू सबैले *कान्तिपुर एफएम* र पेशागत संगठनहरूबाट दायर गरिएको रिट दुवैको तर्फबाट बहस गर्नुभएको थियो ।

नेपाली सञ्चार जगत्को इतिहासमा अत्यन्त महत्त्वपूर्ण यो कानुनी लडाई सर्वोच्च अदालतमा करिब एक महिना नै चल्यो । नौओटा पेशागत संस्थाहरू, प्रसारण संस्था *कान्तिपुर एफएम* र प्रेस स्वतन्त्रताको पक्षमा कानुन व्यवसायीहरूको

तर्फबाट दायर गरिएका अलग अलग मुद्दाहरूले समाजका हरेक क्षेत्रको प्रतिनिधित्व गरेका थिए । सम्पूर्ण नागरिकको आधारभूत स्वतन्त्रतालाई समाप्त पार्नका लागि लाद्न खोजिएको सञ्चार अध्यादेश र त्यसले पार्ने दुष्प्रभावप्रति नेपाली जनताको गम्भीर आपत्ति यो कानुनी लडाईमार्फत प्रकट भएको थियो ।

मुद्दाको सुनुवाई प्रधानन्यायाधीश दिलीपकुमार पौडेलसहित न्यायाधीशहरू केदारप्रसाद गिरी र शारदाप्रसाद पण्डितको विशेष इजलासमा भएको थियो । यस क्रममा सञ्चार अध्यादेशको विपक्षमा, स्वतन्त्रताको पक्षमा बहस गर्ने कानुन व्यवसायीहरूले एफएम रेडियोको समाचार सार्वजनिक सम्पत्ति भएको र यसलाई संविधानले नै प्रत्याभूत गरेको हुनाले सरकारले कुनै पनि बहानामा रोक्न नमिल्ने पैरवी गरेका थिए । संविधान विपरीत जारी गरिएको सञ्चार अध्यादेश र *कान्तिपुर एफएम*माथि त्यही अध्यादेशको आडमा भएको सरकारी आक्रमण समाचारविहीन समाज चलाउने १८ औँ शताब्दीको मानसिकता हो भन्ने उनीहरूको तर्क थियो । माधवकुमार बस्नेत, कुमार रेग्मी, पूर्णमान शाक्य, ध्रुवलाल श्रेष्ठ, चन्द्रकान्त ज्ञवाली, सुवास नेम्वाङ, माधव बास्कोटा, शम्भु थापा, दमननाथ ढुङ्गाना, रामकृष्ण निराला, भीमार्जुन आचार्य, हरिहर दाहाल, टीकाराम भट्टराई, राधेश्याम अधिकारी, रविराज भण्डारी लगायतका कानुन व्यवसायीले सरकारको विपक्षमा राय व्यक्त गर्नु भएको थियो । उहाँहरूका भनाइ र तर्कहरूको सार यसप्रकार थियो–

> संविधान, अन्तर्राष्ट्रिय सन्धि सम्झौता र मान्यताविपरीत ल्याएको सञ्चारअध्यादेश अमान्य र बदरभागी छ । यसका लागि संसारका धेरै तर्कहरूको आधार लिन सकिन्छ । अनेक सिद्धान्त र व्यवहार प्रयोगमा छन् । समाचार सुन्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो । यसमा रोक लगाउनु भनेको मुलुकलाई पुरानो युगतिर फर्काउन खोज्नु हो । विश्वभरिका हजारौँ स्वतन्त्र एफएम रेडियोहरूले समाचार प्रसारण गरिरहेको बेलामा नेपालमा भने त्यसो गर्ने चलन दुनियाँमा छैन भन्नु आफैँमा सरकारी मूर्खताको परिचायक हो । यसका हजारौँ प्रमाण पेश गर्न सकिने अवस्था हुँदाहुँदै सरकारी अधिकारीहरूले उल्टा कुरा गर्नु हचुवा टिप्पणी मात्र होइन, आम नागरिकलाई मूर्ख बनाउने गलत चाल र बलमिच्याई पनि हो । सामुदायिक रेडियोहरूको विश्वव्यापी संगठन (अमार्क) लगायतका संस्थाहरूले यसबारेमा धेरै कुराहरू आधिकारिक रूपमा बोलिसक्दा पनि सरकारी ढिपी कायम रहनु हास्यास्पद रवैया पनि हो ।
>
> वास्तवमा समाचार प्रसारण श्रोताको अधिकारसँग जोडिएको विषय पनि हो । अमेरिकी सर्वोच्च अदालतले सन् १९६९ मा यस विषयमा व्याख्या नै गरिसकेको छ । अदालतले प्रस्ट शब्दमा भनेको थियो– 'सरकारले त व्यापार गरेको जस्तो मात्रै देखेको होला तर समाचार श्रोता र दर्शकको अधिकारसँग जोडिएको विषय हो ।' समाचार सार्वजनिक सम्पत्ति हो । सबै एफएम स्टेसनलाई समाचार हटाउने भन्नुको अर्थ

सरकारले मात्रै रेडियो चलाउनुपर्छ भन्ने निष्कर्ष निस्कन्छ, जुन एकाधिकार राज्यले गर्न पाउने विषय होइन। प्रेस जगत्लाई नियन्त्रण गर्न विज्ञापन नीति ल्याउने, पत्रकारको प्रेस पास खोस्ने, समाचार रोक्ने जस्ता कामहरू सञ्चार जगत्को नसबन्दी गर्ने योजनाकै विभिन्न कडी हुन्। राष्ट्रप्रेमको नाममा समग्र स्वतन्त्र सञ्चार जगत्लाई राजावादी बनाउने कार्य आपत्तिजनक हो। प्रतिष्ठा जोगाउनका लागि 'राजा' मात्रैको सट्टा 'राजपरिवार' लाई थप्नुले राज्य कानुनले बाँधेर र जनतालाई बाध्य पारेर राजपरिवारको प्रतिष्ठा प्रबर्द्धनमा लागेको देखिन्छ, जुन स्वाभाविक र सही कुरा हुन सक्दैन। देशको माया *गोरखापत्र*को शिरमा लेखेर, नेपाली टोपी लगाएर वा कोटमा अंकित गरेर प्रकट हुन सक्दैन। यो एक भावनात्मक कुरा भएकाले कसैले अनावश्यक किसिमले दबाब दिएर नागरिकलाई कुनै पनि काम गर्न बाध्य पार्नु स्वयंमा अप्राकृतिक हुन्छ र यसले अपेक्षितभन्दा ठीक उल्टो परिणाम आउन सक्नेतर्फ विवेकशील व्यक्तिहरूले मनन गर्नुपर्छ।

नेपाल अधिराज्यको संविधान २०४७ लाई संशोधन गर्नका लागि संसदको दुईतिहाई मत आवश्यक पर्ने भए पनि अध्यादेशले संविधान नै संशोधन गरिदिएको छ। खासगरी वाक् तथा प्रकाशन स्वतन्त्रतालाई अध्यादेशमार्फत नियन्त्रण गरेर संविधानप्रदत्त अधिकार कुण्ठित गर्न खोजेकोले संविधानमै संशोधन भएको देखिएको हो। यो एउटा जबर्जस्ती तरिका हो। नागरिकको स्वतन्त्रता नियन्त्रण गर्नसक्ने अधिकार संसदलाई मात्र भएको पाइन्छ। संसद नभएको अवस्थामा सरकारले असंवैधानिक काम गरेमा अदालतले नियन्त्रण गर्नुपर्छ। त्यसो नभएमा जनताले संघर्ष गरेर प्राप्त गरेको अधिकार पुनः प्राप्त गर्न संघर्ष नै गर्नुको कुनै विकल्प हुँदैन। संसद भएको अवस्थामा त संसदको बैठक नबसेको बेला कुनै अध्यादेश ल्याएमा संसदमार्फत त्यसको दुरुपयोग हुनबाट रोक्न सकिन्छ। त्यसो गर्दा पनि चित्त नबुझेमा सरकारकै विरुद्ध अविश्वासको प्रस्ताव ल्याएर सरकार नै हटाउन सकिन्छ। तर, संसदको विद्यमानता नै नरहेको अवस्थामा अध्यादेश राज चलाउनु निरकुंशताको परिचायक हो। यस्तो अवस्थामा सरकारी स्वेच्छाचारितालाई अदालतले नियन्त्रण नगर्ने हो भने नागरिकका अधिकारलाई कसैले बचाउन सक्दैन।

नेपाल पत्रकार महासंघका तर्फबाट दायर गरिएको पहिलो मुद्दामा गरिएको तर्क यहाँ पनि प्रयुक्त हुन्छ, जुन धारा १२(२) (ङ) अनुसार पेशा, रोजगार, उद्योग र व्यापार गर्ने अधिकार र स्वतन्त्रतासँग सम्बन्धित छ। यस अलावा एफएम रेडियोबाट समाचार प्रसारण गर्न रोक लगाउनुपर्नाको कुनै कारण पनि सरकारले प्रस्तुत गर्नसकेको छैन। पारदर्शी रूपमा समाचार प्रवाह रोक्नुको कारण खुलाउन नसकेको हुँदा सरकारले आफ्ना नराम्रा हर्कतहरू जनताले थाहा नपाउन् भनेर नै समाचार रोकेको प्रस्ट हुन्छ। यस अलावा संविधानवादको सिद्धान्त अनुसार हेर्दा अध्यादेश संविधानसँग बाझिएको छ। यसरी सरकारको नियतमाथि नै प्रश्न उठाउन सकिने गरी यो अध्यादेश आएको छ, आम नागरिकको अधिकारका विरुद्धमा। यो अवस्थामा नागरिकको सूचनाको हकको अपूरणीय क्षति हुँदा अदालतले अभिभावकको भूमिका निर्वाह गर्दै हक संरक्षण गर्नुपर्ने हुन्छ। सुब्बा कृष्णलाल अधिकारीलाई राणाकालमा *मकैको खेती* पुस्तक लेखेका कारण ६ वर्ष कैद तोक्नुका साथै उनका एक हजार प्रति किताब छापिएकोमा ९ सय ९९ प्रति फेला परे पनि एक प्रति फेला नपरेपछि तीन वर्ष थपेर कैद सजायँ ९ वर्ष पुऱ्याइएको थियो र कैदमा रहेकै अवस्थामा तीन वर्ष चार महिनामा अधिकारीको मृत्यु भएको थियो भन्ने इतिहास अभिव्यक्ति स्वतन्त्रताकै संघर्षको एउटा गौरवशाली सन्दर्भ हो। अदालतले

> मकै पर्वदेखि *कान्तिपुर एफएम* लुटपाट र सञ्चार अध्यादेश जारी प्रकरणसम्मलाई ध्यान दिनु जरुरी छ ।
>
> *कान्तिपुर एफएम*माथिको कारवाही कुनै एउटा सञ्चारमाध्यममाथिको सामान्य कारवाही नभएर समग्र सञ्चारमाध्यममाथिको सरकारी आक्रमणकै सुरुआत हो । यस्तो अवस्थामा अदालतमा मुद्दा विचाराधीन रहेको र छलफलका लागि अदालतले बोलाइरहेको बेला सरकारले विचाराधीन मुद्दामा नै कारवाही चलाउनु मिचाहा प्रवृत्ति हो । सरकारले एफएम रेडियोमा आक्रमण गरेपछि जनअधिकारमा पुग्ने क्षतिको नापतौल गर्न सकिदैन । हरेक व्यक्तिको नागरिक अधिकारको संरक्षण गर्नुपर्ने न्यायालयले पचासौं लाख नागरिकको सूचनाको हकलाई समाप्त पारिँदा भएको क्षति मापन होइन, अनुमान मात्रै गर्न सक्छ ।
>
> संविधानबमोजिम 'तत्काल केही गर्न आवश्यक परेको' अवस्थामा अध्यादेश जारी हुनसक्छ । अध्यादेश तत्काल सिर्जित विशेष परिस्थितिमा अल्प अवधिको लागि मात्र जारी हुन्छ । छओटा ऐनमा बृहत् व्यवस्था भइरहेका विषयहरू आवश्यकताको सिद्धान्तअन्तर्गत पर्दैनन् । आवश्यक विषयमा अध्यादेश जारी गर्दासमेत संविधानको धारा ७२(१) बमोजिम संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी गर्नुपर्छ । संविधानप्रदत्त मौलिक हकउपर अनुचित र अवाञ्चित बन्देज लगाई अध्यादेश जारी गर्न पाइँदैन । संविधानले कल्पना नै नगरेको बन्देज थोपरी कुनै कानुन निर्माण हुनसक्दैन । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९ ले प्रदान गरेको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापन १९६६ को धारा १९ द्वारा प्रत्याभूत विचारको अधिकार र अभिव्यक्तिको स्वतन्त्रताको अतिक्रमण गरी जारी भएको अध्यादेश नेपाल सन्धि ऐन २०४७ को दफा ९ बमोजिम अमान्य हुन्छ ।
>
> यस अलावा सारा पेशा व्यवसायीहरूका संघ संगठनहरू सरकारी काम कारवाहीलाई असंवैधानिक भन्ने दाबी गर्दै अदालततिर आएको बेला सरकारले भने अदालतकै मानमर्दन गरेको छ । अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा एफएमका प्रतिनिधिहरूलाई बोलाएर बयान लिनु अदालतलाई महत्त्वहीन ठानेको कुराको द्योतक हो । यसकारण पनि यस्तो मुद्दाको गम्भीरता महसुस गरेर अन्तरिम आदेश जारी गर्नुपर्ने आवश्यकता छ ।

सरकारका तर्फबाट बहस गर्ने कानुनविद्हरूले भने सञ्चार अध्यादेशको प्रतिरक्षा गर्दै त्यसकै आडमा *कान्तिपुर एफएम*बाट थालिएको लुटपाटलाई स्वाभाविक, जायज र आवश्यक बताएका थिए । त्यस क्रममा उनीहरूले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताकै विरुद्धसमेत बोलेका थिए । कानुनी कुरा भए पनि राजनीतिक विषय हुन गएको, राजनीतिक विषय भए पनि कुनै दलविशेषको मुद्दा नभएको र निजी सञ्चारमाध्यमको सञ्चालनसँग सम्बन्धित भए पनि व्यापक जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकोले यसमा गरिएका बहसपैरवी मूलतः जनताकै अधिकारसँग सम्बन्धित थिए । यी मुद्दामा सरकारको पक्षमा बहस गर्नेहरू हुनुहुन्थ्यो- वरिष्ठ अधिवक्ता कुञ्जविहारीप्रसाद सिंह, पूर्व

महान्यायाधीश प्रेमबहादुर विष्ट, नायव महान्यायाधिवक्ता टीकाबहादुर हमाल, महान्यायाधिवक्ता पवनकुमार ओझा आदि । उहाँहरूले बहसमा राजाका पक्षमा तर्क प्रस्तुत गर्दै सञ्चारमाध्यमलाई नियन्त्रण गर्न लागिएको भन्ने कुरा चाहिँ पूरै अस्वीकार गरिरहनुभयो । सजायको मात्रा बढाएर पत्रकारहरूलाई अनुशासित बनाउने तर्क गर्ने सरकारपक्षीय वकीलहरूले आतंकवादको अन्त्य गर्नका लागि यसप्रकारको कानुनी व्यवस्था गर्नुपरेको तर्क गर्नुभएको थियो । उहाँहरूको बहसको सार यसप्रकार थियो–

> निश्चित सीमामा रही जारी गरिएको सञ्चार अध्यादेशमाथि अदालतमा प्रश्न उठाउन मिल्दैन । संविधानको धारा ७२ अन्तर्गत जारी सञ्चार अध्यादेश विधायिकी चरित्र अनुकूल भएकाले ऐनसरह मान्यता पाउँछ । अध्यादेश संविधानसँग बाझिएको छ/छैन भन्ने मात्र अदालतले हेर्ने हो, यसको मनसाय के छ, दुर्भावना छ कि छैन भनेर हेर्ने होइन । अदालतले त्यसतर्फ विचारै गर्नु हुँदैन । सञ्चार स्वतन्त्रता हनन गर्ने सरकारको उद्देश्य होइन । संसदले बनाएको ऐनलाई सरकारले अध्यादेशमार्फत संशोधन गर्नसक्छ । संसदबिनाको तीनवर्षे अवधिमा[५५] ९० ओटा अध्यादेश जारी भएको यथार्थ भए पनि अनियन्त्रित रूपमा अध्यादेश जारी गर्नु भने हुँदैन । सर्वोच्च अदालतले प्रतिपादन गरेका नजीरलाई पनि अध्यादेशले बदर गर्न सक्ने कुरा विगतका परम्परा र अभ्यासले पुष्टि गरेका छन् ।
>
> *कान्तिपुर एफएम*ले पाएको इजाजतपत्रले समाचार प्रसारणलाई अनुमति नदिने र पूर्वाञ्चल प्रसारणका लागि अपलिङ्क गर्ने इजाजतपत्र पनि नभएकाले *कान्तिपुर एफएम*माथि कारवाही गरिएको हो । *कान्तिपुर एफएम*ले पाएको इजाजतपत्र उपकरणका लागि भए पनि प्रसारणका लागि होइन । कारण- उपकरण र प्रसारणको पाटो बेग्लाबेग्लै हो । समाचार प्रसारण नगर्दा नागरिकको सुसूचित हुने हकमा अपूरणीय क्षति पुगेको भन्ने निवेदकहरूको तर्क यसकारण खण्डनीय छ कि त्यो प्रसारकहरूको उद्देश्यसँग सम्बन्धित छ । समाचार प्रसारण गरेर सरकारविरुद्ध जनमत खडा गरिएको र यसबाट सरकारलाई अपूरणीय क्षति पुगेको सन्दर्भमा *कान्तिपुर एफएम*को माग बमोजिम अन्तरिम आदेश दिन मिल्दैन । *कान्तिपुर एफएम*लाई बन्द गर्न लागेको नभई अध्यादेशमा उल्लेख भएबमोजिम सूचनामूलक कार्यक्रम मात्र प्रसारण गर्न भनिएको हो ।
>
> कार्यकारीले विधायिकी अधिकार प्रयोग गरी कानुन जारी गर्नसक्ने हुँदा सञ्चार अध्यादेश संविधानसम्मत छ । राजा समेत प्रजातन्त्रप्रति पूर्ण प्रतिबद्ध रहेकाले अध्यादेश संविधानको मर्म र भावनाविपरीत छ भन्न मिल्दैन । श्री ५ बाट देशदौडाहाका क्रममा पनि प्रजातन्त्रप्रति प्रतिबद्धता व्यक्त गरिबक्सेकाले त्यस्तो निकायबाट प्रजातन्त्रविरोधी अध्यादेश आउनै सक्दैन । श्री ५ लाई जति देशको माया समेत अरू कसैलाई नभएकोले श्री ५ बाट प्रजातन्त्रको मामलामा अन्यथा गरिबक्सन्छ भन्ने कल्पना पनि गर्न मिल्दैन । सञ्चारमाध्यमका सञ्चालकहरूको व्यक्तित्व र उनीहरूको सञ्चारमाध्यमबाट प्रभावित भएर अदालतले निर्णय दिनु हुँदैन ।

---

[५५] २०५९ जेठ ८ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा संसद विघटन गरिएको थियो ।

> सञ्चार अध्यादेश नल्याएको भए देश अस्तव्यस्त भइसक्थ्यो । त्यसकारण संसद छैन भन्ने नाममा सरकार हात बाँधेर कानुन नबनाएर बस्न सक्दैन । अध्यादेश अरू बेला ल्याउन हुन्छ भने दशैंको ठीक अगाडि ल्याउन मिल्दैन भन्ने छैन । अध्यादेश संविधानसँग बाझिने गरी मस्यौदा नै गरिँदैन र राजालाई चित्त नबुझी जारी पनि गरिँदैन । यसको अर्थ राजाले अक्षरशः पढेर हस्ताक्षर गर्ने कुरा भएन, भोलि संविधानसँग बाझिएमा जवाफदेही हुनुपर्ने भएकाले मस्यौदा गर्ने मन्त्री तथा सचिवहरूले विशेष ध्यान दिएका हुन्छन् । अध्यादेशले श्री ५ सँगै राजपरिवारको पनि संरक्षण गर्ने दायित्व निर्वाह गरेको कारणले पत्रकारिता जगत् त्यसबाट आत्तिनु जरुरी नै हुँदैन । टुकुर-टुकुर हिँड्ने नवयुवराजबाट पत्रकारितालाई के खतरा भयो र यसको विरोध भइरहेको छ ?
>
> प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक हक पनि निरपेक्ष हुँदैन । संविधानको धारा १२ को विचार अभिव्यक्ति स्वतन्त्रता र धारा १३ को पत्रपत्रिका तथा छापाखानासम्बन्धी हकलाई कानुन बनाएर सीमित गर्न पनि सकिन्छ । बृहत् राष्ट्रिय हितका लागि सरकारले कुनै पनि निर्णय गर्न सक्ने हुनाले अदालतले हस्तक्षेप गर्न मिल्दैन । असंवैधानिक सरकारले जारी गरेको अध्यादेश पनि असंवैधानिक नै हुन्छ भन्नु राजनीतिक आग्रह भएकाले सरकारले गर्न पाउने संवैधानिक प्रयोगलाई बदनियत भन्न मिल्दैन ।

यो व्यापक बहसपछि उक्त तीनओटै रिट निवेदनमा २०६२ कात्तिक २५ मा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी नगर्ने ठहर गऱ्यो । अदालतको आदेशमा भनिएको थियो– 'उल्लिखित अध्यादेशको संवैधानिकताको प्रश्नमा विपक्षीहरूबाट लिखित जवाफ परेपछि पूर्ण सुनुवाइ हुँदा निरूपण हुने विषय भएकाले हाल मागबमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन ।' प्रधानन्यायाधीश दिलीपकुमार पौडेल, न्यायाधीशहरू केदारप्रसाद गिरी र शारदाप्रसाद पण्डितको विशेष इजलासले दिएको आदेशमा यो मुद्दा छिटो निरूपण गर्नुपर्ने आवश्यकता औँल्याउँदै मुद्दालाई अग्राधिकार दिन भने भनिएको थियो ।

सिंगो मुलुकको ध्यान आकृष्ट भएको उक्त मुद्दामा यस्तो निर्णय एकदमै अनपेक्षित थियो । त्यसैले नागरिक समाज, कानुन व्यवसायी लगायतका पेशागत समुदाय र सञ्चार जगत् यसका कटु आलोचक बनेर देखा परे । नेपाल पत्रकार महासंघले यो आदेशबाट स्वतन्त्र न्यायालयप्रतिको सञ्चार क्षेत्रको गहन विश्वासमा ठेस लागेको जनायो । निरंकुशतन्त्रलाई संस्थागत गर्न राज्यले जनसुकै हर्कत गरे पनि र जसलाई जसरी प्रभावित पार्न खोजे पनि जनताका हक अधिकार खोस्ने, प्रेसको मुख थुन्ने र कलम भाँच्ने कुत्सित उद्देश्य कहिल्यै पूरा हुन नसक्ने विश्वास व्यक्त गर्दै महासंघले प्रतिक्रिया दिएको थियो– "मानवको जन्मसिद्ध अधिकारमाथि कुनै पनि तानाशाह र तिनका मतियारले बन्देज लगाउन सम्भव छैन ।" यसका साथै पत्रकारहरूलाई 'आ-आफ्ना माध्यम र सशक्त सडक संघर्षमार्फत वर्तमानले खोजेको बलिदानका निम्ति अग्रसर हुन' आह्वान गर्दै

महासंघले संघर्षका कठोरभन्दा कठोर कार्यक्रम लिएर अगाडि आउने घोषणा गरेको थियो ।[५६]

स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले पनि अदालतको आदेशले न्यायिक आस्था र अदालतप्रतिको विश्वासमा गम्भीर आँच पुऱ्याएको ठहर गऱ्यो । आदेशले आम नागरिकको सुसूचित हुने हकमाथि लागेको गम्भीर धक्का र अदालतप्रतिको आम विश्वासमा आउन सक्ने आँच एवं यसबाट उत्पन्न सम्पूर्ण परिणामको जिम्मेवारी सम्बन्धित इजलासका प्रधान न्यायाधीश दिलीपकुमार पौडेल र न्यायाधीशद्वय केदारप्रसाद गिरी तथा शारदाप्रसाद पण्डितले नै बेहोर्नुपर्ने निचोड आन्दोलनको त्यसै दिन बसेको आकस्मिक बैठकले निकालेको थियो । यसका साथै आन्दोलनले अदालतको आदेशलाई बेवास्ता गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा अध्यादेशविरुद्ध आफूले अझ सशक्त ढंगले आवाज उठाउने निर्णयका साथ सम्पूर्ण स्वतन्त्र रेडियोहरूलाई उक्त अध्यादेशको सक्दो अवज्ञा गर्न आग्रह गरेको थियो ।

अदालतको निर्णयको विरोधमा नेपाल बार एसोसिएसनले मङ्सिर १ गते मुलुकभरिका अदालत बहिष्कार गर्ने निर्णय गऱ्यो । तर अदालत र बार दुवै पक्षबीच संवैधानिक सर्वोच्चता, कानुनी राज र जनताका आधारभूत अधिकारहरूको संरक्षण गर्ने सहमति भएपछि बारले उक्त कार्यक्रम फिर्ता लिएको थियो । तैपनि 'औपचारिक ढंगले बारले अदालत बहिष्कारको निर्णय गरेको न्याीयक इतिहासमै यो पहिलो पटक थियो' (कान्तिपुर २०६२द) । अदालतको निर्णयबाट स्वतन्त्र न्यायपालिकाको गरिमामाथि गम्भीर कुठाराघात भएको उल्लेख गर्दै बारले अध्यादेश श्री ५ बाट जारी भएको कारण विशेष इजलासमा बस्ने न्यायाधीशले संविधान, संवैधानिक सर्वोच्चता र संविधानवादलाई कुल्चिने काम गरेको ठहर गऱ्यो । "प्रधानन्यायाधीश र वरिष्ठतम न्यायाधीशबाट स्वतन्त्र न्यायपालिकाको रक्षा र संवैधानिक सर्वोच्चता कायम नहुने भएकाले यसको जिम्मेवारी स्वयं उहाँहरूले नै वहन गर्नुहुने छ", बारले भनेको थियो– "संविधान, स्वतन्त्र न्यायपालिका, न्यायका सर्वमान्य सिद्धान्त र विधिको शासनलाई पराजित गर्ने किसिमबाट दिएको आदेशमाथि जतिसुकै शब्दबाट असहमति जाहेर गर्दा पनि शब्दहरू कम हुनेछन् ।" नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापाले अदालतको आदेशपछि सञ्चारकर्मीहरूसित भन्नुभयो– "यो आदेशको जिम्मेवारी प्रधानन्यायाधीश र हुनेवाला प्रधानन्यायाधीश गिरीले लिनुपर्छ । सरकारी ओहोदा र जागिरले मात्र हुँदैन । विधिको शासन, अभिव्यक्तिको स्वतन्त्रता र प्रजातन्त्र

---

[५६] महासचिव महेन्द्र विष्टद्वारा कात्तिक २५ गते जारी प्रेस विज्ञप्ति ।

पराजित भएको छ । अब संविधान छैन । तपाईंहरू जहाँ हुनुहुन्छ, हामी त्यहीँ छौँ । बारले जे भन्यो त्यही गर्छ" (विरही २०६२) ।

समग्र रेडियोकर्मीहरू आन्दोलित मनस्थितिमा रहेको बेला *कान्तिपुर एफएम*ले भने 'अदालतको आदेशको सम्मान गर्दै' सरकारी आदेश स्वीकार गऱ्यो । एफएमका प्रबन्ध निर्देशक विनोदराज ज्ञवालीले कात्तिक २५ गते नै विज्ञप्ति निकालेर *कान्तिपुर डायरी*[५७] स्थगन गरेको घोषणा गर्नुभयो र 'अवस्था बुझिदिन सबैमा आग्रह' गर्नुभयो । यसले रेडियो स्वतन्त्रता पक्षधरहरूको भावनामा स्वाभाविक रूपमा आघात पुग्यो । नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीले त्यसै दिन *बीबीसी* नेपाली सेवासँगको कुराकानीमा *कान्तिपुर एफएम*को हताश निर्णयले सम्पूर्ण रेडियोकर्मीहरूको आन्दोलनलाई ठेस पुऱ्याउने काम गरेको टिप्पणी गर्नुभयो (नेशनल न्यूज २०६२) ।

अदालत बहिष्कार नगरे पनि कानुन व्यवसायीहरूले २०६२ कात्तिक २७ गते दिउँसो १ बजेदेखि एक घण्टासम्म कालोपट्टी बाँधेर सर्वोच्च अदालतमा धर्ना दिए । प्रधानन्यायाधीश पौडेल र वरिष्ठ न्यायाधीश गिरीबाटै 'न्यायपालिकाको इतिहास नै कलंकित तुल्याउने' काम भएको भनेर त्यसको विरोधमा धर्ना गरिएको थियो । काठमाडौँ, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला बार एवं पुनरावेदन पाटन र सर्वोच्च अदालत बार एसोसिएसनले संयुक्त विज्ञप्ति निकाली केन्द्रले तय गर्ने विरोधका हरेक कार्यक्रममा सशक्त सहभागी हुन सबै कानुन व्यवसायीहरूलाई अनुरोध गरे ।

त्यसको भोलिपल्ट कात्तिक २८ गते नेपाल बार एसोसिएसनविरुद्ध अदालतको अवहेलनामा मुद्दा दायर भयो- सर्वोच्च अदालतले सञ्चार अध्यादेशसम्बन्धी मुद्दामा अन्तरिम आदेश नदिएपछि गरेको विरोधमूलक गतिविधिलाई कारण बनाएर । अधिवक्ता बोधबहादुर राउतले दायर गरेको मुद्दामा बारको वक्तव्य र गतिविधिले न्यायपालिकाप्रतिको जनविश्वासमा कुठाराघात पर्न गएको दाबी गर्दै बारका अध्यक्ष शम्भु थापालगायतलाई विपक्षी बनाइयो ।

त्यति मात्र नभएर प्रधानन्यायाधीश स्वयंले पनि अदालती आदेशविरुद्ध भएका विरोध र धर्नाप्रति असन्तोष सार्वजनिक गर्नुभयो ।[५८] अन्तिम फैसला

---

[५७] यति बेला बिहान र बेलुका साढे ६ बजे र दिउँसो ३ बजे प्रसारण हुने *कान्तिपुर डायरी* मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार प्रसारण हुने गर्दथ्यो । माघ १९ को शाही कदमभन्दा अघि भने *कान्तिपुर एफएम*ले एउटा बुलेटिनसहित दैनिक ६ बुलेटिन समाचार प्रसारण गर्ने गर्दथ्यो ।

[५८] फिलिपिन्सको भ्रमण पूरा गरेर स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै ।

नआउँदै विरोध गर्नुलाई उहाँले 'आक्रामक शैली' को संज्ञा दिनुभयो र अदालतप्रति सबै प्रतिबद्ध हुनुपर्ने धारणा पनि राख्नुभयो । जुनसुकै विषयमा अदालतले गरेका आदेशलाई सबै पक्षले पालना गरेर न्यायिक अनुशासन पालना गर्नुपर्ने उहाँको भनाइ थियो ।

कात्तिक २५ को अदालती आदेशले रेडियो समाचारमाथि बन्देज लगाउन सरकारलाई बाटो खुला भएको अवस्थामा कानुनी लडाईको अर्को निर्णायक घडी आइपुग्यो । कात्तिक २ गते सूचना तथा सञ्चार मन्त्रालयले सञ्चार अध्यादेश लागू गर्ने उद्देश्यले जारी गरेको सूचनाका विरुद्ध अधिवक्ता तुलसीराम निरौलाले कात्तिक ११ गते सर्वोच्च अदालतमा रिट निवेदन दिनुभएको थियो । उक्त सूचनामा अध्यादेशको व्यवस्थाअनुसार फ्रिक्वेन्सी मोडुलेसन प्रसारण संस्थाबाट समाचारमूलक कार्यक्रम प्रसारण नगर्न नगराउन र गरे गराएमा राष्ट्रिय प्रसारण ऐन २०४९ बमोजिम कारवाही व्यहोर्न चेतावनी दिइएको थियो । निरौलाले भने राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा १६ मा सबै प्रसारण संस्थाहरूले बाध्यात्मक रूपमा समाचार प्रसारण गर्नुपर्ने व्यवस्था भएकोमा जोड दिँदै सरकारले समाचार प्रसारणमा लगाएको बन्देज फुकाउन माग गर्नुभएको थियो ।

यो रिट निवेदनमाथि मङ्सिर १५ गते सुनुवाइ गर्दै सर्वोच्च अदालतले सूचना तथा सञ्चार मन्त्रालयको उक्त सूचना कार्यान्वयन नगर्नू नगराउनू भनी सरकारका नाममा अन्तरिम आदेश जारी गर्‍यो र एफएम रेडियोहरूबाट समाचार प्रसारणका लागि बाटो खोलिदियो । प्रधानन्यायाधीश दिलीपकुमार पौडेल फिलिपिन्स भ्रमणमा रहनुभएको बेला कायममुकायम प्रधानन्यायाधीशको हैसियतले वरिष्ठतम न्यायाधीश केदारप्रसाद गिरीले तोकेका न्यायाधीशहरू मीनबहादुर रायमाझी र अनुपराज शर्माको संयुक्त इजलासले जारी गरेको आदेशमा भनिएको थियो–

> राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १६ ले प्रसारकको काम, कर्तव्य र अधिकार तोकेको र दफा १६ (क) ले आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यताबारे आवश्यक छानबिन गरी निर्धारित समयमा प्रसारित गराउने भन्नेसमेत व्यवस्था गरेको देखिन्छ । राष्ट्रिय प्रसारण ऐन २०४९ को प्रस्तावनाले पनि नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूति गरिएको जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई सम्बर्द्धन गर्ने उद्देश्य राखेको पाइयो । राष्ट्रिय प्रसारण ऐन २०४९ को प्रस्तावना र दफा ५, १६ को व्यवस्था तथा नेपाल अधिराज्यको संविधानको धारा १६ लाई मध्यनजर राख्दा समाचारमूलक कार्यक्रम प्रसारण गर्ने कार्यबाट तत्काल श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयलाई असर पर्न जाने अवस्था नदेखिएको हुँदा यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयको ०६२।७२ को सूचना कार्यान्वयन नगर्नू नगराउनू भन्ने विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिएको छ ।

यो रिटमा अधिवक्ताहरू सुवास नेम्वाङ र सतीशकृष्ण खरेलले बहस गर्नुभएको थियो । कानुनी लडाईंका सबै ढोका बन्द भइसकेको जस्तो देखिएको त्यो बेला जारी भएको यो अन्तरिम आदेशले नेपालका स्वतन्त्र रेडियोहरूलाई पुनर्जीवन नै दिएको जस्तो भयो ।[५९] उक्त आदेशका मुख्य विशेषताहरूलाई बुँदागत रूपमा यसरी हेर्न सकिन्छ–

- राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १६ ले प्रसारकको काम, कर्तव्य र अधिकार तोकेको र दफा १६ (क) ले आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यताबारे आवश्यक छानबिन गरी निर्धारित समयमा प्रसारित गराउने भन्नेसमेत व्यवस्था गरेको कुरा छर्लङ्ग पारी अदालतले समाचार प्रसारण गर्नु एफएम रेडियो प्रसारकहरूको कानुनी कर्तव्य भएको व्याख्या गर्‍यो ।
- राष्ट्रिय प्रसारण ऐन २०४९ को प्रस्तावनाले पनि नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूति गरिएको जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई सम्बर्द्धन गर्ने उद्देश्य राखेको कुरा उल्लेख गरेर आदेशले रेडियोहरूले समाचार प्रसारण गर्नु संवैधानिक अधिकारसँग जोडिएको विषय हो भन्ने कुरामा जोड दियो ।
- 'राष्ट्रिय प्रसारण ऐन २०४९ को प्रस्तावना र दफा ५, १६ को व्यवस्था तथा नेपाल अधिराज्यको संविधानको धारा १६ लाई मध्यनजर राख्दा समाचारमूलक कार्यक्रम प्रसारण गर्ने कार्यबाट तत्काल श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालयलाई असर पर्न जाने अवस्था नदेखिएको' भनेर सर्वोच्च अदालतले बरु समाचार प्रसारण नहुँदा जनतालाई अपूरणीय क्षति हुने कुरालाई आफ्नो आदेशमा अँगाल्यो ।
- समाचार प्रसारण गर्नु प्रसारकको बाध्यकारी कर्तव्य भएको भनेर अदालतले आदेश जारी गरिसकेकाले समाचार प्रसारण नगर्दा चाहिँ अदालतको अवहेलना हुने भयो ।
- सरकारको 'सूचनामूलक कार्यक्रम मात्रै प्रसारण गर्ने' सूचना कार्यान्वयन नगर्न दिएको आदेशले सरकारले समाचार प्रसारण गरेका भरमा कुनै अंकुश लगाउन नसक्ने अवस्था उत्पन्न भयो । केही गरी सरकारले कारवाही गरेमा अदालतबाट त्यसको उपचार पाउने कुराको प्रत्याभूति पनि भयो ।

[५९] उक्त मुद्दा २०६३ फागुनको मध्यसम्म अदालतमा विचाराधीन थियो ।

दूरगामी महत्त्वको यस आदेशले जनताको अभिव्यक्ति र सूचनाको हकको प्रतिरक्षा भएको भनेर स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले सन्तोष प्रकट गर्‍यो । नेपाल पत्रकार महासंघले यो आदेशपछि न्यायालयबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकका पक्षमा संरक्षकको भूमिका निर्वाह हुने विश्वास व्यक्त गर्‍यो ।[६०] ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालले अदालतको आदेशले सरकारको निरंकुशता उदाङ्गो पारिदिएको र स्वतन्त्र रेडियोहरूको अन्योल समाप्त पारिदिएको महसुस गर्‍यो ।[६१]

*नेपाल एफएम*ले अन्तरिम आदेश जारी हुने बित्तिकै दिउँसो १:५० बजे सर्वोच्च अदालत परिसरबाटै प्रत्यक्ष समाचार प्रसारण गरेर अदालतको आदेशको कार्यान्वयन गरेको थियो (बस्नेत २०६२क) । यद्यपि यो एफएमले असार २३ गतेदेखि नै समाचार प्रसारणलाई निरन्तरता दिँदै आएको थियो । *कान्तिपुर एफएम*ले समेत उक्त निर्णयको लगत्तै विज्ञप्ति निकालेर अपराह्न ३ बजेबाटै आफ्नो प्रसारण *कान्तिपुर डायरी* पुनः सुरु गर्‍यो । अरू कतिपय स्वतन्त्र रेडियोहरूले पनि समाचार प्रसारण पुनः आरम्भ गरे ।

जतिबेला जनआन्दोलनले उत्कर्ष ग्रहण गर्दै थियो र शाही सत्ताको आयु सकिन हप्ता दिन मात्र बाँकी थियो, त्यति बेला पनि सरकारले सञ्चार जगत्माथि हमला गर्न छोडेको थिएन । २०६२ चैत २१ गतेको मिति राखी *नेपाल राजपत्र*मार्फत २०६३ वैशाख ३ गते अर्को सञ्चार अध्यादेश जारी गरिएको थियो जसका विरुद्ध अधिवक्ताद्वय रविराज भण्डारी र कहरसिंह खडकाले वैशाख ५ गते सर्वोच्चमा रिट निवेदन दायर गरेका थिए । सो अध्यादेश विरुद्ध सञ्चारसम्बन्धी विभिन्न १० ओटा संस्थाहरूका तर्फबाट पनि सर्वोच्च अदालतमा सोही दिन अर्को रिट निवेदन दर्ता भयो ।[६२] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयलाई विपक्षी

---

६० केन्द्रीय कार्यसमितिको २०६२ मङ्सिर १५ र १६ गते धुलिखेलमा बसेको बैठकले गरेको निर्णय ।

६१ महासचिव विष्णुहरि ढकालद्वारा २०६२ मङ्सिर १५ गते जारी गरिएको प्रेस विज्ञप्ति ।

६२ रिट निवेदकहरू :- फ्रीडम फोरमका अध्यक्ष तारानाथ दाहाल, साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सन्जालका अध्यक्ष कविर राणा, स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका प्रवक्ता घमराज लुइँटेल, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालका महासचिव विष्णुहरि ढकाल, अनलाइन मिडिया एसोसिएसन अफ नेपालका कोषाध्यक्ष रामप्रसाद दाहाल, नेशनल युनियन अफ जर्नालिष्टका अध्यक्ष तेजप्रकाश पण्डित, सामुदायिक रेडियो प्रसारक संघका महासचिव मोहन विष्ट, प्रेस फ्रिडम ग्राण्ड जुरीका सदस्य सचिव प्रदीप घिमिरे, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य केशव सिग्देल, इन्टरनेसनल प्रेस इन्स्टिच्यूट नेपालका अध्यक्ष पदम्सिंह कार्की र अधिवक्ता सन्तोषबाबु सिग्देल ।

बनाइएको यो रिट निवेदनमा गएको असोजमा जारी सञ्चार अध्यादेश सर्वोच्च अदालतमा विचाराधीन रहिरहेको तथा त्यस विषयसँग सम्बन्धित कतिपय गम्भीर कानुनी र संवैधानिक प्रश्नको निरूपण भइनसकेको अवस्थामा समान विषयवस्तु र सूची राखी त्यही विषयमा फेरि अध्यादेश जारी गर्ने सरकारको कार्य प्रथम दृष्टिमै असंवैधानिक तथा गैरकानुनी भएकाले सम्पूर्ण रूपमा खारेज हुनुपर्ने जिकिर गरिएको थियो । यो अध्यादेश नेपाल अधिराज्यको संविधानको धारा ११, १२, १४, १६, १७, १८, २२ र ७२ र नेपालद्वारा हस्ताक्षरित विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा अभिसन्धिसँग बाझिएको कुरा पनि रिट निवेदनमा उल्लेख गरिएको थियो । निवेदकहरूले मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म विवादित सञ्चार अध्यादेश कार्यान्वयन नगर्नू, नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गर्न समेत अदालतसँग माग गरेका थिए ।[६३]

## स्वतन्त्रताका लागि संवाद

सुरुका दिनमा सरकारले रेडियोकर्मीहरूको मुद्दा र आन्दोलनलाई वास्ता गरेको थिएन । ऊ कुरा गर्न त के, सुन्न पनि चाहँदैनथ्यो । तर आन्दोलनको वेग बढ्दै गएपछि वार्ताको प्रस्ताव अघि सार्न सरकार बाध्य भएको थियो । प्रमुख राजनीतिक दलहरूले बहिष्कार गरेको शाही सरकारलाई नेपाल पत्रकार महासंघले समेत बहिष्कार गरेको थियो । यद्यपि महासंघका नेताहरूले महासंघका माग तथा पत्रकारहरूको समस्याप्रति सरकारले चासो नदेखाएको र यसतर्फ चासो देखाएमा महासंघ वार्ताका लागि तयार रहेको बताएका थिए ।[६४] रेडियोको अधिकार र स्वतन्त्रतालाई आन्दोलनको विषय बनाइरहेका रेडियोकर्मीहरूको वार्तामा विश्वास छँदै थियो ।

दोस्रो चरणको आन्दोलनका क्रममा देशभरिका स्वतन्त्र रेडियोहरूले सरकारी आदेशको अवज्ञा गर्दै २०६२ जेठ ३० गते राजाको दोहा भ्रमणको समाचार प्रसारण गर्ने निर्णय गरे । राजाकै समाचार प्रसारण गर्ने यो निर्णयबाट राजाको सरकार अलमल्ल पर्‍यो । त्यही सिलसिलामा सूचना तथा सञ्चार मन्त्रालयले

---

[६३] २०६३ जेठ १८ गते न्यायाधीशहरू बलराम केसी, राजेन्द्रकुमार भण्डारी र कल्याण श्रेष्ठको विशेष इजलासले यी दुवै रिट निवेदन खारेज गर्‍यो । २०६३ वैशाख २६ गतेको मन्त्रिपरिषद्को बैठकले सञ्चार अध्यादेश खारेज गरिसकेको र त्यसपछि रिट निवेदन निष्प्रयोजित भइसकेको हुँदा थप कारवाही अगाडि बढाउनु नपर्ने ठानी रिट निवेदन खारेज गरिएको अदालतको आदेशमा लेखिएको छ ।

[६४] रिपोर्टर्स क्लबले २०६२ साउन २६ गते आयोजना गरेको छलफल कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका उपसभापति शिव गाउँले (अन्नपूर्ण पोष्ट २०६२च) ।

रेडियोकर्मीहरूसँग वार्ताको प्रस्ताव अघि सार्‍यो । त्यसो त सरकारलाई वार्ता गरेर समस्याको समाधान निकाल्ने दबाब त्यसअघिदेखि नै परिरहेको थियो । पत्रपत्रिकाका साथै सरकारकै पनि कतिपय मान्छेहरू रेडियोकर्मी र सरकारका बीचमा वार्ता भएर समस्याको समाधान भएको देख्न चाहन्थे । *द काठमाण्डु पोष्ट* दैनिकले जेठ २७ गते सम्पादकीय लेखेर यस्तो सुझाव दिएको थियो–

> सरकारले रेडियोमाथिको आक्रमण रोक भन्ने पत्रकारहरूको वैधानिक आवाजलाई जति बेवास्ता गर्छ, त्यति नै जनतालाई यो छर्लङ्ग हुन्छ कि सरकार प्रजातन्त्र अपहरण गरेर जनतामाथि अधिनायकवादी शासन लाद्न खोजिरहेको छ । हामी सरकारलाई गम्भीरतापूर्वक के सुझाव दिन चाहन्छौँ भने यस्तो जुनै पनि कदम उसका लागि राजनीतिक आत्महत्या सिवाय केही हुनेछैन (द काठमाण्डु पोष्ट २००५डी) ।

शाही सरकारनजिक मानिएका पत्रपत्रिकाले पनि आन्दोलनको राप र ताप बढ्दै गएपछि वार्ता गर्न सरकारलाई सल्लाह दिएका थिए । त्यस्तैमध्ये *नवरस* साप्ताहिकले छापेको एक समाचार टिप्पणी–

> सामुदायिक, विकास, निर्माण, मनोरञ्जन जस्ता विषयमा समाचार सम्प्रेषण अनुमति दिँदा सरकारले स्यावासी पाउने छ । यो काम गर्नबाट सरकार पछि हट्नु हुँदैन । राजनीतिक विषयमा समाचार सम्प्रेषण गर्न नपाउने गरी अन्य विषयका समाचारको लागि अनुमति दिनु उपयुक्त हुनेछ ।
>
> एफएम रेडियोहरूले पनि वर्तमान परिस्थितिलाई स्वीकार गरेर आतंकवादलाई प्रश्रय नहुने गरी समाचार भन्न पाउनुपर्ने माग राख्दा सरकारलाई पूरा गर्न सजिलो पर्नेछ । दुवै पक्ष आ-आफ्नै अडानमा रहने हो भने समस्या ज्यूँका त्यूँ रहन्छ (नवरस २०६२) ।

यसैबीच सरकारले २०६२ जेठ ३० गते वार्ताका लागि आमन्त्रण गरेर आन्दोलनकारीहरूलाई एउटा पत्र पठायो । यसका लागि देवेन्द्र चुडाल र चिरञ्जीवी खनालले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । सरकारी छाप नभएको र कसैको हस्ताक्षर पनि नरहेको त्यो पत्र नेपाल प्रेस इन्स्टिच्यूटमा सूचना तथा सञ्चार मन्त्रालयबाट फ्याक्समार्फत पठाइएको थियो । आधिकारिकताका लागि भोलिपल्ट देवेन्द्र चुडालमार्फत रीतपूर्वकको पत्र मगाइएको थियो । पत्र प्राप्त भएपछि सरकारसँग अनौपचारिक वार्ताका आधारमा राजाको दोहा भ्रमणसम्बन्धी समाचार प्रसारणको कार्यक्रम स्थगित गर्न स्वतन्त्र रेडियो बचाऊ आन्दोलनसँग सम्बद्ध व्यक्तिहरू तयार भए । त्यो साँझ ढिलोसम्म बैठक गरेर उनीहरूले काठमाडौँका सबै एफएम स्टेसनलाई समाचार प्रसारण गर्नबाट रोके । काठमाडौँबाहिर तयार भएर बसिसकेका रेडियोहरूले भने समाचार प्रसारण गरे ।

रेडियोकर्मीहरूले असार १ गतेका लागि सरकारले बोलाएको वार्तामा उसले देखाउने रवैयाका आधारमा भावी आन्दोलनको कार्यक्रम तय हुने बताए । वार्ताबाट समस्या समाधान खोज्न सरकार तयार रहेको जनाउँदै सूचना तथा सञ्चार मन्त्रालयले विज्ञप्ति समेत निकालेपछि समाचार प्रसारण गर्ने कार्यक्रम स्थगित गरिएको थियो । आन्दोलनका प्रवक्ता घमराज लुईंटेलका अनुसार सरकारले एफएम स्टेसनका समस्या समाधान गर्न वार्ताका लागि आह्वान गर्दै आन्दोलन स्थगित गर्न औपचारिक निमन्त्रणा गरेकाले थप आन्दोलन गर्ने बाटाहरू खुला राखी एक दिनका लागि भनेर कार्यक्रम स्थगित गरिएको थियो । "स्वतन्त्र रेडियोहरू वार्ताविरोधी नभएको हुँदा सरकारले वार्तामा देखाउने रवैयाका आधारमा अन्य कार्यक्रम निर्धारण गर्दै थप आन्दोलनमा जाने बाटो खुलै राखी पूर्वनिर्धारित कार्यक्रम स्थगन गर्ने निर्णय आन्दोलन केन्द्रीय संघर्ष समितिको आपतकालीन बैठकले गरेको छ", उहाँले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको थियो । उहाँले सरकार वार्तामा इमान्दारीपूर्वक नआए चलिरहेको आन्दोलनभन्दा कडा आन्दोलनका कार्यक्रम ल्याइने चेतावनी पनि दिनुभएको थियो । मन्त्रालयले रेडियो आन्दोलनकारीहरूलाई पठाएको पत्रमा भनिएको थियो– "नेपाल अधिराज्यका एफएम रेडियोका समस्याबारे सरकार वार्ताद्वारा समाधान गर्न आह्वान गर्दै हाल सञ्चालन भइरहेका एफएम रेडियोको आन्दोलनसमेत स्थगित गर्न अनुरोध गर्दछ ।"

तर, जतिबेला आन्दोलन स्थगित गर्ने निर्णय लिइँदै थियो, त्यति नै बेला आधा दर्जन रेडियो पत्रकारसहित ४८ जना पत्रकारलाई सरकारले रत्नपार्कबाट र ५२ जनालाई बनेपाबाट समातेर थुनेको थियो । यसले आन्दोलनकारी सञ्चारकर्मीहरूका बीचमा ठूलो आशंका र भ्रम पैदा गरिदियो । यो वास्तवमा सरकारको सफलता थियो भने रेडियो बचाऊ आन्दोलनकै सल्लाहकार सुरेश आचार्यको भनाइमा 'सरकारप्रति विश्वास गरेर उसका कुरा पत्याउनुको प्रतिफल' थियो । जेठ ३१ गतेका अखबारमा यसको छायाँ देखा पऱ्यो ।[६५] त्यस दिन वार्ता गर्नका लागि सम्भावित एजेन्डा राखेर सरकारले पठाएको पत्रलाई नै साँझ सरकारी सञ्चारमाध्यमबाट 'सहमति भएको' भनेर प्रचार गरियो । यसले स्वतन्त्र रेडियोको अधिकारका लागि संघर्षरत अरू संस्था तथा व्यक्तिहरूलाई पनि चिन्तित तुल्यायो । त्यसैको परिणाम थियो- नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यसमितिको चितवन

[६५] त्यस दिनको *कान्तिपुर*मा लेखिएको थियो : पत्रकारहरूले काठमाडौँमा प्रदर्शन गरिरहेका र काभ्रेमा समेत ५० भन्दा बढी गिरफ्तार भएका बेला आन्दोलन फिर्ता लिनु धोका भएको स्वतन्त्र रेडियो पत्रकार संघर्ष समितिका संयोजक विनोद ढुङ्गेलले प्रतिक्रिया दिनुभएको छ । 'यसरी आन्दोलन फिर्ता लिनु दुर्भाग्यपूर्ण छ', उहाँले भन्नुभयो– 'यसले आन्दोलन कमजोर पारी राज्यलाई सहयोग पुऱ्याएको छ' (कान्तिपुर २०६२त) ।

बैठकको निर्णय । बैठकले 'समाचार र सूचना प्रसारणको निम्ति रेडियोकर्मीद्वारा चालू आन्दोलनलाई पूर्ण सफलताको बिन्दुमा पुऱ्याउन महासंघको तर्फबाट पूर्ण ऐक्यबद्धता प्रकट गर्दै आन्दोलनकर्मी मित्रहरूलाई अधिकार प्राप्तिको आन्दोलनबाट विचलित नहुन आग्रह' गरेको थियो ।

सरकारसँगको अनौपचारिक वार्तापछि जेठ ३० गते एक दिनका लागि मात्र आन्दोलनको कार्यक्रम स्थगित गरिएको थियो । तर सरकारले सम्पूर्ण सरकारी सञ्चारमाध्यममार्फत आन्दोलन नै फिर्ता लिएको भन्ने भ्रम पैदा गर्न खोजेको थियो । *राष्ट्रिय समाचार समिति*मार्फत प्रवाह गरिएको समाचार यस्तो थियो–

> काठमाडौँ जेठ ३० । सूचना तथा सञ्चार मन्त्रालयले सञ्चारकर्मीहरूले विभिन्न माग राखी गर्दै आएको विरोध कार्यक्रम स्थगित गरिएकोमा स्वागत गरेको छ । मन्त्रालयले एफएम रेडियोका समस्याका बारेमा आपसी छलफलद्वारा समाधान गर्न सरकार तयार रहेको जनाएको छ ।
>
> यसअघि स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले एक विज्ञप्ति प्रकाशित गरी श्री ५ को सरकारले नेपाल अधिराज्यका एफएम स्टेसनहरूका समस्याबारे वार्ता गर्न आह्वान गर्दै हाल भइरहेको एफएम रेडियोको आन्दोलन स्थगित गरी वार्ता गर्न औपचारिक रूपमा निमन्त्रणा गरेको जनाउँदै आजका लागि पूर्व निर्धारित विरोध कार्यक्रम स्थगन गर्ने निर्णय गरेको जनाएको थियो रखापत्र २०६२ट) ।

यसपछि स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिले सरकारको निन्दा एवं भर्त्सना नै गर्ने स्थिति आयो । त्यसपछि जेठ ३१ गते आन्दोलनले घोषणा गऱ्यो- हरेक साँझ ८ बजे श्री ५ को दोहा भ्रमणसम्बन्धी समाचार लगातार प्रसारण गरिरहने ।

आन्दोलनले सरकारको षड्यन्त्रलाई परास्त गर्दै संघर्षलाई थप सुदृढ बनाइने प्रतिबद्धता पनि व्यक्त गऱ्यो । रेडियोकर्मीहरू वार्ताबाट समाधान खोज्ने कुरामा सधैँ सकारात्मक रहेको जनाउँदै आन्दोलनका तर्फबाट जारी विज्ञप्तिमा सरकारले आफ्नो वचनको पालना नगरी गम्भीर धोखाधडी र बेइमानी प्रदर्शन गरेको आरोप लगाइयो । आन्दोलनभित्र पछि पनि भ्रम र दूरी उत्पन्न नहोस् भनेर पत्रकारहरू हिरासतमा रहेको समयमा कुनै पनि सरकारी निकायसँग वार्ता नहुने प्रस्ट पारियो ।

त्यसपछि सरकारको भनाइ सार्वजनिक भयो । "एफएम प्रसारण संस्थाको व्यवसाय सञ्चालनमा हाल देखापरेका समस्या सम्बन्धमा आज जारी स्वतन्त्र रेडियो बचाऊ आन्दोलनको प्रेस विज्ञप्तिमा श्री ५ को सरकारको ध्यानाकर्षण भएको छ" भन्दै सूचना तथा सञ्चार मन्त्रालयले जेठ ३१ गते प्रकाशित गरेको

विज्ञप्तिमा "यस्ता समस्या वार्ताको माध्यमबाट समाधान गर्ने सम्बन्धमा वार्ताका लागि आह्वान पनि गरिसकिएको र यस विषयमा वार्ताबाटै समस्याको समाधान गर्नेतर्फ सरकारको सकारात्मक सोचाइ रहेको" उल्लेख गरेको थियो (गोरखापत्र २०६२ट) । तर, त्यसै दिन सोही मन्त्रालयले एफएम प्रसारण संस्था वा व्यक्तिले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम वा सामग्रीबाहेक अन्य समाचारमूलक कार्यक्रम वा सामग्री प्रसारण गर्न रोक लगाउने गरी सर्त तोकिदिएको सूचना निकालेको थियो । कसैले सर्तविपरीत प्रसारण गरे, गराइएको पाइएमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८[६६] बमोजिम इजाजतपत्र रद्द तथा दफा १७ बमोजिम सजायसमेत हुने व्यहोराको जानकारी गराएको थियो । त्यति मात्र नभएर सरकारले प्रचलित कानुन, इजाजत पत्रका सर्त, समय समयमा कानुनबमोजिम जारी गरिएका सूचना एवं निर्देशनको परिधिभित्र रही समाचारमूलक कार्यक्रम वा सामग्री प्रसारण गर्ने गराउने विषयमा सदा झैँ प्रेस जगत् र यस्ता संस्थालाई पुऱ्याउनुपर्ने सहयोग र मद्दत गर्न श्री ५ को सरकार तयार रहेको पनि मन्त्रालयले बतायो । यसरी सरकारले एक साथ वार्ता, धम्की र प्रलोभन पस्किरहेको थियो ।

जेठ ३१ गते बेलुका १६ ओटा एफएम रेडियोले राजाको दोहा भ्रमणसम्बन्धी समाचार प्रसारण गरेर सरकारी धोकालाई चुनौती दिए । त्यसपछि सरकारले वार्ताका लागि थप आतुरता प्रदर्शन गऱ्यो । यसैको फलस्वरूप रेडियोकर्मीहरूले पनि असार २ गते एउटा वार्ता समिति नै गठन गरे ।[६७]

त्यसै दिनबाट सरकारसँग औपचारिक रूपमा वार्ताको थालनी भयो । सरकारका तर्फबाट सञ्चार सचिव लोकमानसिंह कार्की र कानुन अधिकृत अम्बरराज पौडेल वार्तामा सामेल हुनुभयो । यो वार्तामा दुवै पक्षले आ-आफ्ना धारणा राखे । एफएम रेडियोको अवधारणा, स्वतन्त्रता र सरकारले यसलाई कसरी लिएको छ भनी दुवै पक्षका धारणा राख्नमै वार्ता सीमित भयो । खास गरी एफएम रेडियोबाट समाचार प्रसारण गर्ने कुरामा सरकारी प्रतिनिधिहरू अलिकति पनि लचिलो भएनन् । उनीहरूले संसारमा कतै पनि एफएम रेडियोबाट समाचार प्रसारण हुने नगरेको दलिल पेश गरिरहे भने रेडियोकर्मीहरूले तर्कसङ्गत तथा तथ्यपरक ढंगले त्यसको खण्डन गरे ।

---

[६६] राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ को उपदफा (१) मा कुनै प्रसारण संस्थाले सो ऐन वा ऐनअन्तर्गत बनेको नियमको विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा श्री ५ को सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजत पत्र रद्द गर्नसक्ने व्यवस्था छ भने इजाजतपत्र रद्द गर्नुअघि श्री ५ को सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाई पेश गर्न मनासिव मौका दिनुपर्ने व्यवस्था उपदफा (२) मा रहेको छ ।

[६७] स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका संयोजक रघु मैनालीको संयोजकत्वमा गठित ५ सदस्यीय वार्ता समितिका सदस्यहरू घमराज लुइँटेल, भरत शाक्य, विष्णुहरि ढकाल र विनोद ढुङ्गेल ।

संविधान, ऐन, नियम, अदालतका फैसला र अन्तर्राष्ट्रिय प्रचलनका कुरामा रेडियोकर्मीहरू पूर्ण विश्वासका साथ प्रस्तुत भएका थिए । यतिसम्म कि विश्वभरिका तमाम रेडियो स्टेसनबाट समाचार प्रसारण गरिने गरेका इमेलहरू पठाउन लगाएर प्राथमिक तथ्यांक नै प्रस्तुत गर्नसकिने दृढतासमेत उनीहरूले प्रकट गरे ।

दोस्रो वार्ता असार ५ गते भयो । यो वार्ता करीब १५ मिनेट मात्र चल्यो । सरकारी वार्ता टोलीका प्रमुख त्यस दिन वार्ता गर्ने मनस्थितिमा देखा पर्नुभएको थिएन । उहाँ आफन्तको विवाह उत्सवमा जानका लागि आतुर हुनुहुन्थ्यो । त्यति छोटो समयमा पनि उहाँले 'समाचारबाहेकका सबै कुरामा छलफल गर्न सकिने' बताएर सरकारी मनस्थितिको परिचय मात्र दिनुभएन समाचारका विषयमा कुरै नगर्ने अभिव्यक्तिसमेत दिनुभयो । उहाँको भनाइ थियो– "तपाईंहरू मलाई रूढ भन्नुस्, एकोहोरो भन्नुस्, ढिपी गरेको भन्नुस्, हठी भन्नुस् वा जेसुकै भन्नुस्; म समाचार दिन सक्दिनँ, अरू विषयमा कुरा गरौं ।" उहाँको यो रायमा अलिकति पनि लचक नभएको अवस्थाले वार्तालाई अघि बढाउनुको तुक नै नभएको जस्तो देखिंदै थियो । तैपनि अर्को बैठकमा दुवै तर्फबाट लिखित एजेण्डा प्रस्तुत गर्ने सहमति गरेर त्यस दिनको संक्षिप्त वार्ता सकियो ।

अर्को वार्ता असार ८ गते गर्ने भनिएकोमा सरकारी पक्षले समय नदिएका कारण हुन सकेन । त्यसपछि स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले आयोजना गरेको प्रसारकहरूको राष्ट्रिय भेला हुन लागेकाले रेडियोकर्मीहरूलाई वार्तामा बस्ने फुर्सद थिएन । फलतः असार १९ गते सरकारसँग तेस्रो वार्ता भयो । त्यस दिन भएको वार्तामा स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका तर्फबाट स्वतन्त्र रेडियोसम्बन्धी आफ्नो लिखित अवधारणा प्रस्तुत गरियो (उक्त अवधारणा अनुसूची ४ मा छ) ।

यसरी वार्ताका लागि पेश गरिएका विषयहरूमा समाचार प्रसारण, विज्ञापनमाथिको नाकाबन्दी फिर्ता, नवीकरण शुल्क मिनाहा, जगेडा ट्रान्समिटरमा लगाइएको रोक, नियमन निकाय र रेडियो पत्रकारहरूको पेशागत अधिकार संरक्षण तथा परिचयपत्रको नियमितता सम्बन्धी विषयहरू समावेश गरिएका थिए । सरकारले पनि वार्तामा आफ्ना तर्फबाट लिखित एजेण्डा प्रस्तुत गर्‍यो । त्यसअघि सरकारले मध्यस्थकर्तामार्फत आफ्ना एजेण्डाहरू लिखित रूपमा पठाएको थियो । छलफलका लागि पठाइएको त्यो एजेण्डामा सूचनामूलक गतिविधि प्रसारण गर्न पाउने विषय क्षेत्र उल्लेख गरिएको थियो । त्यसै गरी रेडियोको इजाजतपत्र नवीकरणमा छुट दिने व्यवस्थाको प्रस्ताव गरिएको थियो । सरकारी प्रस्तावअनुसार, २० देखि १०० वाटसम्मका रेडियोलाई ८० प्रतिशत, १०१ देखि ५०० सम्मकालाई ७५ प्रतिशत, ५०१ देखि १००० वाटसम्मका रेडियोलाई ४० र त्यसभन्दा माथिका जतिसुकै भए पनि १०

प्रतिशत छुट दिइने थियो। यसलाई अनौपचारिक छलफलका आधारमा केही बढाइएको थियो, जसलाई पछिल्लो सरकारी प्रस्तावमा हेर्न सकिन्छ।

यसपछि सरकारी पक्षका कारण वार्तामा गतिरोध उत्पन्न भयो। समाचार र विचार प्रसारण गर्न नदिने सरकारी अडान र त्यसको सट्टामा देखाएको आर्थिक प्रलोभनका कारण वार्ता अवरुद्ध हुन पुगेको थियो। सरकारसँग हुनलागेको सहमतिको सुरुमा 'समाचार तथा समाचारमूलक कार्यक्रमका विषयमा वार्ता र संवादलाई जारी राख्दै' सरकार र रेडियोकर्मीबीच सहमति भएको उल्लेख गर्ने कुरामा सरकारले सहमति जनाएन। त्यसपछि 'समाचार तथा समाचारमूलक कार्यक्रमका विषयमा रहेका असहमति कायम राख्दै' भन्ने प्रस्ताव पनि राखिएको थियो। सरकार भने त्यसमा पनि लचिलो हुन चाहेन। संविधान, कानुन र सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्तलाई लत्याएर सरकारसँग सम्झौता गर्नु न उचित थियो, न त सम्भव नै। सरकारले भने समाचार र विचार छोडेर नवीकरण शुल्क मिनाहा गर्ने कुरामा सहमति जनाउने भए वार्ता हुने नत्र नहुने खबर आफ्नो सम्पर्क सूत्रमार्फत असार २८ गते दिउँसो रेडियो वार्ता टोलीलाई पठायो। यसपछि वार्ता अवरुद्ध हुनुको विकल्प थिएन।

सरकारले नेपाली नागरिकको मौलिक हकको रूपमा रहेको सूचना र समाचारको हकको सट्टामा स्पष्ट रूपमा इजाजत नवीकरण शुल्क छुटको प्रलोभन देखाएको थियो। तर, सरकारले देखाएको सो प्रलोभन स्वीकारेर सम्झौता गर्ने अधिकार स्वतन्त्र रेडियो बचाऊ आन्दोलन केन्द्रीय संघर्ष समितिलाई नरहेका कारण सरकार र आन्दोलनरत रेडियोहरूबीच सहमति हुन नसकेको जानकारी संघर्ष समितिले सार्वजनिक गर्‍यो। त्यसलाई आत्मसात् गर्दै सबै रेडियो स्टेसनहरूले छुटको लोभ नगरी जो लाग्ने शुल्क हो, तिरेर नवीकरण गर्ने भए। संघर्ष समितिले यो पनि भन्यो– "आफूले सरकारसमक्ष बुझाएका एजेन्डाहरूमा वार्ता गर्न बोलाएको खण्डमा सरकारसँग कुनै पनि बेला वार्ता गर्न संघर्ष समिति तयार रहेको छ।" तर, रेडियोको अधिकारलाई निषेध गर्ने सरकार र स्वतन्त्रताप्रेमी रेडियोहरूको फेरि वार्तामा बस्ने दिन दोहोरिएर आएन।

त्यसपछि स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिले चौथो चरणको आन्दोलनमा जाने अठोट गर्‍यो। समितिको काठमाडौँमा बसेको समीक्षात्मक बैठकले वार्ताको ढोका खुलै राखी आन्दोलनका थप कडा कार्यक्रम अघि ल्याउने निर्णय गरेको थियो। बैठकले आन्दोलनको विकल्प नदेखिएको ठहरसहित पहिले विभिन्न पेशा र वर्गका व्यक्ति तथा संघ संस्थाहरूसँग बृहत् अन्तर्क्रिया गर्ने र त्यसका आधारमा नयाँ कार्यक्रम घोषणा गर्ने निर्णय गर्‍यो।